

# ५ वर्षे शिक्षा योजना

## स्वामीकार्तिक खापर गाउँपालिका

# स्वामीकार्तिक खापर गाउँपालिका

## ५ वर्षे शिक्षा योजना

आर्थिक वर्ष

२०८१/०८२

**संरक्षक** :- श्री भरत बहादुर रोकाया

**योजना निर्माण कार्यदल**

१. श्री भरत बहादुर रोकाया - संयोजक
२. श्री प्रेम बहादुर कटेल - सदस्य
३. प्रमुख प्रशासकिय अधिकृत - सदस्य
४. श्री पुष्प बहादुर शाही - सदस्य
५. श्री हिक्मत थापा - सदस्य
६. श्री नवराज कटेल - सदस्य
७. हंस बहादुर बुढा - सदस्य
८. श्री दिर्घ बहादुर वि.क. - सदस्य
९. गगन बहादुर शाही - सदस्य
१०. श्री नामसरा शाही - सदस्य
११. श्री भानुभक्त भट्ट - सदस्य सचिव

**सम्पादन** :- श्री भानुभक्त भट्ट

**प्रकाशक** :- स्वामीकार्तिक खापर गाउँपालिका सर्वाधिकार

# मन्तव्य



नेपालको सुदूरपश्चिम प्रदेश, बाजुरा जिल्लामा पर्ने एक दुर्गम क्षेत्रको रुपमा स्वामीकार्तिक खापर गाउँपालिका रहेको छ । कुल ११०.५५ वर्ग कि मि क्षेत्रफलमा फैलिएको छ । यो गाउँपालिकामा साविकको वाई, जुकोट र साप्पाटा गाउँ विकास समितिहरुलाई मिलाएर वि.सं. २०७३ सालमा पुनसंरचना गरिएको र त्यसको केन्द्र सुईजिउलामा निर्धारण गरिएको छ । कर्णाली प्रदेशको कालिकोट र मुगु जिल्लालाई जोडने पुलको रुपमा यस पालिकालाई मानिएको छ । कुल ५ वटा वडामा विभाजन गरिएको यस गाउँपालिकामा मुख्य गरी आफ्नो बजार क्षेत्रहरु छैनन् । यो गाउँपालिका बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय र विविधतायुक्त गाउँपालिका हो । हालको नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहका आफ्नो अधिकार र कार्यक्षेत्रहरु तोकेको छ । यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ कार्यान्वयनमा छ । जसमा स्थानीय तहले शिक्षा सम्बन्धी २३ वटा कार्यहरु सम्पादन गर्न पाइने प्रावधान रहेको छ । त्यसैले स्थानीय तहमा सञ्चालित विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामुलक पहुँच, गुणस्तरीय शिक्षा, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन आदि सुनिश्चिताको लागि स्थानीय तहले उपलब्ध स्रोत साधन, भौतिक, वित्तीय र मानवीय को अधिकतम परिचालन गर्नुपर्ने वास्तविकतालाई मध्यनजर गर्दै गाउँपालिकाले ५ वर्षे गाउँ शिक्षा योजना (२०८१-८५) निर्माण गरी कार्यान्वयनमा ल्याउन लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ । कुनै पनि ठाउँको समग्र विकासमा शिक्षाको विकास भनेको आधारभूत आवश्यकता हो । यस महत्वपूर्ण विषयबस्तुलाई आत्मसात गरी उपलब्ध ऐन, कानुन, नीति, नियम तथा अन्य दस्तावेजहरुको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, पञ्च वर्षीय योजनाहरु, विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) तथा विभिन्न ऐन कानुनको परिधिमा रहेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरुसंग चरणवद्ध रुपमा छलफल गरी निर्माण गरिएको यो शैक्षिक योजना गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि महत्वपूर्ण दस्तावेज हुनेछ भन्ने मैले विश्वास लिएको छु । यस गाउँपालिकाको बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक पहिचानलाई मनन गर्दै शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माण कार्यमा सहयोग गर्नुहुने उपाध्यक्ष ज्यू, वडाध्यक्षहरू, शिक्षा शाखा प्रमुख, योजना निर्माण समितिका सदस्यहरु, सिडिसि संस्था, यस गाउँपालिकाका स्रोत शिक्षक लगायत कार्यालयका सम्पुर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद, विज्ञ टोली, प्र.अ., शिक्षक लगायत यस योजनालाई मूर्त रुप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग पुयाउनु हुने सम्पूर्णमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु । अन्त्यमा, यस शैक्षिक योजनामा समावेश विषयवस्तुहरुको कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको सहयोग र सहकार्यको अपेक्षा राख्दै यसको पूर्ण सफलता एवम प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।

भरत बहादुर रोकाया
अध्यक्ष
स्वामीकार्तिक खापर गाउँपालिक

## विषय सूची


| विषयबस्तु | पेज |
|---|---|
| **परिच्छेद-१** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| (क) भौगोलिक अवस्था | १-३ |
| (ख) जनसांख्यिक संरचना | ३-८ |
| (ग) सामाजिक तथा सांस्कृतिक अवस्था | ८-९ |
| (क) सामाजिक अवस्था | ८ |
| (ख) परम्परा र संस्कृति | ८-९ |
| (ग) रैथाने ज्ञान सीप र प्रविधि | ९-१० |
| (घ) आर्थिक आवस्था | १० |
| (ङ) शैक्षिक अवस्था | १०-१४ |
| १.२ मुख्य समस्याहरु | १४-१५ |
| १.३ चुनौतीहरु | १६ |
| १.४ अवसरहरु | १६ |
| **परिच्छेद-२** | **१७** |
| २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार | १७-२० |
| २.२ दूरदृष्टि | २० |
| २.३ लक्ष्य | २० |
| २.४ उद्देश्य | २०-२१ |
| २.५ स्वामीकार्तिक खापर गाउँपालिकाको दीर्घाकालिन रणनितिहरु | २१ |
| २.६ कार्यनीतिहरु | २१-२३ |
| २.७ अपेक्षित उपलब्धी | २४ |
| २.८ मुख्य कार्य सम्पादन सूचक र लक्ष्य निर्धारण | २४-३२ |
| **परिच्छेद-३** | **३३** |
| ३.१ प्रारम्भिक बाल विकास र शिक्षा | ३३ |
| ३.१.१ परिचय | ३३ |
| ३.१.२ वर्तमान अवस्था | ३३ |
| ३.१.३ उद्देश्य | ३३ |
| ३.१.४ रणनितिहरु | ३३-३४ |
| ३.१.५ उपलब्धी, नतिजा | ३४ |
| ३.१.६ नतिजा | ३४-३५ |

| | |
|---|---|
| ३.१.७ प्रमुख क्रियाकलाप र लक्ष्य | ३६-३७ |
| **३.२ आधारभूत शिक्षा** | **३७** |
| ३.२.१ परिचय | ३७ |
| ३.२.२ वर्तमाण अवस्था | ३८ |
| ३.२.३ उद्देश्यहरु | ३८ |
| ३.२.४ रणनितिहरु | ३८-३९ |
| ३.२.५ उपलब्धीहरु | ३९ |
| ३.२.६ नतिजा | ३९-४० |
| ३.२.७ प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण | ४०-४१ |
| **३.३ माध्यमिक शिक्षा** | **४१** |
| ३.३.१ परिचय | ४१ |
| ३.३.२ वर्तमाण अवस्था | ४१-४२ |
| ३.३.३ उद्देश्यहरु | ४२ |
| ३.३.४ रणनितिहरु | ४२ |
| ३.३.५ उपलब्धीहरु | ४२-४३ |
| ३.३.६ नतिजा | ४३ |
| ३.३.७ प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण | ४३-४५ |
| **३.४ प्रविधिक तथा व्यवसायिक शिक्षा** | **४५** |
| ३.४.१ परिचय | ४५ |
| ३.४.२ वर्तमाण अवस्था | ४५ |
| ३.४.३ उद्देश्यहरु | ४६ |
| ३.४.४ रणनितिहरु | ४६ |
| ३.४.५ उपलब्धीहरु, नतिजा | ४६ |
| ३.४.६ प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण | ४६-४८ |
| **३.५ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाई** | **४८** |
| ३.५.१ परिचय | ४८ |
| ३.५.२ वर्तमाण अवस्था | ४८-४९ |
| ३.५.३ उद्देश्यहरु | ४९ |
| ३.५.४ रणनितिहरु | ४९ |
| ३.५.५ उपलब्धीहरु, नतिजा | ४९ |
| ३.५.७ प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण | ५०-५१ |
| **परिच्छेद-४** | **५२** |
| ४.१ पाठ्यक्रम र पाठ्यपुस्तक सिकाई सामग्री तथा मुल्याङ्कन | ५२ |
| ४.१.१ वर्तमान अवस्था | ५२-५३ |

| | |
|---|---|
| ४.१.२ उद्देश्य | ५३ |
| ४.१.३ रणनिति | ५३ |
| ४.१.४ उपलब्धी तथा नतिजा | ५३-५५ |
| ४.१.५ प्रमुख उपलब्धी तथा नतिजा | ५५-५६ |
| ४.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण | ५६ |
| **४.२ शिक्षक व्यवस्थापन र विकास** | **५६-५७** |
| ४.२.१ वर्तमाण अवस्था | ५७ |
| ४.२.१.१ शिक्षण पेशमा आकर्षक र नियुक्ति | ५७ |
| ४.२.१.२ शिक्षण सिकाइ क्रियाकलाप | ५७ |
| ४.२.१.३ शिक्षक पेसागत सहयोग पद्धति | ५८ |
| ४.२.१.४ शिक्षक उत्तरदायित्व | ५८ |
| ४.२.१.५ शिक्षक आपूर्ति र विवरण | ५८-५९ |
| ४.२.२ उद्देश्यहरु | ५९ |
| ४.२.३ रणनितिहरु | ५९ |
| ४.२.४ प्रमुख उपलब्धी तथा नतिजा | ५९-६१ |
| ४.२.५ प्रमुख क्रियाकला र लक्ष्य निर्धारण | ६१ |
| **४.३ शैक्षिक क्षमता/समावेशीका** | **६२** |
| ४.३.१ परिचय | ६२ |
| ४.३.२ वर्तमाण अवस्था | ६२-६३ |
| ४.३.३ अवसर तथा चुनौतीहरु | ६३ |
| ४.३.४ उद्देश्यहरु | ६४ |
| ४.३.५ रणनितिहरु | ६४ |
| ४.३.६ प्रमुख प्राथमिकता क्षेत्र, नतिजा तथा क्रियाकलाप | ६४-६५ |
| **४.४ विद्यालय भौतिक पूर्वाधार विकास** | **६५** |
| ४.४.१ परिचय | ६५-६६ |
| ४.४.२ वर्तमाण अवस्था | ६६ |
| ४.४.३ दिवा खाजा | ६६-६७ |
| ४.४.४ विद्यालय स्वास्थ्य र पोषण | ६७ |
| ४.४.५ सरसफाई र स्वच्छता | ६७-६८ |
| ४.४.६ अवसर तथा चुनौतीहरु | ६८ |
| ४.४.७ उद्देश्यहरु | ६८ |
| ४.४.८ रणनीतिहरु | ६८-६९ |
| ४.४.९ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण | ६९-७१ |

**४.५ विद्यालय सूचना तथा संञ्चार प्रविधि** **७२**
४.५.१ परिचय ७२
४.५.२ वर्तमाण अवस्था ७२-७३
४.५.३ अवसर तथा चुनौतीहरु ७३
४.५.४ उद्देश्यहरु ७३
४.५.५ रणनितिहरु ७३-७४
४.५.६ प्रमुख प्राथमिकता क्षेत्र, नतिजा तथा क्रियाकलाप ७४-७५

**४.६ विद्यालय भौतिक पूर्वाधार विकास** **७५**
४.६.१ परिचय ७५
४.६.२ वर्तमाण अवस्था ७६-७८
४.६.३ उद्देश्यहरु ७९-८०
४.६.४ रणनितिहरु ८०-८२
४.६.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण ८२-८४
४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण ८४

**४.७ विद्यालय भघौतिक पूर्वाधार विकास** **८४**
४.७.१ परिचय ८४-८५
४.७.२ वर्तमाण अवस्था ८५-८६
४.७.३ चुनौती र अवसरहरु ८६-८७
४.७.४ उद्देश्यहरु ८७
४.७.५ रणनितिहरु ८७
४.७.६ उपलब्धि, नतिजा र क्रियाकलाप ८७-८८
४.७.७ प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण ८८-८९

**परिच्छेद-५** **९०**

**परिच्छेद-६** **९०**
**सुशासन तथा व्यबस्थापन** **९०**
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ९०-९१
६.१.१ परिचय ९१
६.१.२ वर्तमान अवस्था ९२
६.१.३ अवसर तथा चुनौतीहरु ९२
६.१.४ उद्देश्य ९३
६.१.५ रणनितिहरु ९३
६.१.६ अपेक्षित उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ९३-९५

**६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** **९५**
६.२.१ वर्तमान अवस्था योजना ९५-९६

६.२.२ उद्देश्यहरु ९६
६.२.३ रणनितिहरु ९६
६.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य ९६-९८

**परिच्छेद-७**
**लगानी र स्रोत व्यवस्थापन ९९**
७.१. परिचयः ९९
७.२ वर्तमान अवस्थाः ९९-१००
७.३ अवसर तथा चुनौतीहरु १००-१०१
७.४ उद्देश्य १०१
७.५ रणनीतिहरु १०१
७.६ स्रोतको अनुमान विश्लेषण र प्रस्तावित बजेट १०१-१०५

**परिच्छेद-८ १०६**
**अनुगमन तथा मूल्याङ्कन १०६**
८.१ परिचय १०६
८.२ वर्तमान अवस्थाः १०६-१०७
८.३ उद्देश्यहरुः १०७
८.४ रणनीतिहरु १०७-१०८

## परिच्छेद १

## परिचय

### १.१ पृष्ठभूमि

नेपालको संविधान २०७२ ले माध्यमिक तह सम्मको शिक्षाको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको हुँदा शिक्षामा सबै नागरिकको पहुँचको सुनिश्चितताका साथै गुणस्तरीय शिक्षा प्रदान गर्नु प्रमुख कतर्व्य हुन आएको छ । शिक्षाले रोजगारी र आय आर्जनको अवस्था सृजना गरी मानिसको जीवन स्तरमा सुधार ल्याउनुका साथै सामाजिक र सांस्कृतिक विकास मार्फत सभ्य समाजको निर्माण गर्नु नागरिकको सबै भन्दा नजिकको सरकार स्थानीय तह भएको हुनाले यस गाउँपालिकाको जिम्मेवारीका साथै कर्तव्य समेत हुन आउँछ । शिक्षामा गरेको लगानीले विकासको समग्र पक्षमा प्रभाव पर्ने हुँदा लगानी बृद्धि तर्फ राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा जोडदार आवाज उठदै आएको छ । युनेस्कोद्वारा प्रकाशित EFA Global Monitoring Reportले शिक्षाको लक्ष्य हासिल गर्न सबै राष्ट्रलाई कुल राष्ट्रिय उत्पादनको ६ प्रतिशत र वार्षिक बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्ने सुझाव दिएको छ । सोही प्रतिवेदनमा कुल राष्ट्रिय उत्पादनको १.८ प्रतिशत बराबरको लगानी सिकाइ सुधारमा लगाउने हो भने प्रतिव्यक्ति आयमा १ प्रतिशतले बृद्धि हुने तथ्य पनि उल्लेख गरिएको छ । यसै गरी सन् २०१५ संयुक्त राष्ट्र संघले सन् २०३० सम्ममा हासिल गर्ने गरी निर्धारण गरेको दिगो विकासका १७ ओटा लक्ष्यहरूमध्ये लक्ष्य ४ मा “समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने,” भनी लक्ष्य प्राप्तिका लागि मार्गदर्शकको रूपमा अगाडि सारिएको छ । यससँग सम्बन्धित सात ओटा लक्ष्य निर्धारण गरेको छ भने लक्ष्य प्रातिका लागि थप तिनओटा माध्यम वा तरिका पनि उल्लेख गरिएको छ । शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ मा शिक्षा सम्बन्धि विविध व्यवस्था गरिएको छ । संघीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ । SSDP को कार्यन्वयन पछि नेपाल सरकारले १० बर्षे शिक्षा क्षेत्र योजना निर्माण गरेको छ ।

योजना भविष्यमा गरिने कामहरू भएकाले तथ्यमा आधारित रहेर गरिने क्रियाकलापहरू र त्यसमा लाग्ने खर्चको अनुमान गरिएको हुन्छ । प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरी विद्यालय उमेर समूहका बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तरीय सिकाइ उपलब्ध गराउनु, जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने रोजगारमूलक, व्यवसायिक, प्रविधियुक्त र सीपमूलक शिक्षा प्रदान गर्नु, अनौपचारिक शिक्षाको माध्यमबाट सबै नागरिकहरूलाई जीवन पर्यन्त सिक्ने वातावरण सृजना गरी शिक्षाको अवसर प्रदान गर्नु स्वामीकार्तिक खापर  गाउँपालिकाको मुख्य भूमिका रहन गएको छ । विद्यालय शिक्षालाई गुणस्तरीय बनाई सामुदायिक विद्यालयमा अभिभावकहरूको आकर्षण बढाउनुका साथै शिक्षामा लगानी गर्ने वातावरण सृजना गर्नुपर्ने अवस्था आएको छ । त्यसैले स्थानीय सरकारको हैसियतले विद्यालय शिक्षा सर्वसुलभ, गुणस्तरीय, अनिवार्य एवं निःशुल्क बनाई आशातित उपलब्धि गरेर यस गाउँपालिकालाई शैक्षिक गन्तव्यको थलोको रूपमा विकास गर्ने ध्येयले यो पाँच वर्षे गाउँ शिक्षा योजना तयार गरिएको छ ।

### क. भौगोलिक अवस्था

स्वामीकार्तिक खापर गाउँपालिका नेपालको सात ओटा प्रदेशमध्ये प्राकृतिक छटाले भरिपूर्ण रमणीय सुदूर पश्चिम प्रदेशमा पर्ने गाउँपालिक हो । पृथ्वीको सतहको कुनै पनि निर्धारित स्थानलाई अवस्थिति भनिन्छ । कुनै पनि देशको

धरातलमा जुन निरपेक्ष (Absolute) स्थिति हुन्छ । त्यसलाई त्यस देशको वास्तविक स्थिति भनिन्छ । अक्षांश र देशान्तर रेखाहरुको आधारमा पृथ्वीको सतहको कुनै पनि स्थानको अवस्थिति नै वास्तविक अवस्थिति हो ।

नेपाल बिश्वको कुल क्षेत्रफलको ०.०३ प्रतिशत र एसिया महादेशको ०.३ प्रतिशत भूभाग ओगटेको छ । क्षेत्रफलका हिसावले विश्वको ९३ औं स्थानमा र जनसंख्याका दृष्टिले ४८ औं स्थानमा पर्दछ । नेपालको अक्षांश ( Latitude) फैलावट २६°२२ मिनेट उत्तरी अक्षांशदेखि ३०°२७ मिनेट उत्तरी अक्षांशमा सम्म र देशान्तर ( Langitude)फैलावट ८०°०४ मिनेट पूर्वी देशान्तरदेखि ८८°१२ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको एक विश्वको सुन्दर देश हो । नेपाललाई सात प्रदेशमा विभाजन गरिएको छ ।

नेपालको पश्चिम भूभागमा पर्ने २०७२ साल असोज ३ गते पूर्व सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा सेती र महाकाली अञ्चलमा ९ ओटा जिल्लाको सुन्दर प्रदेश हालको सुदूरपश्चिम प्रदेश हो । यो प्रदेशले उत्तरमा चीनको तिब्बत स्वायत्त क्षेत्र, पूर्वमा कर्णाली प्रदेश र लुम्बिनी प्रदेश र दक्षिणमा भारतकोउत्तर प्रदेशसंग सीमाना जोडिएको छ । यस प्रदेशको स्थायी राजधानी कैलाली जिल्लाको गोदावरी रहेएको छ । यस प्रदेशको क्षेत्रफल १९९९९.२८ वर्ग.कि.मी. रहेको छ भने वि.स. २०७८ सालको जनगणना अनुसार जम्मा जनसंख्या २७११२७० रहेको छ भने यस प्रदेशको प्रर्यटकीय क्षेत्र बाजुरा जिल्लाको नौ ओटा पालिका मध्ये कर्णाली पारिका साविकका साप्पाटा, जुकोट र वाई गा.वि.स. मिलेर बनेको अखण्ड गाउँपालिका हो ।

बाजुरा जिल्लाको देशान्तर ८१° १०' २०" देखि ८१° ४८' २७" पूर्व र अक्षांश २९° १६' २१" देखि २९° ५६' ५६" उत्तरमा अवस्थित जिल्ला हो । यस जिल्लाको क्षेत्रफल २१८८ वर्ग कि.मि. रहेको छ । यो जिल्लामा रहेको विकट तर सुन्दर सम्भावना बोकेको गाउँपालिका पूर्वमा कालिकोट र मुगु जिल्ला, पश्चिममा जगन्नाथ गाउँपालिका, उत्तरमा मुगुको खत्याडगाउँपालिका र दक्षिणमा कालिकोट जिल्लाको पलाता गाउँपालिकासंग सीमाना जोडिएको छ । ११०.५५ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस गाउँपालिकामा २४४२ घरधुरीका १४९०९ व्यक्तिहरु बसोवास गर्दछन । यस पालिकामा जम्मा ५ ओटा वडा रहेका छन् । यस गाउँपालिकामा ४२.४२ प्रतिशत क्षेत्री, ३०.१३ प्रतिशत दलित, १५.५६ प्रतिशत ठकुरी, ८.०८ प्रतिशत बाहुन र ३.८० प्रतिशत सन्यासी/दशनामी समुदायको बसोवास रहेको छ भने ५ ओटा स्वास्थ्य चौकी, ६ ओटा माध्यमिक विद्यालय, २० आधारभूत विद्यालय र २४ ओटा संघीय बालविकास केन्द्र र ५ ओटा गाउँपालिका बालविकास केन्द्र र १ ओटा निजी विद्यालय रहेकाछन् ।

School and Teacher mapping Activities 2060 GPS Reportअनुसार यस गाउँपालिकामा रहेका विद्यालयको अक्षांश, देशान्तर र उचाइको विवरण :

| क.स | विद्यालयको नाम | Latitude | Longitude | Altitute |
|---|---|---|---|---|
| १ | श्री गंगादेवी आ.वि | 29.40372· | 081.71867· | 1101m |
| २ | श्री भगवती आ.वि | 29.41738· | 081.72363· | 1402m |
| ३ | श्री कोटेढुङ्गा आ.वि | 29.43682· | 081.71706· | 1332m |
| ४ | श्री राघुमाता मा.वि | 29.21574· | 081.73869· | 1709m |
| ५ | श्री मण्डाली आ.वि डुम्कोट | 29.37937· | 081.73873· | 1859m |
| ६ | श्री मण्डाली आ.वि खोलिकोट | 29.38474· | 081.73793· | 19255m |
| ७ | श्री कालिका आ.वि डिम्मरपानी | 29.36834· | 081.74374· | 1868m |
| ८ | श्री विन्दासैनी आ.वि | 29.36753· | 081.73832· | 1616m |

| | | | | |
|---|---|---|---|---|
| ९ | श्री रुपाली आ.वि सुपाना | 29.37154· | 081.73388· | 1482m |
| १० | श्री रुपाली आ.वि जिजुवा | 29.42136· | 081.72671· | 1680m |
| ११ | श्री कुलादेवी मा.वि | 29.43294· | 081.72876· | 1864m |
| १२ | श्री सत्यसाई आ.वि | 29.43720· | 081.73370· | 2269m |
| १३ | श्री चाखुडेथला आ.वि | 29.44255· | 081.73260· | 2378m |
| १४ | श्री भैरवनाथ आ.वि ठुलापाटा | 29.46017· | 081.73450· | 2225m |
| १५ | श्री शम्भु सुनन्दा मा.वि जुकोट | 29.45890· | 081.72880· | 2138m |
| १६ | श्री सूर्योदय आ.वि | 29.45691· | 081.72565· | 2044m |
| १७ | श्री शम्भु सुमित ई.बो. स्कुल | 29.45597· | 081.72410· | 1996m |
| १८ | श्री शम्भु सुनन्दा मा.वि. जुकु | 29.45446· | 081.72393· | 1935m |
| १९ | श्री कालिका आ.वि भौने | 29.47248· | 081.73111· | 1822m |
| २० | श्री हिमचुली आ.वि मिगु | 29.48088· | 081.78625· | 1887m |
| २१ | श्री भैरवनाथ मा.वि जेरा | 29.49325· | 081.75896· | 1255m |
| २२ | श्री कर्णाली आ.वि | 29.47020· | 081.72198· | 1373m |
| २३ | श्री स्वामीकार्तिक मा.वि | | | |
| २४ | श्री खापर मष्टेश्री आ.वि | | | |
| २५ | श्री पुगेली आ.वि | | | |

**ख. जनसांख्यिक संरचनाः**

जनसाङख्यिक संरचनाको विश्लेषण :

जनसङ्ख्याको बनावट - महिला,पुरुष,अल्पसङ्ख्यक,अपाङ्गता सीमान्तकृत,उमेर अनुसारको जनसङख्या)

बसाइसराइ र सवको प्रक्षेपण

स्वामीकार्तिक खापर गाउँपालिकाको जनसङख्याको बनावट राष्ट्रिय जनगणना २०७८ अनुसार निम्नअनुसार उल्लेख गरिएको छ ।

कुल जनसङख्याः १२५७६

पुरुषको जम्मा जनसङ्ख्या : ६१४५ ( ४८.९%)

महिलाको जम्मा जनसङख्या : ६४३१ ( ५१.१%)

लैङ्गिक अनुपातः ९५.५५%

जनघनत्व : ११४

कुल परिवार सङख्या : २३६२

कुल साक्षरतादर : ६७.२%

पुरुष साक्षरता दर : ७५.९%

महिला साक्षरता दर : ५९.२%

जनसङ्ख्या वृद्धिदर :-०.१६

**वडागत रुपमा जनसङ्ख्याको विवरण**

| वडा नं. | पुरुष जनसङ्ख्या | महिला जनसङ्ख्या |
|---|---|---|
| १ | १८३२ | १८९२ |
| २ | १२५० | १३१३ |
| ३ | १५१७ | १५३० |
| ४ | ९४४ | १०३७ |
| ५ | ६०२ | ६५९ |

**५ बर्षउमेर समूह तथा लिङ्ग अनुसारको जनसङ्ख्या**

| वर्ष | पुरुष जनसङ्ख्या | प्रतिशत | महिला जनसङ्ख्या | महिला प्रतिशत |
|---|---|---|---|---|
| ००-४ | ८३६ | ६.६ | ६७६ | ५.४ |
| ०५-०९ | ७८५ | ६.२ | ७७१ | ६.२ |
| १०-१४ | ८३० | ६.६ | ८५६ | ६.८ |
| १५-१९ | ६५५ | ५.२ | ७८३ | ६.२ |
| २०-२४ | ५२२ | ४.२ | ५९८ | ४.८ |
| २५-२९ | ३६६ | २.९ | ३९१ | ३.१ |
| ३०-३४ | ३०२ | २.४ | ३४१ | २.७ |
| ३५-३९ | ३०० | २.४ | ३५७ | २.८ |
| ४०-४४ | २६३ | २.१ | ३०६ | २.४ |
| ४५-४९ | २५६ | २.० | २७१ | २.२ |
| ५०-५४ | २७० | २.१ | २४६ | २.० |
| ५५-५९ | २२४ | १.८ | २२० | १.७ |
| ६०-६४ | २०६ | १.६ | १९८ | १.६ |
| ६५-६९ | १४२ | १.१ | १४४ | १.१ |
| ७०-७४ | ११३ | ०.९ | १३७ | १.०९ |
| ७५-७९ | ४३ | ०.३ | ८० | ०.६ |
| ८०-८४ | २९ | ०.२ | २७ | ०.२ |
| ८५-८९ | २ | ०.०२ | १२ | ०.१ |
| ९०-९४ | १ | ०.०१ | ६ | ०.०५ |
| ९५ माथि | ० | ० | ३ | ०.०२ |

**अपाङ्गता सम्बन्धि विवरण**

| जम्मा अपाङ्गता | जम्मा अपाङ्गता प्रतिशत | पुरुष अपाङ्गता | पुरुष अपाङ्गता प्रतिशत | महिला अपाङ्गता | महिला अपाङ्गता प्रतिशत |
|---|---|---|---|---|---|
| ३१५ | २.५ | १८५ | ३.१ | १३० | २.० |

**<u>बसाइँसराइ</u>**

यही गा.पा./न.पा. ११८७५
यही जिल्लाको अर्को गा.पा./न.पा. ३३३
अर्को जिल्लामा ३६६
बसाइँसराइ गरेका व्यक्तिको यस अघिको बसोबास गरेको स्थान अनुसारको जनसङ्ख्या
यही गा.पा./न.पा ११८६९ ( ९४.४%)
यही गा.पा./न.पापुरुष ६१०९ (९९.४%)
यही गा.पा./न.पा.महिला ५७६० (८९.६%)
यही जिल्लाको अर्को गा.पा./न.पा. कुल ३३७ (२.७%)
यही जिल्लाको अर्को गा.पा./न.पा. पुरुष ०.१%
यही जिल्लाको अर्को गा.पा./न.पा. महिला ३२९ ( ५.१%)
अर्को जिल्लाका कुल ३७०(२.९%)
अर्को जिल्लाका पुरुष ०.५%
अर्को जिल्लाका महिला ३४२ (५.३%)

**अपाङ्गता प्रकार**

| शारीरिक अपाङ्गता | | | | | | न्यून दृष्टियुक्त अपाङ्गता | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
| १५६ | ४९.५ | ९७ | ५२.४ | ५९ | ४५.४ | ३२ | १०.२ | १९ | १०.३ | १३ | १०.० |
| दृष्टि बिहिनअपाङ्गता | | | | | | बहिरोपन | | | | | |
| जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
| १८ | ५.७ | ७ | ३.८ | ११ | ८.५ | २४ | ७.६ | १६ | ८.६ | ८ | ६.२ |
| मनोसामाजिक अपाङ्गता | | | | | | न्यून श्रवणशक्ति | | | | | |
| जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
| ७ | २.२ | ४ | २.२ | ३ | २.३ | २७ | ८.३ | १३ | ७.० | १४ | १०.८ |
| बहिरोपन एंव दृष्टिविहिन अपाङगता | | | | | | मानसिक वा मनोसामाजिक अपाङ्गता | | | | | |
| जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
| ४ | १.३ | ३ | १.६ | १ | ०.८ | १४ | ४.४ | ९ | ४.९ | ५ | ३.८ |
| अटिजम् अपाङ्गता | | | | | | बहु अपाङ्गता | | | | | |

| जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | ०.६ | १ | ०.५ | १ | ०.८ | ३१ | ९.८ | १६ | ८.६ | १५ | ११.५ |

**प्रमुख दश जातजाति**

| क्षेत्री | | | | | |
|---|---|---|---|---|---|
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| ५३११ | ४२.३ | २५९९ | ४२.३ | २७२० | ४२.३ |
| ब्राह्मण | | | | | |
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| ११३७ | ९ | ५२६ | ८.६ | ६११ | ९.५ |
| ठकुरी | | | | | |
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| १६१९ | १२.९ | ७८७ | १२.८ | ८३२ | १२.९ |
| सन्यासी/दशनामी | | | | | |
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| १४९ | १.२ | ६६ | १.०६ | ८३ | १.३ |
| विश्वकर्मा | | | | | |
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| ३८८१ | ३०.९ | १९४६ | ३१.७ | १९३५ | ३०.१ |
| परियार | | | | | |
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| ३५३ | २.८ | १६१ | २.६ | १९२ | ३ |
| कुमाल | | | | | |
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| ६८ | ०.५ | ३५ | ०.६ | ३३ | ०.५ |

**प्रमुख दशमातृ भाषा**

| नेपाली | | | | | |
|---|---|---|---|---|---|
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| ७४२१ | ५९ | ४००२ | ६५.१ | ३४१९ | ५३.२ |
| बजुरेली | | | | | |
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| ४९९७ | ३९.७ | २०९० | ३४ | २९०७ | ४५.२ |
| जुम्ली | | | | | |
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| ११८ | ०.९ | ३४ | ०.६ | ८४ | १.३ |
| डोटेली | | | | | |
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| २२ | ०.१ | ११ | ०.२ | ११ | ०.२ |
| खस | | | | | |
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| | ०.१ | | ०.०३ | | ०.९ |
| अन्य | | | | | |
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| | ०.१ | | | | ०.१ |

**प्रमुख दश पूर्खाको भाषा अनुसार जनसंख्या**

| बाजुरेली | | | | | |
|---|---|---|---|---|---|
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| ८७०७ | ६९.२ | ४२४८ | ६९.२ | ४४५९ | ६९.२ |
| खस | | | | | |
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| ३३५६ | २६.७ | १६५६ | २६.९ | १७०० | २६.४ |
| अन्य | | | | | |
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| ४२७ | ३.४ | १९७ | ३.२ | २३० | ३.६ |
| नेपाली | | | | | |

| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
|---|---|---|---|---|---|
| ५० | ०.४ | २३ | ०.४ | २७ | ०.४ |
| अन्य | | | | | |
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| २२ | ०.२ | ११ | ०.२ | ११ | ०.२ |
| डोटेली | | | | | |
| जम्मा संख्या | जम्मा प्रतिशत | पुरुष संख्या | पुरुष प्रतिशत | महिला संख्या | महिला प्रतिशत |
| | | १० | ०.२ | | ०.१ |

**ग. सामाजिक तथा साँस्कृतिक अवस्था**

**क. सामाजिक अवस्था :**

विकट हिमाली क्षेत्रमा अवस्थित यस पालिकामा विविधता रहनुका साथै बहु जातीय, बहुसांस्कृतिक मूल्यमान्यता रहेको पाइन्छ । यस पालिकामा आफ्नै खालको सांस्कृतिक परम्परा, रीतिरिवाज तथा ज्ञान सीप तथा प्रविधि रही आएको पाइन्छ ।

**जातजाति :**

यस गाउँपालिकामा बहुजातीय समुदायको बसोवास रहेको छ । कुल पाँच ओटा वडा रहेको यस पालिकामा ब्रामण, क्षेत्री, ठकुरी, दलित लगायतको जातजाति अन्तर्रगत विभिन्न जातिहरु जस्तैः रावल, रोकाया, बुढा, कठायत, भण्डारी, शाही, शाह, सिंह, हमाल, उपाध्याय, भट्ट, न्यौपाने, जोशी, गिरी, सञ्ज्याल, कैला, कटेल, थापा, खत्री, योगी, नाथ, कार्की, महतारा, बम, धामी, घर्ती,

दलित समुदायमा कडारा, लुहार, सुनार, कुमाल, चँदारा, विश्वकर्मा, मोची, भियाल, तिरुवा, लावण, हटे, सार्की, दमाई लागायतका बहुजातीय समुदाय रहेको छ ।

धर्मः यस गाउँपालिकाममा बसोवास गर्ने बासिन्दाहरु जातीय हिसावमा विविधता देखिएपनि धार्मिक हिसावमा एकल रुपमा बाँधिएको पाइन्छ । जस अनुसार यस पालिकाका सम्पूर्ण समुदायको मुल धर्मको रुपमा हिन्दु धर्म नै रहेको छ, र अन्य धर्मावलम्बी यस पालिकामा नरहेको अवस्था छ ।

**ख) परम्परा र संस्कृतिः**

यो पालिका क्षेत्रफलका हिसावमा सानै रहेता पनि परम्परा र संस्कृतिका हिसावले समृद्ध रहेको पाइन्छ । यस पालिकामा आफ्नै खालको सांस्कृतिक परम्परा रहेको पाइन्छ । विभिन्न खालका देवीदेवतालाई कुल देवताका रुपमा पूजा गर्ने चलन रहेको पाइन्छ । यहाँका प्रमुख देवदेवीहरुमा श्री सम्भुनाथ ( स्वामीकार्तिक), खापर, मस्टो र भुवानी र सुनन्दा माई रहेका छन् भने यसका साथै ऋषि, गुरो, लाटाबामन, बाँठपालो, कैलाश, धलपुरो, खोदाइ, राघुमाता, पुगेली, बेताल रहेकाछन् । यी देवदेवीको स्थानमा जनैपूर्णिमा, धान्य पूर्णिमा तथा बैशाख पूर्णिमामा मेला लाग्ने र पूजा अर्चना हुने गर्दछ ।

यहाँका बासिन्दाहरु देवतामा औधी विश्वास राख्ने गर्दछन र रोगव्याधी हटाउने देखि लिएर अन्य ठूला दैवीअनिष्ठ तथा प्रकोपबाट बच्न समेत देवदेवीलाई भाकल गर्ने र बोकाकाट्ने समेत गर्दछन् । वडा नं. ३ मा अवस्थित श्री काला ऋषिको मन्दिर कुलाडिल भन्ने ठाँउ सम्भवतया सुदूर पश्चिम प्रदेशको सबै भन्दा बढी बली चढाइने मन्दिरको रुपमा रहेको पाइन्छ ।

श्री स्वामीकार्तिकको माँणु (मन्दिर) सुनन्दा माइको माँणुमा जनैपूर्णिमामा भव्य मेला लाग्ने गर्दछ । यसै गरी बैशाख शुक्ल तृतीयामा वडा नं. १ र २ मा रहेको खापरको स्थानमा पनि भव्य मेला लाग्ने गर्दछ । अनन्ते पूर्णिमा चौदशी मेला यहाँका मानिसहरु विभिन्न खालका सांस्कृतिक पर्वहरु मनाउने गर्दछन , जसमा दशै, तिहार, भैली, भूवा, माघी, चैत्रअष्टमी ( रामनवमी ) विशु ( नव वर्ष ) जनैपूर्णिमामा गाबेसंक्रान्ति, कृष्णजन्माष्टमी, तीज, गौरा सप्तमी लगाएतका पर्वहरु मनाउने गर्दछन । विशेष गरेर स्वामीकार्तिक खापर गाउँपालिका अन्तर्रगत वडा नं. २ धरालाका डिलको पैठ तथा मुक्तिकोटबाट शुरुहुने लंगुरे पैठको आफ्नै धार्मिक सांस्कृतिक महत्व रहेको पाइन्छ । यहाँको सबै भन्दा महत्वपूर्ण पक्ष बुढीनन्दा नगरपालिका, हिमाली गाउँपालिका, जगन्नाथ गाउँपालिकाका दर्शनार्थी तथा कालिकोट जिल्लाका पलाता गाउँपालिकाका र पचाल झरना गाउँपालिकाका दर्शनार्थीहरुपनि दर्शन गर्न आउने महत्वपूर्ण लंगुरे पैठ हो ।

यस पालिकामा विवाह लगायत छैटीहरुमा देउडा खेल खेल्ने, भारी खेल खेल्ने, झोडा, मागल, चुट्किला गाउने, देवताका पूजामा चाँर्ची, आरती गाउँनेदेखि लिएर विभिन्न खालका अन्य परम्परा मनाउने चलन रहेको पाइन्छ । यहाँको मानिसहरुको मुख्य भेषभूषा लोग्ने मानिसहरुको दौरासुरुवाल कोट, टोपी तथा आइमाईहरु चौबन्दी चोलो र धोती हो भने आज भोलि विभिन्न बाहिरी पहिरन केटा मानिस प्यान्ट सट र केटीहरु कुर्तासुरुवाल लगाएत अन्य पहिरन पनि लगाउने गर्दछन् । यहाँको मानिसहरु विविधतामा एकता आपसी मेलमिलाप, भाइचारा, अर्मपर्म सरसहयोगमा खुबै ख्याल राख्दछनार आफूभन्दा ठूलालाई आदर सम्मान तथा सानालाई ममता युक्त व्यवहारका साथै मान्यजनलाई झुकेर ढोग गर्ने र मान्यजनलाई आश्रीवाद दिएर भलो चिताउने व्यवहार गरिन्छ । यहाँका मानिसहरु अर्कोलाई सरसहयोग गर्नुका साथै दुख दिनुलाई महापाप सम्झन्छन् । योग्य, पूजापाठ गर्न, मृत्यृ संस्कारलाई उच्चतम शुद्धताकासाथ सम्पन्न गर्न सबैलाई समान व्यवहार गर्न यहाँका मानिसको मुख्य मूल्य मान्यता रहेको पाइन्छ ।

**मातृभाषाः**

जातीय विविधता रहेको यस पालिकामा भाषागतरुपमा भने खासै विविधता रहेको पाइदैन । यस पालिकामा नेपाली भाषाकै स्थानीय भेद रहेको भाषा मातृभाषाका रुपमा बोलिन्छ । पुरानो जुम्ला राज्यको अंश रहेको हुनाले यस पालिकाको छुट्टै आफ्नो मातृभाषा भने छैन तापिन “चार कोशमा पानी आठ कोशमा बानी” बदलिन्छ भने झै बस्ती अनुसार नेपाली भाषामा पनि स्थानीय भेद भने सामान्यतया रहेको पाइन्छ । समग्रमा भन्नु पर्दा यस पालिकामा भाषाको बाहुल्यता रहेको पाइन्छ ।

**ग) रैथाने ज्ञान सीप र प्रविधिः**

परम्परा तथा इतिहासलाई पल्टाएर हेर्ने हो भने भारत वर्षमा उत्तराखण्डबाट मानासरोवर तिब्बतसम्म यात्रा गर्ने भारतका सम्पूर्ण तिर्थयात्री व्यापारी फिरन्ते तथा राजनीतिक दौडाहा रुपमा आउने विभिन्न समुदायका व्यक्तित्वहरुको प्रभावका कारण यो क्षेत्र ज्ञानका क्षेत्रमा समृद्ध रहेको पाइन्छ । नेपाली भाषाको उद्गम स्थलका रुपमा रहेको क्षेत्र भएकाले स्वभावतया रैथाने ज्ञानले भरिपूर्ण पालिका हो । यहाँका मानिसहरुले आ आफ्नो खालका

विभिन्न प्रविधिहरु प्रचलनमा ल्याइ सुविधा लिने गरेको पाइन्छ । स्थानीयरुपमा चलाइने पानी घट्ट, कपास खेती गरेर कपासबाट कपडा बनाउने चान (तान) कपासकात्ने चर्खा, कपास छान्ने उइटो लगाएतका प्रविधिहरुको प्रयोग भेडाबाखाका रौंबाट बनाइने राडी, पाखी, लिउ, फेरुवा बनाउने आफ्नै खालका स्थानीय प्रविध रहेको पाइन्छ । डोको,डालो, बनाउने स्थानीय रुपमा फलामको काम गर्ने आरन तथा आरन बाट विभिन्न खालका हात हतियार, गरगहना लगायत भाडाकुँडा बनाउने प्रविधि समेत यस पालिकामा रहेको पाइन्छ ।

**घ. आर्थिक अवस्था :**

विकट हिमाली भेगमा रहेको यस पालिकाका बासिन्दाहरुको आर्थिक अवस्था कमजोर रहेको देखिन्छ । रोजगारीको अवसरको कमी, प्रयाप्त तथा उर्वरायुक्त श्रमीकको अभाव, शिक्षाको अवसरबाट बञ्चित, प्रयाप्त मात्रामा सिचाँइको अभाव आदि कारणले यहाँको आर्थिक अवस्था कमजोर रहेको देखिन्छ ।

**मुख्य पेशा व्यवसायः**

यहाँका मानिसहरुको मुख्य पेशा कृषि हो । कृषिका अतिरिक्त केही व्यक्तिहरु रोजगारी सरकारी नोकरी तथा अन्य व्यापार व्यावसायमा पनि लागेको पाइन्छ । भेडा बाखा पालन पनि यहाँको मानिसको एक व्यवसाय हो । यसै गरी कतिपय व्यक्तिहरु वैदेशिक रोजगारमा समेत गएको पाइन्छ ।

**रोजगारीका क्षेत्र :**

कृषिः  कृषि यहाँका मानिसहरुको प्रमुख पेशा हो । खाद्यन्न बालीको उत्पादनले यहाँको माग पुर्ति गर्न नसकेपनि फलफूल खेती जस्तै स्याउ खेती, ओखर खेती, अमिलो जातका फलफूल खेती तथा जैतुन खेतीको प्रचुर सम्भावना रहेकोले राज्यले यसलाई मध्यनजर गर्ने हो भने प्रशस्त रोजगारी सिर्जना हुन सकेको देखिन्छ ।

उद्योगः  स्थानीय स्तरमा उत्पादन हुने स्याउ, चुली, गलन, आरु लगायतका फलफूलबाट विभिन्न खालका परिकार बनाइ प्रशस्त लाभ लिन सकिने सम्भावना निकै प्रवल रहेको पाइन्छ । यसै गरी यहाँ पाइने विभिन्न जडीबुटीहरुको प्रशोधन, तथा नियमित नियमानुसाको निर्यात, डोको, डालो बुन्ने तथा राडीपाखी बुन्ने उद्योग स्थापना तथा काष्ठ उद्योग सञ्चालन गरी त्यसबाट आर्थिक आयआर्जन तथा रोजगारी र्सिजना गर्न सकिन्छ ।

**पर्यटन व्यवसायः**

यस पालिकामा रहेका विभिन्न धार्मिक तथा प्राकृतिक पर्यटकीय स्थलको वारेमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरसम्म प्रचार प्रसार गर्न सके त्यसबाट पनि प्रशस्त आर्थिक उन्नति गर्न सक्ने देखिन्छ । यहाँका प्रमुख धार्मिक स्थलहरु साईमाडु, खापरमाडु , भुवानीमाडु तथा प्राकृतिक स्थल खुन्का दह, खडुल्ली पाटन, गोठीगाउँ, जुलेहाँ, चोरङ्गा, खौला रानीसैन, लोटीखेल्ना, अमरमुडी, नदासैन, भत्याडा पाटन, नानढुङ्गा, बागमारे, चुनढुस्का आदि क्षेत्रलाई परिचित गराउन सके त्यसबाट पर्यटकलाई आर्कषित गरी प्रयाप्त मात्रामा आर्थिक उपार्जनका साथै त्यसबाट रोजगारीको सिर्जना गर्ने देखिन्छ ।

**ङ. शैक्षिक अवस्थाः**

यस पालिकामा विद्यालय शिक्षाको अवस्था विश्लेषण गर्दा सामान्यतया इतिहासलाई पनि पल्टाएर हेर्नुपर्नु हुन्छ ।स्थानीय रुपमा शिक्षा प्रतिको चाँसो बढेपछि २०१६ सालमा जुकोटमा प्राथमिक विद्यालयमा विधिवत रुपमा

सुरुवात भएको पाइन्छ ।त्यस पछिका दिनहरुमा क्रमशःविद्यालयहरुको स्वीकृति हुँदै गएको पाइन्छ । २०४६सालको बहुदलिय व्यवस्थापछि विद्यालयहरुको विस्तार तिर्ब रुपमा भएको देखिन्छ । यसरी हेर्दा हाल सम्म यस पालिकामा विद्यालय शिक्षाको अवस्था तथा विद्यालय संख्याको संख्यात्मक हिसाबमा उल्लेख्य प्रगति भएको जस्तो देखिए पनि सुधारात्मकरुपमा खासै प्रगति भएको देखिदैन ।

वर्तमान अवस्थालाई विश्लेषण गर्दा यस पालिकामा हाल सम्म पनि प्राविधिक तथा व्यवसायिक धारको अध्यापन हुने एउटा पनि विद्यालय छैन । त्यसैगरी दुरदराजमा रहेको पालिका भएपनि एउटा सम्म पनि स्नातक पढाइ हुने कलेज नभएको अवस्था छ । विद्यालय शिक्षामा पनि भौतिक पूर्वाधाको समस्या , शिक्षण सामाग्रीको अभाव,विद्यार्थी अनुपातमा शिक्षक अभाव ,खेलमैदानको समस्या,प्रविधियुक्त  शिक्षण वातावण नहुनु,  सामाजिक रुपमा पनि शिक्षासँग सरोकारवालाको उदासिन्ता आदिका कारणले वर्तमान विद्यालय शिक्षाले पनि अपेक्षित उपलब्धी हासिल गरेको देखिदैन । पालिकाको जम्मा ५ ओटा वडाहरुमा जम्मा बालबिकास केन्द्र सरकारी ३३ र निजी १ गरी जम्मा ३४ तथा अन्य आधारभूत देखि माध्यमिक तह सम्म सञ्चालित २६ ओटा विद्यालयको भौगोलिक विवरण देहाय अनुसार रहेको पाइन्छ ।

**विद्यालय**

| वडा नं | बालबिकास केन्द्र | निजी विद्यालय संख्या | विद्यालय संख्या | सामुदायिक सिकाइ केन्द्र |
|---|---|---|---|---|
| १ | ९ | | ८ | |
| २ | ६ | | ६ | १ |
| ३ | ८ | १ | ६ | १ |
| ४ | ६ | | ४ | १ |
| ५ | ४ | | २ | |

उमेरगत हिसावमा लैगिंक आधारमा र सामाजिक अवस्थाको आधारमा शिक्षाको स्तर र शैक्षिक प्राप्तिलाई हेर्दा १५ बर्ष सम्मका बालबालिका प्राय सम्पूर्ण विद्यालयमा गइरहेका अवस्था छ । यसै गरी लैगिंक साक्षरताको विश्लेषण गर्दा पुरुष भन्दा महिलाहरुको साक्षरता प्रतिशत न्यून रहेको छ  । सामाजिक रुपमा गैर दलितभन्दा दलित समुदायका साक्षरता न्यून रहेको पाइन्छ ।

हालसम्म यस पालिकामा रहेका तहगत विद्यालय संख्या निम्नानुसार रहेको देखिन्छ ।

विद्यालय संख्याः २५

बालबिकास केन्द्रः ३३ ओटा

निजी विद्यालय संख्यााः १ ओटा

कक्षा १ मात्र सञ्चालित १ ओटा

| कक्षा १ देखि ३ सम्म | कक्षा १ देखि ५ सम्म | कक्षा १ देखि ८ | कक्षा १ देखि १० | कक्षा १ देखि १२ सम्म | कक्षा ६ देखि १२ सम्म |
|---|---|---|---|---|---|
| ५ | १० | ४ | ३ | २ | १ |

**विद्यार्थी सङ्ख्या**

| कक्षा | छात्र | छात्रा | जम्मा |
|---|---|---|---|
| १ | २५४ | ३२१ | ५७५ |
| २ | १६३ | २२० | ३८३ |
| ३ | १६५ | १७० | ३३५ |
| ४ | १६१ | १८० | ३३० |
| ५ | १४३ | १६३ | ३०६ |
| ६ | १३६ | १६२ | २९८ |
| ७ | १६२ | १७७ | ३३९ |
| ८ | १६५ | १६२ | ३२७ |
| ९ | १५० | १९० | ३४० |
| १० | १६४ | १५४ | ३१८ |
| ११ | १०६ | १०३ | २०९ |
| १२ | १२० | १०८ | २२८ |

सामान्यतया हालको समयमा यस पालिकाको हरेक क्षेत्रमा रहेको समुदाय तथा वस्तीहरुको तथ्याङ्क सर्वेक्षण गर्दा विद्यालय उमेरका बालबालिका बाहिर रहेको अवस्था देखिदैन । गुणात्मक रुपमा अवस्था कमजोर रहेपनि संख्यात्मक रुपमा साक्षरताको हिसावमा सम्पूर्ण बालबालिका विद्यालयमा अध्ययनरत रहेको पाइन्छ । पालिका भरिमा रहेका उल्लेखित सम्पूर्ण विद्यालयहरुमा विद्यार्थी अनुपातमा कक्षाकोठाको व्यवस्था नरहेको पाइन्छ । हालसम्म पनि पानी परेको अवस्थामा केही विद्यालय विदा गर्नुपर्ने अवस्था कायमै रहेको छ ।

विद्यालयमा रहेको तहगत शिक्षक दरवन्दीको विश्लेषण गर्दा ६ ओटा माध्यमिक विद्यालयहरु मध्ये २ ओटामा स्वीकृत मा.वि.दरबन्दी भए पनि अपुग रहेको र अन्य चार ओटा विद्यालयमा एउटा पनि माध्यामिक तहको स्वीकृत दरबन्दी छैन । बिषयगत रुपमा पनि प्रयाप्त दरबन्दी रहेको पाइदैन । विद्यार्थी अनुपातमा शिक्षकको दरबन्दी प्रयाप्त छैन । जसका कारण समग्र पालिकाको शैक्षिक उपलब्धिमा नकारात्मक प्रभाव पारिरहेको पाइन्छ ।

यस पालिकाको अधिकांस आधारभूत विद्यालयहरुमा शिक्षक अभावका कारण बहुकक्षा, बहुस्तर (बहुतह) शिक्षण गर्नु पर्ने बाध्यता रहेको पाइन्छ । बहुकक्षा शिक्षण गर्न स्रोत साधन सम्पन्न अवस्था हुनुपर्नेमा विना सामाग्री औपचारिकता पुरा गर्नकै लागि भए पनि बहुकक्षा शिक्षण सञ्चालन गर्नु परेको अवस्था छ ।

शिक्षा जस्तो संवेदनशिल बिषयलाई अर्थ पूर्ण बनाउन र अपेक्षित उपलब्धि हासिल गर्न प्रयाप्त भौतिक सुविधा तथा आवश्यकता अनुसारको शिक्षण कार्य सँग सम्बन्धित सुविधायुक्त कक्षा कोठाको अभाव रहेको पाइन्छ । यसका लागि सम्बन्धित निकायसँग समन्वय गरी आवश्यकता परिपूर्ति गर्न तर्फ अग्रसर हुनु पर्ने अवस्था रहेको छ ।

**विद्यालयगत शिक्षण सामग्रीको उपलब्धता**

पालिकाभित्र रहेका माध्यमिक तथा आधारभूत तहका प्रत्येक विद्यालयमा शैक्षिक सामग्रीहरु प्रयाप्त मात्रामा नरहेको अवस्था देखिन्छ । शिक्षण जगतको सफलताको लागि शिक्षण सामग्रीको निकै ठूलो महत्व रहेको हुन्छ । सामग्री सम्बन्धि विषयलाई विश्लेषण गर्दा पहिलो कुरा यहाँको शिक्षणसँग सम्बन्धित सरोकारवाला स्वयम् अनविज्ञ रहेको अवस्था देखिन्छ भने दोस्रो कुरा बजारबाट खरिद गर्ने सामग्रीलाई मात्र शैक्षिक सामग्रीको रुपमा लिने अवस्था कायम छ । शैक्षिक सामग्री सम्बन्धि समस्यालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- शिक्षणमा सामग्री प्रयोग न्यून रुपमा मात्र हुने गरेको
- बजारबाट खरिद सामग्रीलाई मात्र महत्व दिने गरिएको
- स्थानीय स्तरमा रहेका सामाग्री उपयोग गर्न नसकिएको
- शिक्षण सामाग्री निर्माण सम्बन्धि तालिमको व्यवस्था नभएको
- विषयवस्तु र सामग्रीको तालमेल मिलाई शिक्षण गर्ने कौशलको निरन्तरतामा समस्या रहेको

**विद्यालयगत सूचना तथा सञ्चार प्रविधिको उपलब्धता**

वर्तमान अवस्थामा शिक्षा र प्रविधि भन्ने कुरा एक अर्कोका परिपूरकको रुपमा रहेको पाइन्छ । प्रविधियुक्त शिक्षाले नै आजका मानिसको दैनिक जीवनका समस्याहरु समाधान गरी सहज जीवन यापन गर्ने वातावरण सिर्जना गर्दछ । यस परिप्रेक्षमा यस पालिकामा पनि हरेक विद्यालयहरुमा सञ्चार प्रविधियुक्त सामग्रीको आवश्यकता रहेता पनि सो अनुसारको प्रविधि युक्त सामग्रीको उपलब्धता नभएको पाइन्छ । जसका कारण हालको अत्याधुनिक र प्रतिस्पर्धात्मक शिक्षाको युगमा पनि यहाँका बालबालिकाहरु पुरानै शैलीमा शिक्षा आर्जन गर्नु पर्ने बाध्यतामा रहेको अवस्था पाइन्छ ।

**स्थानीय तहले देखेका अन्य आवश्यक विषय :**

विद्यालय शिक्षालाई वर्तमान युगमा विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति तयार गर्न विकट वस्तीमा शिक्षा आर्जन गरेता पनि सुविधा सम्पन्न ठाउँमा प्रतिस्पर्धीहरु सँग क्षमता प्रदर्शन गर्नुपर्ने नागरिक तयार गरी व्यक्ति परिवार समुदाय र समाजको स्तर माथि पुर्याउँदै समग्र पालिकाको चौतर्फी विकासका लागि शिक्षा क्षेत्रमा देहायका बिषयलाई सम्बोधन गर्नु पर्ने टट्कारो आवश्यकता देखिन्छ ।

१.शिक्षा क्षेत्रलाई पालिकाको प्राथामिकताको क्षेत्रमा समेटेनु पर्ने ।
२.समग्र बजेटमा शिक्षा क्षेत्रमा न्यूनतम २० प्रतिशत रकम बिनियोजन हुनु पर्ने ।
३.शिक्षा क्षेत्र भित्र योग्य व्यक्ति आकर्षित गर्न सेवा सुविधा तथा मर्यादा कायम गर्नु पर्ने ।
४.नविनतम खोज, विचार तथा नयाँ पुस्ताको सिप, क्षमता र कला सदुपयोग गर्ने वातावरण बनाउने ।
५.इतिहास नै भविष्यको मार्ग दर्शन भन्ने मुलमन्त्र अनुरुप पाका उमेरका व्यक्तिहरुको अनुभवको सदुपयोग गर्ने ।

६.जातिय, लैगिंक, वर्गीय लगायतका भेदभाव निर्मुल गर्न जनचेतना अभिवृद्धि गर्ने ।
७.शिक्षा क्षेत्रमा हाम्रा भन्दा पनि राम्रा व्यक्तिलाई अवसर प्रदान गर्ने ।
८.आफ्नो संस्कृति, परम्परा कला, धर्म, रीतिरिवाज तथा सामाजिक मूल्यमान्यतामा आधारित शिक्षालाई प्रोत्साहन दिनुका साथै त्यसलाई विद्यालय शिक्षामा अनिवार्य लागु गर्ने ।

## १.२ मुख्य समस्याहरुः

यस स्वामीकार्तिक खापर गाउँपालिका अर्न्तगत विभिन्न विद्यालयहरुको अनुगमन, सरोकारवालाहरुसंगको विभिन्न समयमा गरिएका बैठकहरु र वर्तमान शैक्षिक अवस्थासमेतलाई विश्लेषण गर्दा यस गाउँपालिकाका शिक्षा सम्बन्धी मुख्य मुख्य समस्या र सुझावहरु क्षेत्रगत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

### १.२.१ भौतिक सुविधातर्फः

क.धेरैजसो विद्यालयहरुमा बालमैत्री कक्षाकोठा, खानेपानी, लैङ्गिक तथा अपाङ्गमैत्री शौचालय, आवश्यक फर्निचरको व्यवस्था नभएको ।

ख. प्राय सबै विद्यालयहरुमा खेलमैदानको, घेरवारको र विद्यालयहरुमा शैक्षिक सामग्रीहरुको अभाव ।

ग. आधाभूत विद्यालयहरुमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कक्षाकोठा तथा भवनको अभाव ।

घ. धेरैजसो विद्यालयहरु भूकम्प प्रतिरोधी र प्राकृतिक प्रकोपबाट सुरक्षित नरहेको ।

ङ. विद्यालयको भौतिक, शैक्षिक, प्रशासनिक संरचनाहरु एवम् अन्य क्रियाकलापहरु अपाङ्गमैत्री, शिक्षक, छात्रा र बालमैत्री हुन नसकेको ।
च. विद्यालय र शिक्षा क्षेत्रमा भविष्यमा आउन सक्ने सम्भावित विपद् आँकलन गरी त्यसको लागि आवश्यक पूर्ण तयारी,प्रतिकार्य एवम् उद्धारका लागि तयारी नगरिएको ।

### १.२.२ जनशक्ति व्यवसथापन तर्फ

क. बालविकास केन्द्र समान वितरण नभएको, सहजकर्तालाई आवश्यक तालिम प्रशिक्षणको कमी, बालविकास केन्द्रमा शैक्षिक सामग्रीको अभावले बालविकास केन्द्र प्रभावकारी नहुनु ।

ख. सबै विद्यालयमा शिक्षक दरवन्दी पूरा नभएर निजी, गापा अनुदान शिक्षक राख्नु परेको साथै स्केल अनुसारको तलब भत्ता र सेवा सुविधाको सुरक्षा दिन नसकेको ।

ग. शिक्षक विद्यार्थी अनुपात नमिलेको र सो अनुसार दरवन्दी कायम नभएको ।

घ. तहगत दक्ष शिक्षकको अभाव ।

ङ. शिक्षकले तालिममा सिकेका ज्ञान सीप कक्षा कोठामा प्रयोग नगरेको र एकदमै न्यून मात्र स्थानान्तरण हुने गरेको ।

च. शिक्षकले पेशागत कर्तव्य प्रति लगनशिल हुन नसकी र राजनीतिक दलका कार्यकर्ताजस्ता भएको आरोप लाग्ने गरेको ।

छ. प्रधानाध्यापकहरुले शैक्षिक नेतृत्व लिन नसकेको ।

ज. कार्यसम्पादनको आधारमा पुरस्कार र दण्डको व्यवस्था प्रभावकारी नभएको ।

झ. विषय शिक्षकको अभावमा प्रधानाध्यापकले पनि दैनिक ५-७ कक्षा लिनुपर्ने भएको हुँदा अन्य पक्षमा खासै ध्यान दिन नसकेको ।

**१.२.३ विद्यार्थी र शिक्षण सिकाइतर्फ :**

क. केही सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या घट्दै गएको ।

ख. सबै विषयमा सिकाइ उपलब्धी सन्तोषजनक नरहेको र अपेक्षा अनुसार प्राप्त हुन नसकेको ।

ग. विद्यार्थीहरु अनुशासित गराउन र हुन नसकेको ।

घ. केही विद्यार्थीहरु कक्षा छोडेर भाग्ने, नियमित उपस्थित नहुने र विद्यालय छोड्ने ।

ङ. गाउँपालिकाभित्रका विद्यालयहरुमा विद्यार्थी ड्रेस एकै किसिमको नभएको ।

च. अभिभावकहरुको चाहना अनुसार सबै सामुदायिक विद्यालयहरुमा कक्षा १ देखि नै अंग्रेजी माध्यममा पठनपाठन हुन नसकेको ।

छ. भयरहित शिक्षा र निरन्तर विद्यार्थी मूल्याङ्कन तथा उदारकक्षोन्नतिले विद्यार्थीको सिकाइ उपलब्धी र अनुशासन घटेको आरोप ।

ज. बालिकाहरुलाई बालकको तुलनामा घरायसी काममा बढी लगाउने चलन व्याप्त रहनु र उनीहरुको शिक्षालाई कम महत्व दिइनु । यसले गर्दा बालबालिकाहरुले घरमा अध्ययन गर्ने समय कमै पाउँछन र पठनपाठन प्रक्रियामा राम्रो उपलब्धी हासिल गर्न सक्दैन ।

झ. अभिभावक वा छात्राहरु आफैले पनि बालविवाह गरेको ।

ञ. विद्यालयमा अझै पनि जातिय छुवाछुत अन्त्य हुन नसकेको ।

**१.२.४ अभिभावक तर्फः**

क. अभिभावकमा सचेतनाको अभाव ।

ख. शिक्षक, सरकारी कर्मचारी र सार्वजनिक पद धारण गरेका जनप्रतिनिधिका सन्तानहरु सामुदायिक विद्यालयमा पढ्ने नगरेका ।

ग.विद्यालयका कार्यक्रमहरुमा अभिभावकको न्यून उपस्थिति हुने गरेको ।

घ. विद्यालयका विषयमा अभिभावकहरु खासै सक्रिय नभएको ।

ङ. अभिभावकहरु विव्यस गठनमा हानाथाप गर्ने गठन पश्चात खासै व्यवस्थापनमा सकिय नहुने ।

च. अभिभावकहरुले बालबालिकालाई घरमा उपयुक्ति हेरचार तथा पढाइमा सहयोग नगरेको ।

छ. विद्यालयका गतिविधिमा राजनैतिक हस्तक्षेप हुने गरेको आरोप ।

**१.३ चुनौतिहरुः**

- अनिवार्य र निःशुल्क शिक्षा ऐन कार्यान्वयन गर्न ।
- विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दीको मिलान तथा वितरण गर्न,
- समुदायलाई सामुदायिक विद्यालयहरुको अपनत्व स्वीकार गराउन ।
- शैक्षिक गुणस्तर अभिवृद्धि गर्न ।
- विद्यालयहरुलाई नेट इन्टरनेटको पहुँचमा पुऱ्याउन ।
- स्थानीय पाठ्यक्रममा आधारित सन्दर्भ सामग्री तथा पाठ्यपुस्तक विकास गर्न ।
- विद्यालयहरुमा आवश्यकता अनुसार भौतिक पूर्वाधारको विकास गर्न ।
- विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा भर्ना गरी टिकाइ राख्न ।
- विद्यालय विपद प्रतिकार्य योजना विकास तथा कार्यान्वयन गर्न ।

**१.४ अवसरहरुः**

- शिक्षामा पहुँच र सहभागितामा  वृद्धिगर्ने ।
- शैक्षिक गुणस्तर सुधार गर्ने,
- शिक्षा सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्थाको कार्यान्वयन गर्ने,
- तिनै तहका सरकारबीच समन्वय,सहकार्य र जिम्मेवारी  पुरा गर्ने
- शिक्षामा लगानी वृद्धि गरी  गुणस्तर सुधार गर्ने,
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्ने,
- स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण र कार्यान्वयन गर्ने
- सार्वजनिक विद्यालय प्रतिको जन चासो र अपनत्व ग्रहण गर्ने,
- प्राविधिक शिक्षाको विस्तारबाट रोजगारीका अवसर सिर्जना गर्ने,
- स्रोतको पहिचान तथा व्यवस्थापन

## परिच्छेद २

### दुरदृष्टि, उद्देश्य, रणनिति तथा लक्ष्य निर्धारण

### २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

हाम्रा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजहरुको बारेमा माथि परिचय खण्डमा छलफल गरिसकिएको छ । यस खण्डमा हाम्रो पालिकाको शैक्षिक योजना कार्यान्यनबाट के के प्राप्त गर्ने तथा के के उपलव्धिहरू हासिल गर्ने भन्ने बारेमा प्राविधिक कार्यहरू गर्दछौ । जसमा हाम्रो शैक्षिक योजनाको लक्ष्यहरु निर्धारण गर्दछौ तर यी कार्यहरू गर्नुपूर्व तथा कार्यहरूको दौरानमा हामीले माथि उल्लेखित नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजहरुको प्रावधानहरुलाई योजनाको लक्ष्यहरुमा प्रतिविम्वित गर्नु अनिवार्य हुन्छ । यसका लागि हाम्रा नीति, ऐन, नियम, र अन्य सम्बन्धित दस्तावेजहरु मध्ये केहीमा उल्लेख भएका प्रावधानहरुलाई निम्नानुसार प्रस्तुत गरिएका छन् ।

### २.१.१ संबैधानिक प्रावधानहरुः

**धाराः ३१**

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा  बहिरा र स्वर वा बोलाई सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।
- नेपालमा वसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून वमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।
- धारा ५१ राज्यका नीतिहरुः (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः
- शिक्षालाई वैज्ञानिक, प्रावधिक,  व्यवसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने,
- शिक्षा क्षेत्रमा राज्यको लगानी अभिबृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने,
- उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने,
- नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने,
- यसैगरी धारा ३८ को महिलाको हक सम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हक सम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हक सम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हक सम्बन्धी उपधारा २ र ५ मा पनि लक्ष्यित समूहका लागि शिक्षा सम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

### २.१.२ स्थानीय सरकार सञ्चालन सम्बन्धी ऐन (शिक्षा सम्बन्धी अधिकारः गाउँ/नगरपालिका)

**दफा ११** (२)

- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन ।
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्यांकन र नियमन ।
- मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन ।
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन ।
- गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन ।
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन ।
- विद्यालयको नामाकरण ।
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन ।
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण ।
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान ।
- विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन ।
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन ।
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन ।
- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन ।
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन ।
- ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन ।
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, सम्बर्धन र स्तरीकरण ।
- स्थानीय पुस्तकालय सञ्चालन तथा व्यवस्थापन ।
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन ।
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन ।
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास ।
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।
- गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयमा स्थानीय स्तरको विकासका लागि आवधिक,वार्षिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ ।

- योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुनेगरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशिकरण जस्ता अन्तर सम्बन्धित विषयलाई ध्यानदिनु पर्नेछ ।
- योजना बनाउँदा देहायका बिषयलाई प्राथमिकता दिनुपर्नेछः।
- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ।
- उत्पादन मूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने ।
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ।
- स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने ।
- महिला, बालबालिका तथा पिछडिएका बर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने ।
- दिगो विकास, वातावरणीय संरक्षण तथा सम्बर्द्धन गर्न सघाउ पुर्याउने ।
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिबृद्धिमा सघाउ पुर्याउने ।
- योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्नेछ ।
- अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नु पर्दछ ।

### २.१.३ संघ, प्रदेशर स्थानीय तह समन्वय तथा अन्तर सम्बन्ध ऐन, २०७७ (योजना निर्माण सम्बन्धी):

- आयोजना तर्जुमा र कार्यान्वयनः
- स्थानीय तह भित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीय स्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्नेछ ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयनगर्दा संघीय कानूनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नु पर्नेछ ।
- संघले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्ने सक्नेछ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नु पर्नेछ ।

### २.१.४ अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७ अनुसार रहनु पर्ने विषयहरू

- दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नु पर्ने व्यवस्थाः स्थानीय तह मार्फत राज्यले चारवर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नु पर्नेछ ।
- चारवर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल बिकास तथा शिक्षा प्रदानगर्नु पर्नेछ ।
- दफा १४ अनुसार वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने । आधारभूत तह
- दफा १५ अनुसार अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने । माध्यमिक तह
- दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने ।

- दफा १७ मा प्राविधिक शिक्षा सम्बन्धी व्यवस्था ।
- दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा ।
- दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्कहुने ।
- पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रवन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था ।
- साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकताअनुसार क) सामुदायिक सिकाई केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा, ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम । (नियम ३)
- आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जानसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवाससुबिधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्दछ । (नियम ४)
- माध्यमिक तह सम्मको शिक्षामा शुल्क लिन नहुनेः क) विद्यार्थी भर्ना शुल्क, ख) मासिक पढाईशुल्क, ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम । (नियम ५)
- छात्रवृत्ति तथा विशेष व्यवस्था (ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइसामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुबिधा सहितकोबिद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोशाक, शैक्षिक सामग्री, आदि) । (नियम ६)
- जनआन्दोलन, सशस्त्र संधर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद, बेपत्ता पारिएकाव्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोशाक तथा स्टेशनी वापतको छात्रवृत्तिमा  आवश्यकता र उपलब्धताको आधारमा विशेष अबसर प्रदान गर्नेछ ।

**२.२ दूरदृष्टिः**

स्वावलम्बी, सिपमूलक, व्यवसायिक, प्रविधिमैत्री, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान गरी कृषि, प्र्रयटन र पूर्वाधार मार्फत स्वामीकार्तिक खापर गाउँपालिकाको विकासको आधार तयार गर्ने ।

**२.३ लक्ष्यः**

२०८५ सम्म गाउँपालिका भित्रका विद्यालय जाने उमेरका सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित गरी, सबैका लागि सुरक्षित गुणस्तरीय, प्रतिस्पर्धी, प्रविधिमैत्री, बालमैत्री तथा अपाङ्गमैत्री वातावरणमा, रोजगारमूलक र उत्पादनमूखी शिक्षाको अवसर प्रदान गरी दक्ष जनशक्ति उत्पादनमा जोड दिने ।

**२.४ उद्देश्य**

गाउँ शिक्षा योजनाका प्रमुख उद्देश्यहरुः

१. स्वामीककार्तिक खापर गाउँपालिकाका सबै उमेर अनुसार बालबालिकालाई प्रारम्भिक बालविकासको अवसर सुनिश्चित गर्नु,

२. आधारभूत शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु,

३. प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गरी सबैको पहुँच तथा गुणस्तर सुनिश्चित गर्नु,

४. गाउँपालिका भित्रको शिक्षा प्रणालीमा सुशासन कायम गरी पार्दशिता, उत्तरदायित्व र जवाफदेहिताको विकास गर्नु,

५. ज्ञान, विज्ञान र प्रविधिको विकाससंगै आएको नवीनतम परिर्वतन शिक्षा क्षेत्रमा समावेश गर्नु,

६. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर सुनिश्चित गर्नु,

७. गाउँपालिकाभित्रका सम्पूर्ण नागरिकलाई सामुदायिक विद्यालय अब्बल छन् शहर धाउनु पर्दैन भन्ने भावनाको सुनिश्चित गर्ने,

८ बिद्यालयमा बिपद जोखिम  न्युनीकरणसम्बन्धि योजना बनाउने

९  आपतकालिन अबस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिने ।

१० विद्यालयलाई हरित विद्यालय बनाउनमा जोड दिने ।

## २.५ स्वामीकार्तिक खापर गाउँपालिकाको दीर्घकालीन रणनीतिहरुः

क. प्रारम्भिक बालविकास केन्द्रको संख्यात्मक विस्तार गरी सबै बालबालिकाका लागि अनिर्वाय गर्ने ।

ख. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षा निःशुल्क बनाउने ।

ग. गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न सरोकारवाला सबै निकायको क्षमता विकासमा जागरुक र जवाफदेहिताको विकास गर्नु ।

घ. प्रतिभा पलायनबाट बच्न मागमा आधारित प्रविधिमैत्री शिक्षा प्रणालीको विकास गरी सीपयुक्त जनशक्ति तयार पार्ने ।

ङ. युवाहरुको लागि यसै गाउँपालिकामा प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरु सञ्चालन गरी गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षामा पहुँच सुनिश्चित गर्ने ।

च. वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारीमूलक एवम् जनमुखी शिक्षामार्फत सिर्जनशील, प्रतिस्पर्धी र राष्ट्रप्रति जिम्मेवार जनशक्ति तयार गर्ने ।

छ. नागरिकलाई कामको संसार सँग परिचित गराई सीपको प्रमाणीकरणको व्यवस्था मिलाउने ।

ज. शिक्षाको समग्र गुणस्तर कायम गर्न विद्यालयमा गरिएको लगानीको प्रतिफलमा आधारित थप लगानी पद्धतिको विकास गर्ने ।

झ. सम्पूर्ण शिक्षा प्रणालीलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाउने ।

ञ.  बिद्यालयमा बिपद जोखिम  न्युनीकरणसम्बन्धि योजना बनाई कार्यान्वयन गर्न लगाउने

ट. आपतकालिन र संकटपूर्ण परिस्थितिमा समेत बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने ।

ठ. सामुदायिक विद्यालयलाई हरित विद्यालय बनाउनमा विशेष जोड दिने ।

## २.६ कार्यनीतिहरुः

- विद्यालय, बालविकास केन्द्र, भौगोलिक दुरीका आधारममा नक्शाङ्कन गर्दै विस्तार गरिने छ ।
- आधारभूत शिक्षालाई अनिवार्य र निशुल्क उपलब्ध गराउन वडा स्तरीय शिक्षा कार्यन्वयन समिति गठन गरिने छ ।

- माध्यमिक शिक्षामा गुणस्तर वृद्धि गर्न विषयगत रुपमा शिक्षक दरबन्दी सिर्जना गरिनेछ ।
- निःशुल्क माध्यमिक शिक्षालाई कडाइका साथ लागु गरिनेछ ।
- आधारभूत तथा माध्यमिक शिक्षामा गुणस्तर सुधार ल्याउन अभिभावक शिक्षा कार्यक्रम समेत सञ्चालन गरिने छ ।
- गुणस्तरीय शिक्षा सबैको पहुँचमा पुऱ्याउन र शिक्षा सुनिश्चित गर्न शिक्षासँग सम्बन्धित सरोकारवाला सबैसँग भेटघाट तथा अन्तरक्रिया सञ्चालन गर्दै उनीहरुका क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।
- नव प्रतिभाहरुको क्षमता, ज्ञान, सिप र अनुभवलाई उपयोग गर्न प्रतिभा पहिचान र सम्मान तथा सहभागितामूलक कार्यक्रम सञ्चालन गर्ने ।
- पालिकामा सम्भाव्य क्षेत्रतर्फका विभिन्न खालका प्राविधिक शिक्षालयहरु ( कृषि वाली विज्ञान, भेटेनरी, पशुविज्ञान, इन्जिनियरिङ, जनस्वास्थ्य सम्बन्धि ) खोली व्यवसायी शिक्षामा पहुँच सुनिश्चित गरिने छ ।
- पालिका स्तरमा विभिन्न खालका प्राविधिक तालिम केन्द्रहरु स्थापना गरी आधारभूत शिक्षा र माध्यमिक शिक्षा प्राप्त गरी उच्च शिक्षाबाट बञ्चित युवा शक्तिलाई विभिन्न खालका तालिम ( घडी, मोवाइल मर्मत केन्द्र, बिद्युत वाइरिङ् तालिम केन्द्र, सिलाई बुनाई तालिम केन्द्र ) सञ्चालन गरी प्रमाणीकरणको समेत व्यवस्था गरिने छ ।
- बाल कक्षादेखि विद्यालय तह सम्मको शिक्षण सिकाइ प्रक्रिया नतिजा तयार र अभिलेखीकरण विद्यालयको आर्थिक, भौतिक, शैक्षिक लगायत  सम्पूर्ण शैक्षिक प्रणालीलाई सूचना तथा सञ्चार प्रविधिमा आधारित बनाइनेछ ।
- बालमैत्री विद्यालय वातावरण अनिवार्य रुपमा तयार गरिने छ ।
- वातावरण मैत्री विद्यालयको वातावरण निर्माण गरिनेछ ।
- हरित विद्यालय कार्यक्रम विस्तार गरी प्रत्येक विद्यालयमा विद्यार्थीहरुलाई सक्रिय बनाई श्रमसँग साक्षत्कार गर्न “पढ्दै कमाउदै, सिक्दै रमाउदै ” कार्यक्रमलाई कार्यन्वयन गर्दै लगिनेछ ।
- बाल केन्द्रित शिक्षण सिकाइलाई पूर्णरुपमा लागु गर्न कक्षाकोठाको वातावरण विद्यार्थी अनुकुल बनाइनेछ ।
- अपाङ्ग र विशेष आवश्यकता भएका बालबालिकाको लागि छुट्टै कार्यक्रम लागु गरिनेछ ।
- विद्यार्थीलाई सजाय दिने परिपाटिलाई निरुत्साहित गर्दै भयमुक्त वातावरणीय कक्षाकोठा व्यवस्था गरिनेछ ।
- शिक्षा र शिक्षणसँग सम्बन्धित सरोकारवालाको गुनासो सुन्ने र उचित खालको सुनुवाईको व्यवस्था गरिनेछ ।
- प्रत्येक माध्यमिक विद्यालयबाट अर्धवार्षिक वा वार्षिक रुपमा शैक्षिक वुलेटिन प्रकाशन गर्ने व्यवस्था गरिनेछ ।
- पेशागत तालिम पुर्नताजगी तालिम, विषयवस्तुसँग सम्बन्धित तालिम लगायतका शिक्षकलाई आवश्यक तालिमको पूर्णतया व्यवस्था गरिनेछ ।
- प्राथमिक, पूर्वप्राथमिक आधारभूत तहका शिक्षकलाई बालमनोविज्ञान सम्बन्धि तालिमको अनिवार्य व्यवस्था गरिनेछ ।
- प्रारम्भिक तह कक्षा पढाइ कार्यक्रमलाई विकास र विस्तार गरिनेछ ।
- हरेक विद्यालयका विद्यार्थी प्रतिभाको खोजी गरी उनीहरुलाई उत्प्रेरित गर्ने खालका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- अनौपचारिक शिक्षा, विशेष शिक्षाजस्ता साक्षरता शिक्षालाई थप विस्तार गरी साक्षरोत्तर कार्यक्रमलाई प्रभावित गरिनेछ ।
- माध्यमिक शिक्षा पश्चात अध्ययन छोडी विदेशीने प्रवृत्तिलाई निरुत्साहित गर्न उच्च शिक्षा अध्ययनमा विद्यार्थी प्रेरित गर्नुका साथै सो परिपुर्ति गर्ने खालका कार्यक्रम तय गरिनेछ ।
- वर्तमान अवस्थामा शैक्षिक अवस्था ह्रास हुने र सरकारी सेवामा प्रवेश हुन बन्चित हुनु परेको अवस्थालाई मध्यनजर गर्दै लोकसेवा र शिक्षक सेवा आयोग मुखी कार्यक्रम लागु तथा तयारी कक्षाको व्यवस्था गरिनेछ ।
- जीवन र जगतलाई आत्मसाथ गर्ने जनशक्ति तयार गरिनेछ ।
- जसका लागि दर्शन र जीवन जगतको बोध सम्बन्धि आंशिक पाठ्यक्रम निर्माण गरी बालबालिकालाई जीवन दर्शनसँग परिचत गराउने खालका कार्यक्रम सञ्चालन गर्निछ ।
- नैतिक मूल्यमान्यतामा विश्वाश गर्ने शान्ति स्थापनार्थ भूमिका खेल्ने जनशक्ति तयार गर्ने, अध्यात्मक र योग जस्ता विषयवस्तुलाई समेटिएको शिक्षा प्रणालीको व्यवस्था गरिनेछ ।
- शिक्षकको वृत्तिविकासलाई पालिकाले यथाशक्य व्यवस्थापन गर्ने नीति अपनाइनेछ ।
- पालिकामा भएका समाजसेवी, बुद्धिजीवि, शिक्षाप्रेमी, इतिहासकार, प्रविधिसँग जानकार, पाका व्यक्तित्वहरु लगायतलाई थिङक ट्याङ्कका रुपमा उपयोग गरी आवश्यक सुझाव कार्यन्वय गरिनेछ ।
- शिक्षा क्षेत्रमा देखिने हरेक खालका राजनैतिक हस्तक्षेपलाई पूर्णतया निर्मूल गरिनेछ ।
- शिक्षकलाई आत्म अनुशासित बनाउन र अनुकरणीय व्यक्तित्वको रुपमा परिचत बनाउने खालका सचेतनामुलक तथा निर्देशनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयको व्यवस्थापन पक्षामा सुधार गर्दै भौतिक पूर्वाधारलाई प्राथमिकतामा राखिने छ ।
- अभिभावकलाई शिक्षा क्षेत्र र विद्यालय प्रति उत्तरदायी बनाउन विभिन्न खालका कार्यक्रम विद्यालयमा आमा कार्यक्रम, बुढापाकासँग विद्यार्थी कार्यक्रम, पूर्वविद्यार्थी पुर्नमिलन कार्यक्रम, स्वास्थ्यसँग विद्यार्थी कार्यक्रम लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालयले आफ्नै खालको कार्यविधि मानक र सूचक तयार गरी लागु गर्ने गरी व्यवस्था गरिनेछ ।
- प्रधानाध्यापकले अर्धवार्षिक रुपमा शिक्षकको कार्य सम्पादन मूल्याङकन गर्ने परिपाटी सञ्चालन गरिनेछ ।
- प्रत्येक विद्यालयमा स्थानीय लोपोन्मुख तथा अन्य सामग्री संकलन गरिने संग्रालय कक्षको स्थापना गरिनेछ ।
- हालको अवस्थालाई दीर्घकालीन पछिल्लो पुस्ताले समेत अवलोकन गर्न मिल्ने खालको पालिकाको वृत्तचित्र तयार गरिनेछ ।
- माध्यमिक विद्यालयबाट त्रैमासिक रुपमा आफ्नो क्षेत्रका आ.वि हरुमा अनुगमन गर्ने व्यवस्था गरिनेछ ।
- हरेक विद्यालयलाई शैक्षिक सामग्री सम्पन्न विद्यालयका रुपमा विकास गरिनेछ ।
- शिक्षाको समग्र गुणस्तर कायम गर्न शैक्षिक लगानीमा उल्लेख्य रुपमा बृद्धि गरिनेछ ।
- विद्यालयमा प्रकोप जोखिम न्युनिकरण र रोकथामको लागि योजना बनाउन लगाउने
- सबै विद्यालयलाई हरित विद्यालय बनाउनका लागी पहल गर्ने
- आपतकालिन अवस्थामा पनि बालबालिकाको पढाईको निरन्तरतको लागि पहल गर्ने

## २.७ अपेक्षित उपलब्धि:

- पूर्व प्राथमिक विद्यालय उमेरका सबै बालबालिका बालविकास केन्द्रमा भर्ना भएका हुनेछन ।
- आधारभूत शिक्षा उर्त्तिण दर बृद्धि हुनुका साथै गुणस्तर र पहुँच सुनिश्चित भएको हुनेछ ।
- सम्पूर्ण माध्यमिक विद्यालयमा विषयगत दरबन्दी पुरा भई गुणस्तरीय शिक्षाका साथै माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा र उर्त्तीण दर बृद्धि भएको हुनेछ ।
- पालिकाका सम्पूर्ण वडाहरुलाई समेट्ने गरी प्राविधिक विषय पढाइ हुने विद्यालय सञ्चालन भएको हुनेछ ।
- पालिका भरिको विद्यालय शिक्षाको सम्पूर्ण प्रणाली प्रविधिमा आधारित भएको हुनेछ ।
- विद्यालयहरु बालमैत्री र वातावरणीय मैत्री भएका हुनेछन ।
- सम्पूर्ण विद्यालयमा विषयगत शिक्षक दरबन्दी व्यवस्थापन भएको हुनेछ ।
- सम्पूर्ण कक्षाकोठामा तालिम प्राप्त शिक्षकहरुले शिक्षण गर्ने अवस्था तयार हुनेछ ।
- आगामी दश वर्षमा सरकारी सेवामा प्रवेश गर्ने जनशक्ति उल्लेख्य रुपमा वृद्धि भएर प्रति वर्ष पालिकामा रहेका अयोग्य प्रतिस्पर्धागर्न योग्य जनशक्तिको दश प्रतिशत सरकारी सेवामा प्रवेश गरेको हुनेछ ।
- सम्बन्धित सरोकारवाला सबै आमअभिभावकहरु लगाएतका व्यक्तित्वको शिक्षा क्षेत्रमा सहभागिता वृद्धि भए शैक्षिक गुणस्तर कायम भएको हुनेछ ।

## २.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण:

| क्र.स | सूचक | राष्ट्रिय, प्रदेश र स्थानीय तहको सूचक | आधार बर्ष | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | सूचक को स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास र शिक्षा | | | | | | | | | |
| १.१ | प्रारम्भिक बाल विकास र शिक्षामा कुल भर्ना दर | स्थानीय | ६५.७ | ६६.०६ | ६६.४ | ६६.७ | ६७.० | ६७.३ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | ८६.२ | | ८९.५ | | ९४.० | | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालवालिका | स्थानीय | ६५.० | ६५.२ | ६५.४ | ६५.८ | ६६.० | ६६.२ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | ६८.६ | | ७३.० | | ८५.० | ९५.० | | |
| २ | आधारभूत शिक्षा कक्षा १–८ | | | | | | | | | |
| २.१ | कक्षा १ मा | स्थानीय | ६९.७ | ७२.४ | ७५.३ | ७८.३३ | ८१.४ | ८४.६ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | भर्ना भएका बालवालिका को खुद भर्ना दर | प्रदेश | | | | | | | | |
| | | | | राष्ट्रिय | ९६.९ | | ९७.५ | | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालवालिका को कुल प्रवेश दर | स्थानीय | १२४.३ | १२३.०८ | १२१.८८ | १२०.६९ | ११९.५२ | ११८.३५ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | | ११५. | | १०७ | १०५ | | |
| २.३ | आधारभूत तह प्राथमिक कक्षा १–५ मा खुद भर्ना दर | स्थानीय | ९५ | ९६ | ९७ | ९७.५ | ९७.८ | ९८ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | ९७.१ | | ९९.० | | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह प्राथमिक कक्षा १–५ मा कुल भर्ना दर | स्थानीय | ११४.४ | ११२.१ | १११.१८ | १०९.९९ | १०८.९ | १०७ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | | ११५ | | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर | स्थानीय | ८७.० | ८९.० | ९२.० | ९५.० | ९७.० | ९९.० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | ९८.३ | | | | | | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुल प्रवेश दर | स्थानीय | १११ | ११० | १०९ | १०७ | १०६ | १०५ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | ११३ | | ११० | | १०७ | १०५ | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर | स्थानीय | ९४.० | ९५.० | ९७.० | ९८.० | ९९.० | ९९.५ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर | स्थानीय | ७५.० | ७८.० | ७९.० | ८५.० | ९०.५ | ९९.० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | | ९३.१ | | ९५.५ | ९९.५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.९ | आधारभूत तह ( प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ बर्ष उमेरभन्दा माथिका बालबालिका | स्थानीय | ३१.० | २८.० | २५.० | १६.० | १४.० | ९.० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | २२.२ | | २०.० | | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५ कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | १.०७ | १.०५ | १.०४ | १.०३ | १.०२ | १.०१ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | | १.०१ | | | |
| २.११ | आधारभूत तह ( कक्षा १-८) मा खुद भर्ना दर | स्थानीय | ९०.५ | ९२.८ | ९५.० | ९८.० | ९९.० | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | | ९९ | | | १०० | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर | स्थानीय | ११६ | ११२ | ११० | १०७ | १०४ | १०२ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | | | |
| २.१३ | आधारभूत तह कक्षा ८ सम्मको टिकाउ दर | स्थानीय | ९०.० | ९२.० | ९३.० | ९४.० | ९५.५ | ९८ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | ९९.३ | | | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | स्थानीय | ७८.० | ८१.० | ८५.० | ९३.० | ९५.० | १०० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | | | ९५ | | |
| २.१५ | आधारभूत तह (कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | १.०७ | १.०५ | १.०४ | १.०२ | १.०० | ०.९९ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका ( कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका बालबालिकको संख्या | नेपाली | स्थानीय | ५७ | ६० | ६२ | ६४ | ६६ | ६८ | | |
| | | | प्रदेश | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | |
| | | गणित | स्थानीय | ५० | ५२ | ५४ | ५६ | ५८ | ६० | | |
| | | | प्रदेश | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | |
| | | अंग्रेजी | स्थानीय | ४८ | ५० | ५२ | ५४ | ५६ | ५८ | | |
| | | | प्रदेश | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका ( कक्षा ५ को आधार-भूत तह हासिल भएका बाल-बालिकको संख्या | नेपाली | स्थानीय | ५४ | ५८.० | ६०.० | ६३.० | ६५.० | ६८ | | |
| | | | प्रदेश | | | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | | ५२.० | | ६०.० | | | |
| | | गणित | स्थानीय | ४२ | ४४.० | ४८.० | ५०.५ | ५३.० | ५६ | | |
| | | | प्रदेश | | | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | | | |
| | | अंग्रेजी | स्थानीय | ४८ | ५२.० | ५४.० | ५८.० | ६०.० | ६५ | | |
| | | | प्रदेश | | | | | | | | |
| | | | राष्ट्रिय | | | | | | | | |
| | कक्षा ८ मा न्यूनतम सिकाइ | नेपाली | स्थानीय | ६२.० | ६४.० | ६७.० | ६९.० | ७२.० | ७५ | | |
| | | | प्रदेश | | | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७०.० | ७२.० | ७५.० | | | | |
| | | ग | स्थानीय | ५५ | ५८.० | ६०.० | ६२.० | ६५.० | ६८ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१८ | उपलब्धि हासिल गरेका (कक्षा ८ को आधार-भूत वा तह ३ हासिल भएका बालबालिकाको संख्या | | प्रदेश | | | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | | | |
| | | विज्ञान | स्थानीय | ५५.० | ५८.० | ६०.० | ६२.५ | ६५.० | ६८ | | |
| | | | प्रदेश | | | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | | | |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका | आधारभूत तह कक्षा १-५ | स्थानीय | १.० | ०.५ | ०.४ | ०.३ | ०.२ | ०.१ | | |
| | | | प्रदेश | | | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ०.० | | | | |
| | | आधारभूत तह कक्षा १-८ | स्थानीय | २.० | १.६ | १.० | ०.५ | ०.४ | ०.१ | | |
| | | | प्रदेश | | | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | १.० | ० | | | | |
| २.२० | आधारभूत तह(कक्षा १-८) अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको संख्या | | स्थानीय | ३६ | ३९ | ४५ | ४७ | ५० | ५० | | |
| | | | प्रदेश | | | | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५०.० | | | | |
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | | | | |
| | माध्यमिक तह ( | | स्थानीय | ५४.० | ५८. | ६४.० | ७०. | ७५.० | ७८.० | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३.१ | कक्षा ९-१२) मा खुद भर्ना दर | | | ० | | ० | | | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | ४७.६ | | ६५.० | | | | | |
| ३.२ | माध्यमिक तह ( कक्षा ९-१२) मा कुल भर्ना दर | स्थानीय | ६७.० | ७०.० | ७५.० | ७८.० | ८२.० | ८५.० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | ७१.४ | | | ९९ | | | | |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैंगिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | १.० | ०.९९ | ०.९५ | ०.९२ | ०.९० | ०.८८ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | १.०२ | १. | १.०० | १.०० | | | | |
| ३.४ | आधारभूत तह बाट माध्यमिक तहमा ट्रान्जिसन दर | स्थानीय | ८० | ८२.५ | ८५ | ८८ | ९० | ९२ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | ९७.५ | | | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर | स्थानीय | ६५ | ६८.५ | ७०.५ | ७३ | ७५ | ७८.८ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | ६०.३ | | | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर | स्थानीय | २६ | २८.० | ३०.० | ३२.५ | ३५.८ | ४०.५ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | २४.० | | | | | | | |
| ३.७ | माध्यमिक तह कक्षा ९-१२ मा कार्यरत महिला शिक्षक संख्या | स्थानीय | ०.२ | ०.५ | ०.८ | १.० | १.५ | १.८ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | २०.६ | २२ | २७.० | ३३.० | | | | |
| ३.८ | माध्यमिक तह कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थीहरुमध्ये विज्ञान र प्राविधिक | स्थानीय – विज्ञान | ० | ० | ० | ० | ० | ० | | |
| | | स्थानीय – प्र.व्या | | | | | | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी संख्या | | प्रदेश | विज्ञान | | | | | | | | |
| | | | प्रदेश | प्रा.व्या | | | | | | | | |
| | | | राष्ट्रिय | विज्ञान | | | १५.० | | | | | |
| | | | राष्ट्रिय | प्रा.व्या | १० | १७ | ३० | | | | | |
| ३.९ | कक्षा १० का सिकाइ उपलब्धि अङ्कमा | नेपाली | | स्थानीय | ५५ | ५८ | ६० | ६३ | ६५ | ६८ | | |
| | | | | प्रदेश | | | | | | | | |
| | | | | राष्ट्रिय | | | | | | | | |
| | | गणित | | स्थानीय | ४५ | ४८ | ५० | ५२ | ५४ | ५६ | | |
| | | | | प्रदेश | | | | | | | | |
| | | | | राष्ट्रिय | | | | | | | | |
| | | विज्ञान | | स्थानीय | ५० | ५२ | ५५ | ५८ | ६२ | ६५ | | |
| | | | | प्रदेश | | | | | | | | |
| | | | | राष्ट्रिय | | | | | | | | |
| | | अंग्रेजी | | स्थानीय | ४८ | ५२ | ५५ | ५८ | ६० | ६५ | | |
| | | | | प्रदेश | | | | | | | | |
| | | | | राष्ट्रिय | | | | | | | | |
| ४. जीवन पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ बर्ष भन्दा माथि) | | | स्थानीय | ६६.० | ६८ | ७० | ७२ | ७५ | ७८ | | |
| | | | | प्रदेश | | | | | | | | |
| | | | | राष्ट्रिय | ५८ | | ९५ | | | | | |
| ४.२ | साक्षरता दर (६ बर्ष भन्दा माथि)%) | | | स्थानीय | ७१ | ७२ | ७४ | ७८ | ८० | ८२ | | |
| | | | | प्रदेश | | | | | | | | |
| | | | | राष्ट्रिय | ८२ | ८९ | ९५ | १०० | | | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | | | स्थानीय | ७५ | ७६ | ७७ | ७८ | ७९ | ८२ | | |
| | | | | प्रदेश | | | | | | | | |
| | | | | राष्ट्रिय | | ९२ | | | | | | |
| ४.४ | साक्षरता दरमा | | | स्थानीय | ०.५ | ०.६२ | ०.७२ | ०.७ | ०.८१ | ०.८५ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लैङ्गिक समता (१५ बर्ष भन्दा माथि) | | | ४ | | | ९ | | | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० | | | | |
| ५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम | | | | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रुपले सक्रिय जनशक्ति | स्थानीय | | २१ | ३१ | ४१ | ५१ | ५५ | ६० | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | | ३१ | ४० | ५० | ७५ | | | | |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति (बार्षिक संख्या) | स्थानीय | छात्रा | २५ | ३५ | ४५ | ५५ | ६५ | ७५ | | |
| | | | छात्र | २२ | ३२ | ४२ | ५२ | ६२ | ७२ | | |
| | | प्रदेश | छात्रा | | | | | | | | |
| | | | छात्र | | | | | | | | |
| | | राष्ट्रिय | छात्रा | | | | | | | | |
| | | | छात्र | | | | | | | | |
| ६. सुशासन तथा व्यवस्थापन | | | | | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी- शिक्षक अनुपात ( सामुदायिक विद्यालय) | स्थानीय | | २० | २० | २० | २० | २० | २० | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | |
| ६.२ | आधारभूत तह ( कक्षा ६-८) मा विद्यार्थी- शिक्षक अनुपात ( सामुदायिक विद्यालय) | स्थानीय | | २४ | २४ | २४ | २४ | २४ | २४ | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी - शिक्षक अनुपात ( सामुदायिक | स्थानीय | | २१ | २१ | २१ | २१ | २१ | २१ | | |
| | | प्रदेश | | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालय) | | | | | | | | | |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी - शिक्षक अनुपात ( सामुदायिक विद्यालय) | स्थानीय | २५ | २५ | २५ | २५ | २५ | २५ | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | |
| ६.५ | माध्यमिक तह ( कक्षा ९-१२) मा विद्यार्थी - शिक्षक अनुपात | स्थानीय | ३८ | ३८ | ३५ | ३४ | ३२ | ३० | | |
| | | प्रदेश | | | | | | | | |
| | | राष्ट्रिय | | | | | | | | |

## परिच्छेदः ३

### विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु

### ३.१ प्रारम्भिक बालविकास र शिक्षा

#### ३.१.१ परिचय

प्रारम्भिक बालविकासले आधारभूत शिक्षाका लागि विद्यार्थीलाई तयार गराउने कार्य गर्दछ । प्रारम्भिक बालविकासले विद्यालय जाने उमेरका बालबालिकाहरुको शारीरिक, मानसिक तथा बौद्धिक र सामाजिक जस्ता सर्वाङ्गीण विकासमा सहवोग गर्दछ । नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा चार बर्ष उमेर पुगेका बालविकासका लागि एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख छ ।नेपालको पन्ध्रौ योजनामा पनि प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई जोड दिएको सन्दर्भमा सो कार्यक्रमलाई समावेश गरिएको छ । यस कार्यक्रमलाई सवै बालबालिकाहरुको पहुँचमा पुगाउनका लागि सरकारी तथा गैर सरकारी संस्था, स्थानीय सरकार, समुदाय, विद्यालयहरु तथा आम सरोकारवालाहरुको हातेमालो वा सहयोग हुन आवश्यक छ । यस योजना अवधिका लागि बालविकास तथा शिक्षा कार्यक्रमको उद्देश्य, नीतिहरु, कार्यक्रम कार्यान्वयनको योजना  तथा प्रमुख नतिजाका लक्ष्यहरु उल्लेख गरिएको ।

#### ३.१.२ वर्तमान अवस्था

स्वामीकार्तिक खापर गाउँपालिकाको ५ वडामा जम्मा ३३ वटा बालविकास केन्द्रहरु रहेका छन् ।२७ वटा बालविकास केन्द्रहरु संघीय अनुदान र ६ वटा बालविकास केन्द्रहरु गाउँपालिका अनुदानबाट संचालनमा छन्। वडा नं १ मा ९ वटा, वडा नं २ मा ६ वटा, वडा नं ३ मा ८ वटा, वडा नं ४ मा ६ र वडा नं ५ मा ४ वटा बालविकास केन्द्रहरु संचालनमा छन् । गाउँपालिका भित्र ४ र ५ बर्ष उमेर समूहका ३११ जना उमेर नपुगेका वा ४ बर्ष मुनिका उमेर समूहका ४९७ जना बालबालिकाहरु रहेका छन् । बालविकास केन्द्रमा जम्मा ३३ शिक्षकहरु सामान्य तालिम प्राप्त छन् । यस गाउँपालिकाको बालविकासमा कुल भर्नादर ६५.७ र बालविकासको अनुभव सहित कक्षा १ मा भर्नाहुने बालबालिकाहरु ६८.६ प्रतिशत रहेको छ ।

#### ३.१.३ उद्देश्य

१. प्रारम्भिक बालविकास शिक्षामा सहभागिता मूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

२. प्रारम्भिक बालविकास शिक्षाको गुणस्तर सुनिश्चत गर्नु ।

#### ३.१.४ रणनीतिहरु

उल्लेखित उद्देश्य हासिल गर्न स्थानीय तहले निम्नानुसार रणनीति अपनाउने छ ।

१. प्रारम्भिक बालविकास शिक्षामा सब बालबालिकाको पहुँच सुनिश्चित गर्नका लागि निर्धारित न्यूनतम मापदण्ड, पाठ्यक्रम, प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड र ढाँचा अनुसार प्रारम्भिक बालविकास शिक्षा संचालन गर्ने ।

२. बालविकास केन्द्रको नक्शाङ्कन गरी स्थानीय आवश्यकता अनुसार नयाँ बालविकास केन्द्र स्थापना गर्ने ।

३. नमुना बालविकास केन्द्रको स्थापना गर्ने ।

४. प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिबृद्धि गर्ने ।

५. प्रारम्भिक बाविकास र शिक्षाको प्रभावकारिता बृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संस्था, निजी क्षेत्र र विद्यालयबिच सहकार्य र समन्वय गर्ने ।

६. सहयोगी कार्यकर्ताको क्षमता विकासका लागि बिभिन्न तालिम कार्यक्रम संचालन गर्ने ।

७. बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री र बाल उद्यानको व्यवस्थापन गर्ने ।

८. राष्ट्रिय पाठ्यक्रम प्रारुपमा आधारित भई प्रारम्भिक बालविकास शिक्षाका लागि न्यूनतम् सिकाइ कार्यघण्टा सुनिश्चित गर्ने ।

### ३.१.५ उपलब्धि, नतिजा

**उपलब्धि**

यस योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य उपलब्धि बुँदागत रुपमा यस प्रकार उल्लेख गर्न सकिन्छ ।

१. सबै प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुने छन ।

२. सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

### ३.१.६. नतिजा

यस योजनाको कार्यान्वयनबाट हासिल हुन सक्ने मुख्य नतिजाहरु तलको तालिकामा उल्लेख गर्न सकिन्छ .

| क्र. सं | सूचक | आधार बर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास तथ शिक्षाको सहदै देखिने भर्ना दर | ६५.७ | ६५.७ | ६६.०६ | ६६.४ | ६६.७ | ६७.० |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने दर | ६५.०० | ६५.० | ६५.२ | ६५.४ | ६५.८ | ६६.० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | न्यूनतम मापदण्ड पुरा गरेका प्रारम्भिक बालविकास केन्द्रहरुको संख्या | ० | १ | १ | १ | १ | १ |
| ४ | सहयोगी कार्यकर्ताहरुको योग्यता र क्षमता विकास TPD तालिम प्राप्त संख्या | ० | ६ | ६ | ७ | ७ | ७ |
| ५ | बालकक्षा व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री र बाल उद्यानको व्यवस्था भएका बालविकास केन्द्रको संख्या | | | | | | ५ |

### ३.१.७. प्रमुख क्रियाकलाप र लक्ष्य

**प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधिकरण | पटक | | १ | १ | १ | १ | ४ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरुको नक्शाङ्कन तथा पुनर्वितरण | केन्द्र | | | १ | | | १ | |
| ३ | परिवार, समुदाय, गैरसरकारी संघसस्था र निजी क्षेत्रसँगको सहकार्य | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ४ | शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा बालविकासको तथ्याङ्क व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ५ | अपाङ्गता भएको बालबालिकाका लागि वैयक्तिक परिवार सेवा योजना | पटक | | १ | १ | १ | १ | ४ | |
| ६ | पोषणयुक्त दिवा खाजाको योजना | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | |
| ७ | बालविकासको पाठ्यक्रम प्रबोधीकरण | जना | | ३३ | | ३३ | | ३३ | |
| ८ | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | |
| ९ | सहयोगी कार्यकर्ताहरुको योग्यता र क्षमता विकास | जना | | ३३ | ३३ | ३३ | ३३ | ३३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | बालबालिकाको स्वास्थ्यजाँच, खोप तथा स्वास्थ्य सम्बन्धि अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रवन्ध गन | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | |
| ११ | स्थानीय भाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | |
| १२ | अभिभावक शिक्षा | पटक | २ | २ | २ | २ | २ | १० | |
| | बालबालिकको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | |
| १४ | परिवार, समुदाय, निजीक्षेत्र तथा गैर सरकारी संघ संस्थाहरुको सहभागिता, संलग्नता र जिम्वारी वृद्धि | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | ५ | |

### ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

शिक्षा ऐन २०२८ अनुसार नेपालमा प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षालाई आधारभूत शिक्षा मानिएको छ । आधारभूत शिक्षालाई बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन, सामाजिक समायोजनमा सहयोग तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधार तयार गर्दछ । यसले व्यक्तिलाई निरन्तर सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रुपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ । नेपालको संविधानले आधारभूत शिक्षालाई मौलिक हकका रुपमा लिई यो तहको शिक्षा निःशुल्क हुने उल्लेख गरेकाले आधारभूत शिक्षामा समतामूलक पहुँच पुगाइ गुणस्तर सुनिश्चत गर्ने दायित्व सरकारको हो । यसै गरी अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिबालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ ।

### ३.२.२ वर्तमान अवस्था

यस गाउँपालिकामा जम्मा २५ वटा सामुदायिक र १ वटा संस्थागत गरी जम्मा २६ विद्यालयहरु संचालनमा छन् । जसमध्ये ३ वटा विद्यालय १-१२ कक्षा संचालित, ३ वटा विद्यालय १-१० कक्षा संचालित, ४ वटा विद्यालय १-८ कक्षा संचालित, १० वटा विद्यालय १-५ कक्षा संचालित, ५ वटा विद्यालय १-३ कक्षा संचालित र १ वटा विद्यालय १ कक्षा संचालित रहेका छन् । यस तथ्याङ्क अनुसार २० वटा विद्यालयहरुलाई आधारभूत तहका विद्यालय मानिन्छन् ।यस तहको शिक्षाको पहुँचमा आर्थिक र सामाजिक अवस्था तथा भौगोलिक अवस्थितिका कारणले असमानता रहेको छ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री र संरक्षित बनाउने प्रयास आवश्यक छ ।

स्वामीकार्तिक खापर गाउँपालिका भित्र अध्ययन गर्न बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित पार्न पोषण, स्वास्थ्य सरसफाइ तथा दिवा खाजा जस्ता सेवालाई सुधार गर्दै अगाडि बढ्नु पर्ने आवश्यक छ । पेशागत रुपमा अपुग शिक्षक दरबन्दी, विद्यालय सक्षम नेतृत्व र व्यवस्थापनमा भएको समस्याले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तर व्यवस्थापनमा असर परेको देखिन्छ । यस तहमा विद्यालय छाड्ने दर कम भएता पनि कक्षा दोहोरयाउने जस्ता कारणले यो तह पूरा गर्ने दरमा अपेक्षित सुधार हुन नसकिएको अवस्थालाई मध्यनजर गर्दै यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नुपर्ने देखिन्छ । कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित आएका बालबालिकाको भर्ना दर ७६.४०, आधारभूत तह कक्षा १-५ को कुल भर्ना दर ११९ आधारभूत तह कक्षा १-५ खुद भर्ना दर ९५ आधारभूत तह कक्षा ६-८ को सहजै देखिने भर्ना दर १०५, आधारभूत तह कक्षा ६-८ को खुद भर्ना दर ५७.७२ रहेको छ । त्यसै गरी आधारभूत तह कक्षा १-८ को सहजै देखिने भर्ना दर ११६ र आधारभूत तह कक्षा १-८ को खुद भर्ना दर ९०.५ रहेको छ । आधारभूत तह कक्षा १-८ को औसत सिकाइ उपलब्धि ५८ रहेक छ ।

### ३.२.३ उद्देश्यहरु

आधारभूत शिक्षासँग सम्बन्धित यस गाउँपालिकको उद्देश्य यस प्रकार रहनेछन् ।

१. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्नु,

२. आधारभूत तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,

३. सबै बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने गरी शैक्षिक गुणस्तर निश्चित गर्नु,

४. आधारभूत तहको भौतिक तथा शैक्षिक वाताबरण बालमैत्री, सिकाइमैत्री. समावेशी, भयरहित र सुरक्षित बनाउनु

### ३.२.४ रणनीतिहरु

माथिका उद्देश्य हासिल गर्न यस स्थानीय तहले निम्न रणनीतिहरु अपनाउन सक्छ ।

१. विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन गर्नु ।

२. विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाको विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्नका लागि विभिन्न प्रोत्साहन मूलक कार्यक्रम सञ्चालन गर्ने ।

३. कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमका आधारमा कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने ।

४. सबै विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पूरा गराउने ।

५. विद्यालयमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने ।

६. न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङ्कन गर्ने ।

७. विद्यालयमा खानेपानी, शौचालय तथा सरसफाईको उचित प्रबन्ध सहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने

८. शिक्षकलाई पुनर्ताजगि तालिम कार्यक्रमको व्यवस्था मिलाउने ।

९. विद्यार्थी पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम संचालन गर्ने ।

१०. विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।

११. विद्यालय शिक्षालाई सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने ।

१२. दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सिपहरुलाई सिकाइ क्रियाकलामा एकीकृत गर्ने ।

१३. अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप संचालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने ।

१४. विद्यालयमा बालउद्यान, फूलबारी, करेसाबारी र वृक्षारोपरण आदि जस्ता कार्यक्रम समावेश गर्ने ।

**३.२.५ उपलब्धि,**

१. आधारभूत तहको शिक्षामा सबै बालबालिकाहरुको समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।

२. आधारभूत शिक्षा पुरा गरेका सबै बालबालिकाहरुमा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन् ।

३. आधारभूत तहका विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको हुनेछ ।

**३.२.६. नतिजा**

यस योजनाको कार्यान्वयनबाट हासिल हुन सक्ने मुख्य नतिजाहरु तलको तालिकामा उल्लेख गर्न सकिन्छ ।

| क्र. सं | सूचक | आधार बर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह कक्षा १-५ को खुद भर्ना दर | ९५ | ९६ | ९७ | ९७.५ | ९७.८ | ९८ |
| २ | आधारभूत तह कक्षा १-८ को खुद भर्ना दर | ९०.५ | ९२.८ | ९५.० | ९८.० | ९९.० | १०० |
| ३ | आधारभूत तह १-८ को सिकाइ उपलब्धि | ५८ | ६० | ६२ | ६४ | ६६ | ७० |
| ४ | आधारभूत तह १-८ मा विषयगत र तालिम प्राप्त शिक्षक संख्या | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | न्यूनतम सिकाइ मापदण्ड पुरा गरेका आधारभूत तहका विद्यालय संख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |

## ३.२.७. प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण**

| क्र. सं | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | विद्यालय | | १ वटा | ३ वटा | ४ वटा | | | |
| २ | सबै बालबालिकालाई विद्यालय भर्ना प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | विद्यालयको भौतिक पूर्वाधार विकास (पक्की भवन) | पटक | १ | ३ | | | | १ | |
| ४ | विद्यार्थीको सिकाइ उपलब्धि विश्लेषण | पटक | १ | २ | २ | २ | २ | ९ | |
| ५ | शिक्षकको क्षमता विकास तालिम | पटक | | १ | १ | १ | १ | ४ | |
| ६ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ७ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ८ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | | पटक | १ | १ | १ | १ | १ | |
| ९ | पाठ्यपुस्तकको उपलब्भता | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | सन्दर्भ सामग्रीको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ११ | विपन्नका लागि ड्रेस र स्टेशनरीका लागि छात्रवृत्ति | पटक | १ | १ | १ | १ | १ | ५ | |
| १२ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १७ | शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १८ | वि.व्य.स., शि.अ. संघका पदाधिकारी हरुको क्षमता विकास | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १९ | अभिभावक शिक्षा कार्यक्रम | पटक | १ | ३ | ३ | ३ | ३ | १३ | |

### ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

माध्यमिक शिक्षा कक्षा ९ देखि १२ ले मानवीय मूल्यका साथै भाषा, कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सिप, दृष्टिकोण तथा व्यवहारहरु आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ ।यव तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिपसहितको नागरिक विकास तथा उच्च शिक्षाको लागि तयारीको आधार पनि हो । नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरी आम नागरिकको लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न तीनै तहका सरकारलाई जिम्मेवारी बनाउने स्पष्ट दिशा निर्देश गरेको छ । माध्यमिक तहमा साधारण र प्राविधिक धारमा शिक्षा कार्यक्रम संचालनमा छन् । विद्यालय शिक्षा अन्तर्गत कक्षा ९-१२ मा संचालित प्राविधिक धारका कार्यक्रममा कार्यस्थल अनुभवसहित सिकाइ हुने गरी बनस्पति विज्ञान, प्राणी विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र सङ्गीत गरी ६ विषय क्षेत्र रहेका छन् ।

### ३.३.२ वर्तमान अवस्था

यस स्वामीकार्तिक खापर गाउँपालिका भित्र जम्मा ६ वटा माध्यमिक विद्यालयहरु संचालनमा रहेका छन् । जस मध्ये ३ वटा विद्यालय कक्षा १-१० सम्म २ वटा विद्यालय १-१२ कक्षा र १ वटा विद्यालय ६-१२ कक्षा सम्म संचालनमा रहेका छन् । यस पालिका भित्रका ६ वटै माध्यमिक विद्यालयहरु साधारण धार तर्फ संचालित छन् ।

प्राविधिक धार तर्फ कुनै पनि विद्यालय संचालन भएका छैनन् । माध्यमिक शिक्षा भौगोलिक अवस्थाको आधारमा यस पालिका भित्र सबै समुदायका बालबालिकाको पहुँचमा नभएता पनि जनसंख्याका आधारमा विभिन्न समूह र समुदायका बालबालिकाको पहुँच र सहभागितामा माध्यमिक विद्यालयहरुको उपलब्धता रहेका छन् ।परीक्षाको नतिजाविश्लेषणलाई गहन रुपमा लिनु आवश्यक देखिन्छ । माध्यमिक तहको सिकाइ उपलब्धि ४८ प्रतिशत रहेको छ । सबै विद्यालयमा विषयगत शिक्षक दरबन्दीको अभावका कारणले सिकाइ उपलब्धि सन्तुष्टि जनक नभएको पाइन्छ ।शिक्षक व्यवस्थापनका लागि गाउँपालिकाले वैकल्पिक उपाय अपनाएको छ । पालिकाको अन्य विकास गर्नुपर्ने भएकाले आफ्नो सबै बजेट शिक्षा क्षेत्रमा लगानी गर्न सकिरहेको छैन । गाउँपालिका स्तरीय विद्यार्थीको प्रतिभा पहिचान तथा अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु संचालन गर्दै आएको छ ।

### ३.३.३ उद्देश्यहरु

१. माध्यमिक शिक्षालाई निःशुल्क बनाई समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु,
२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु,
३. माध्यमिक तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

### ३.३.४ रणनीतिहरु

माथिका उद्देश्य हासिल गर्नका लागि स्थानीय तहले निम्न प्रकारका रणनीतिहरु अपनाउन सकिन्छ ।

१. माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयको पुनर्विरण, समायोजन तथा स्थापना गर्ने ।
२. विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम संचालन गर्ने ।
३. सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ।
४. माध्यमिक तहमा विषयगत शिक्षकको व्यवस्थापनका लागि आवश्यक पहल चाल्ने ।
५. शिक्षकको पेशागत क्षमता विकास र शिक्षक प्रोत्साहन कार्यक्रम संचालन गर्ने ।
६. हरेक विद्यालयमा सूचना तथा संचार प्रविधिको विस्तार गरी शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने ।
७. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने ।
८. विद्यालयको अतिरिक्त तथा सहक्रियाकलाप (संगीत, नृत्य, गायन र खेलकुद) को स्तरोन्नती गर्न शिक्षक व्यवस्थापन गर्ने ।
९. विद्यालय अनुगमन, कक्षा अवलोकन, सुपरीवेक्षण र शिक्षक सहायता जस्ता कार्यलाई प्रभावकारी बनाउने ।
१०. आपतकालिन परिस्थितिमा शिक्षण कार्य संचालनका लागि विद्यार्थी, शिक्षक र अभिभावकको क्षमताको विकास गर्ने
११. संघीय र प्रादेशिक सरकारसँग समन्वय, सहयोग र सहकार्य गरी शिक्षकहरुलाई पेशागत पुनर्ताजगी तालिमको व्यवस्था गर्ने ।
१२. अति गरिव र विपन्न विद्यार्थीहरुको लागि प्रोत्साहनमूलक कार्यक्रमको व्यवस्था गर्ने ।

### ३.३.५ उपलब्धि

१. माध्यमिक तहको शिक्षामा सबै बालबालिकाहरुको समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।
२. माध्यमिक शिक्षा पुरा गरेका सबै बालबालिकाहले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेन् ।

३. माध्यमिक विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको हुनेछ ।

### ३.३.६. नतिजा

| क्र. सं | सूचक | आधार बर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी संख्या | ५१९ | ५१९ | ५३० | ५५० | ५७० | ५९० |
| २ | माध्यमिक तह (कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी संख्या | ४१५ | ४३० | ४५० | ४८० | ५०० | ५२० |
| ३ | माध्यमिक तहको (९-१२) को खुद भर्ना दर | ५४.० | ५४.० | ५८.० | ६४.० | ७०.० | ७५.० |
| ३ | माध्यमिक तहको (९-१२) को खुद भर्ना दर | ५४.० | ५४.० | ५८.० | ६४.० | ७०.० | ७५.० |
| ४ | माध्यमिक तहको (९-१०) औषत सिकाइ उपलब्धि | ४८ | ५० | ५२ | ५४ | ५६ | ६० |

### ३.३.७. प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण**

| क्र. सं | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिकाको प्रबोधिकरण | वटा | ०२ | ०५ | ०८ | १० | १५ | १५ | |
| २ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | वटा | ०० | २ | ४ | ६ | ८ | ८ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर | वटा | ०० | ०० | १ | १ | २ | ३ | |
| ४ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | वटा | ०२ | ०२ | ०४ | ०७ | १० | १० | |
| ५ | सबै बालबालिकाको पहुँच सुनिश्चत गर्ने | वटा | २६ | २६ | २६ | २६ | २६ | २६ | |
| ६ | आवश्यकता अनुसार खुला तथा दूर शिक्षा लगायतका वैकल्पिक प्रबन्ध | वटा | ०० | ०० | १ | ३ | ५ | ५ | |
| ७ | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | वटा | १५ | १७ | २१ | २२ | २५ | २५ | |
| ८ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | वटा | २० | २२ | २३ | २४ | २५ | २५ | |
| ९ | शिक्षकको क्षमता विकास | जना | २० | ३० | ४५ | ७५ | ९५ | ९५ | |
| १० | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | वटा | ०० | ०० | ५ | ८ | १२ | १२ | |
| ११ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | वटा | ०० | ०० | ३ | ५ | ७ | ७ | |
| १२ | शिक्षक सहायता प्रणालीको पुनःसंरचना | वटा | २५ | २५ | २५ | २५ | २५ | २५ | |
| १३ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | वटा | २५ | २५ | २५ | २५ | २५ | २५ | |
| १४ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | वटा | १ | १ | ३ | ५ | ६ | ६ | |
| १५ | निःशुल्क माध्यमिक शिक्षा सुनिश्चिततताका लागि पाठ्यपुस्तक, पोशाक तथा स्टेशनरी, दिवाखाजा, छात्रवृत्ति र सिकाइ सामग्रीको व्यवस्था | टा | २५ | २५ | २५ | २५ | २५ | २५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १६ | कक्षा कोठामा आधारित मूल्याङ्कन | वटा | ८ | ८ | १२ | १४ | १८ | १८ | |
| १७ | व्यवस्थित परीक्षा प्रणाली | वटा | २५ | २५ | २५ | २५ | २५ | २५ | |
| १८ | शैक्षिक मानव शंसाधन सूचना प्रणाली स्थापना | वटा | ८ | ८ | १२ | १८ | २५ | २५ | |
| १९ | वि.व्य.स, शि.अ. संघका पदाधिकारीहरको क्षमता विकास | वटा | ०० | १ | ५ | ८ | १२ | १२ | |
| २० | अभिभावक अभिमुखिकरण र सहभागिता | वटा | ०० | १ | २ | ३ | ४ | ४ | |
| २१ | लक्षित बालबालिकाहरुका लागि आवासीय प्रबन्ध | वटा | ०० | ०० | १ | २ | ३ | ३ | |

## ३.४ प्राविधिक तथा व्यावसायिक शिक्षा

### ३.४.१ परिचय

प्राविधिक शिक्षालाई स्थापना नगरी दिइने शिक्षाबाट शिक्षित बेरोजगार मात्र उत्पादन हुनेछन् ।त्यसकारण कामसँग शिक्षालाई जोड्ने र दक्ष जनशक्तिलाई राष्ट्र निर्माणमा प्रयोग गर्न प्राविधिक शिक्षा आवश्यक छ । हाम्रो शिक्षा प्रणाली संरचना रुपमा बदल्न र शिक्षाबाट जीवनयापनमा सहयोग पुगाउने तथा व्यवसायिक शिक्षाको महत्व झन बढेको छ पाइन्छ । हाम्रो गाउँपालिका समृद्ध बनाउन गाउँपालिकामा उपलब्ध स्रोत साधनलाई अधिकतम उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य हुनेछ । शिक्षालाई सीप, सीपलाई रोजगार, रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिन्छ । भने राज्यलाई शैक्षिक बेरोजगार भिड थेग्न थप चुनौति हुने देखिन्छ ।नेपालमा औपचारिक रुपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको विकास शुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गर्न वि.सं. २०६८/०६९ देखि भएको हो । प्राविधिक तथा व्यवसायिक तालिम परिषद (CTEVT)ले प्राविधिक तथा व्यवसायिक धारको विद्यालयहरु सञ्चालन गरिरहेका छन् । नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालय नीति समेत रहेको छ ।

### ३.४.२ वर्तमान अवस्था

स्वामीकार्तिक खापर गाउँपालिका कृषि तथा पशुपालनको क्षेत्रमा उपयुक्त मानिन्छ । कृषि क्षेत्रमा स्याऊ तथा अन्य फलफूल खेती तिर कृषकहरु आकर्षित भएका पाइन्छ । त्यसकारण यस पालिकामा एक प्राविधिक तथा व्यवसायिक विद्यालय सञ्चालन हुन आवश्यक छ । हाल यस पालिकामा प्राविधिक तथा व्यवसायिक विद्यालय सञ्चालनमा छैन । गाउँपालिकाले आफ्नो नीति तथा कार्यक्रममा बहुप्राविधिक विद्यालय सञ्चालन गर्ने ल्याएता पनि विविध कारणले सञ्चालन गर्न सकेको छेन । प्राविधिक तथा व्यवसायिक विद्यालयको विकासको लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र संघीय सरकारसँग समन्वय र सहकार्य गरी पहल चाल्नुपर्ने आवश्यक देखिन्छ ।

### ३.४.३ उद्देश्यहरु

१. सबै नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसर सुनिश्चित गर्ने,
२. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि स्थानीय स्तरमा स्व-रोजगारीका उपलब्ध अवसर गराउने ।

### ३.४.४ रणनीतिहरु

१. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने ।
२. बहुप्राविधिक शिक्षालय केन्द्रहरुको स्थापना, सञ्चालन तथा नियमन गर्ने ।
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारित र पहुँच बढाउनका निम्ति सरोकारवालाहरुसँग समन्वय गर्ने ।
४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने ।
५. समय सापेक्ष प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको कार्यक्रमको विस्तार गर्ने ।

### ३.४.५ उपलब्धि, नतिजा

| क्र. सं | सूचक | आधार बर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बहु प्राविधिक शिक्षालय वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम केन्द्रहरु स्थापना | ०० | ०० | १ | ०० | ०० | ०० |

### ३.४.६. प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक धारका माध्यमिक विद्यालयहरु स्थापना सञ्चालन | पटक | ०० | ०० | ०० | ०० | १ | | |
| २ | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुको भौतिक पूर्वाधार विकास | वटा | ०० | ०० | ०० | १ | ०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन | वटा | ०० | ०० | १ | ०० | ०० | | |
| ४ | छोटो अवधिका सिपमूलक तालिम सञ्चालन | जना | १० | | | | जना | १० | |
| ५ | शिक्षक व्यवस्था | वटा | ०० | ०० | ०० | ०० | ०० | वटा | |
| ६ | विद्यार्थीका लागि छात्रवृत्तिका अवसर | वटा | ०० | ०० | १ | १ | १ | वटा | |
| ७ | स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | वटा | ०० | ०० | १ | १ | १ | वटा | |
| ८ | खोज तथा नवप्रवर्तनात्मक कार्यलाई प्रोत्साहन | वटा | ०० | ०० | १ | १ | १ | वटा | |
| ९ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरुको पहिचान, प्रमाणीकरण तथा प्रबर्द्धन कार्यक्रम | वटा | ०० | ०० | १ | १ | १ | वटा | |
| १० | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणीकरण तथा उपयोग सम्बन्धी कार्यक्रम | वटा | ०० | ०० | १ | १ | १ | वटा | |
| ११ | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग | वटा | ०० | ०० | ०० | १ | १ | वटा | |
| १२ | आर्थिक रुपमा पिछडिएका प्रतिभा | जना | ०० | २ | ५ | ८ | १२ | जना | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | तथा सीमान्तकृत, दलित, अपाङ्गता भएका, लोपोन्मुख जाति/जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था | | | | | | | | |

### ३.५ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ

#### ३.५.१ परिचय

औपचारिक पद्धतिभन्दा बाहिर फरक समयमा विभिन्न उमेर समूहमा दिइने शिक्षा अनौपचारिक शिक्षा हो । यो एउटा नियमित हुने प्रक्रिया जस्तो पनि हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रिया प्रशोधन गर्न जीवनपर्यन्त  अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरु आफ्ना जीवनमा आइपर्ने समस्याहरुका बारेमा छलफल र समाधानका उपायहरु खोजी गर्ने निर्णय कार्यन्वयन गर्दछन् ।अनौपचारिक एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषण धारमा समस्या एवम् चुनौतीहरुको पहिचान गर्दै चुनौतीहरुको सामना गर्न यसका उद्देश्य र नीतिहरु कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु यस खण्ड्मा समावेश गरिएको छ ।

#### ३.५.२ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपालाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक बैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्न, सबै प्रकारको अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्न निर्धारण गरेको छ । यो कार्यक्रम तीन तहका सरकारको साझा अधिकार सूचीमा रहेकाले प्रदेश तहमा शिक्षा विकास निर्देशनालयले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दैछ भने स्थानीय तहहरुमा शिक्षा युवा तथा खेलकुद शाखाहरुले अनौपचारिक तथा जिवनपर्यन्त शिक्षाको योजना निर्माण तथा  कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ ।

यस गाउँपालिकामा बहुक्षेत्रीय पोषणको आमा पहिलो" कार्यक्रम बाट प्रत्येक टोलटोलमा आमा समूह बनाइ प्रत्येक घरको महिलाको बैंक खाता खोली रु ४००० जम्मा गरेर शेयर कारोबार गरी आयआर्जन हुने कार्यक्रम संचालन गरिएको छ ।त्यसै गरी गरीवि निवारणका लागि लघुउद्यम विकास कार्यक्रमबाट जीवनपर्यन्त सीपमुलक सिकाइ

(कम्प्युटर, ड्राइभिङ र सिलाइ कटाइ) र आयआर्जन (बाखा वितरण, कुखुरा वितरण र तरकारीको विउविजन) कार्यक्रम संचालन हुँदै आएका छन । यस गाउँपालिकामा ३ वटा सामुदायिक सिकाइ केन्द्रहरुले अनौपचारिक शिक्षा तर्फका विभिन्न कार्यक्रमहरु संचालन गर्ने व्यवस्था भएता पनि कार्यक्रम जति प्रभावकारी हुन आवश्यक थियो त्यति प्रभावकारी हुन सकेन ।

### ३.५.३ उद्देश्यहरु

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाएका अवसर सुनिश्चित गर्ने,
२. सामुदायिक सिकाइ केन्द्रमार्फत समुदायमा विभिन्न सिपविकास तथा आयमूलक कार्यक्रम संचालन गर्ने ।

### ३.५.४ रणनीतिहरु

१. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रुपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रुपमा विकास गर्ने ।
२. सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय संघ संस्था, नागरिक समाज, संचार माध्यम र अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षा संचालन गर्ने ।
३. सरोकारवालासँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ कक्षा संचालन गर्ने ।
४. सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न सिप विकास र आयआर्जन तथा सिपमुलक कार्यक्रम संचालन गर्ने ।
५. गाउँपालिका भित्रका घरधुरी सर्वेक्षण गरी साक्षर निराक्षरको अवस्था पहिचान गरी अभिलेखिकरण गर्ने ।

### ३.५.५ उपलब्धि, नतिजा

| क्र. सं | सूचक | आधार बर्ष २०८१/८२ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भाषिक तथा गणितीय साक्षरता सिप | २ | ४ | ८ | १२ | १५ | २० |
| २ | आधारभूत सुविधा सम्पन्न सामुदायिक केन्द्रको संख्या | ०० | ०० | १ | २ | ४ | ५ |
| ३ | सामुदायिक पुस्तकालय संख्या | ०० | ०० | १ | २ | ४ | ५ |

### ३.५.६. प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण**

| क.सं | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | निरक्षरहरुको तथ्याङ्क संकलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | ०० | ३ | ५ | ६ | ९ | ९ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | वटा | ०० | १ | २ | ३ | ४ | ४ | |
| ३ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन | वटा | ३ | ३ | ४ | ४ | ५ | ५ | |
| ४ | सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रुपमा सञ्चालन | वटा | ३ | ३ | ४ | ४ | ५ | ५ | |
| ५ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | वटा | ३ | ३ | ४ | ५ | ५ | ५ | |
| ६ | सरकारी तथा गैरसरकारी निकाय सँग साझेदारी र सहकाय | वटा | ०० | ०० | १ | २ | ३ | ३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ७ | मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास | वटा | ३ | ३ | ४ | ५ | ५ | ५ | |
| ८ | सूचना तथ संचार प्रविधिको प्रयोग | वटा | ०० | ०० | १ | २ | ३ | ३ | |
| ९ | सिकाइ सामग्री र सिकाइको प्रमाणीकरण | वटा | ०० | ०० | १ | २ | ३ | ३ | |
| १० | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय र धार्मिक प्रकृतिका विद्यालयहरुलाई अनुदान | वटा | ०० | ०० | १ | १ | २ | २ | |
| ११ | साक्षर स्थानीय तह घोषणा | वटा | १ | ०० | ०० | ०० | ०० | ०० | |

परिच्छेदः ४

## अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरु

### ४.१ पाठ्यक्रम र पाठ्यपुस्तक सिकाई सामग्री तथा मुल्याङ्कन

शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार पाठ्यक्रम हो । शिक्षाको राष्ट्रिय,तहगत तथा कक्षागत उद्देश्यहरु परिपूर्ति गर्नका लागि सबैभन्दा महत्वपूर्ण साधन पाठ्यक्रम हो । पाठ्यक्रम अन्तरगत कुनै कक्षा वा तहमा कुन विषयमा के पढाउने ? कुन कुन विषयवस्तु पढाउने? के कस्ता विधि तथा क्रियाकलापहरुको माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउने ? के कसरी मूल्याङ्कन गर्ने? जस्ता महत्वपूर्ण पक्षहरु पर्दछन् । पाठ्यक्रमले राखेका उद्देश्यहरू पूरा गर्न पाठ्यक्रमका आधारमा तयार पारिने सामग्री पाठ्यसामग्री हो । नेपालमा बिद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप पहिलो पटक वि.सं. २०६३ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको थियो । यसले मार्गनिर्देश गरे अनुसार विद्यालय शिक्षाको पाठ्यक्रम विकास र परिमार्जन गरिएको थियो । समसामयिक परिवर्तनलाई समेटी वि.सं. २०७१ मा उक्त प्रारुपमा परिमार्जन गरिएको थियो । हाल राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ पनि स्वीकृति भएको छ । नेपालमा विद्यालय शिक्षामा पहुँच बढाउन तथा गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरूहुँदै आएको छ ।

### ४.१.१ बर्तमान अबस्था

समाजवाद उन्मुख राष्ट्र निर्माणका लागि शिक्षालाई बैज्ञानिक, प्राबिधिक, व्यवसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउदै सामाजिक न्यायमा आधारित सक्षम, नैतिक, राष्ट्रिय हितप्रति समर्पित र प्रतिस्पर्धि जनशक्ति तयार गर्ने र वि.सं. २०८७ सम्म मध्यम आय भृको मुलुकमा रुपान्तरण गर्न आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य हासिल गर्न मेरुदण्डका रुपमा रहेको विद्यालय शिक्षामा राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ तथा राष्ट्रिय शिक्षा नीति २०७६ ले संघीय,प्रादेशिक तथा स्थानीय सरकारको जिम्मेवारी निर्दिष्ट गरे अनुसार स्थानीय सरकारले गाउँ शिक्षा योजनामा पाठ्यक्रम सम्बद्ध नीति तर्जुमा गर्न आवश्यक छ । राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार सबै तहको शिक्षामा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित शिक्षा (STEM –EDUCATION) लाई पाठ्यक्रमको अभिन्न अङ्ग बनाएको छ ।नेपाल भौगोलिक, सामाजिक र सांस्कृतिक विविधतायुक्त देश हो । ठूलो सम्भावना बोकेको धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय स्थलहरुको पहिचान, संरक्षण र संवर्धन भई नसक्नु शैक्षिक गुणस्तर अपेक्षित रुपमा बढ्न नसकेका, समग्र शिक्षा पद्धतिबाट उत्पालित जनशक्तिले रोजगार बजारमा स्थान ग्रहण गर्न नसक्नु र स्वरोजगारको अवस्था समेत सिर्जना हुन् नसक्नु, उत्पादित जनशक्तिमा नैतिक मूल्य मान्यता र आचरण अपेक्षाकृत रुपमा वृद्धि हुन नसक्नु जस्ता मुख्य समस्याहरुलाई स्थानीय पाठ्यक्रम नीतिले संबोधन गर्नुपर्ने प्रमुख चुनौतिको रुपमा रहेको छ । यी वाहेक गाउँमा रहेका पाठ्यक्रम निर्माण, कार्यान्वयन तथा मूल्याङ्कन सम्बन्धी चुनौती यस प्रकार छनः-

- पाठ्यक्रमले सैद्धान्तिक मात्र नभई व्यवहारिक जीवनोपयोगी सिपविकास गर्न ।
- पाठ्यक्रम विकास एवम् कार्यान्वयनका लागि संस्थागत संयन्त्रको विकास गर्न र भएका संयन्त्रको संस्थागत क्षमता सवलीकरण गर्न ।
- सूचना तथा प्रविधिलाई शिक्षण सिकाइको माध्यमका रुपमा प्रयोगमा ल्याउन ।
- स्थानीय तहको सक्रियतामा मातृभाषाका पाठ्यक्रम तथा पाठ्यसामग्री अपेक्षित रुपमा विकास ।
- शिक्षणलाई सिकाइमा रुपान्तरण गर्न, शिक्षक र बिद्यार्थीको सहकार्यबाट सिक्न र ज्ञान आर्जन गर्न मार्गनिर्देशित गर्ने पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास गर्न ।

- स्थानीय तह सरोकारवालाहरुमा स्थानीय पाठ्यक्रमको महत्व बोध गराइ स्थानीय सक्रियतामा स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्ने वातावरणको विकास गर्न ।
- विद्यार्थी मूल्याङ्कनलाई निन्तर मूल्याङ्कन पद्धति अनुरुप विकसित गर्ने, मूल्याङ्कनको पृष्ठपोषणका आधारमा शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गर्न ।
- पाठ्यपुस्तकको सीमित घेरा भन्दा बाहिर शिक्षण सिकाइ क्रियाकलापमा सञ्चालन गर्न ।
- स्थानीय स्रोत, साधन, स्थापित मूल्य मान्यता तथा मौलिक परम्परामा आधारित पाठ्य सामग्री निर्माण गर्न

### ४.१.२ उद्देश्य

- स्थानीय तहको आवश्यकता बमोजिमको स्थानीय विषयको पाठ्यक्रमको प्राथमिकीकरण गर्नु ।
- राष्ट्रिय पाठ्यक्रम प्रारुपको मार्गदर्शन बमोजिम स्थानीय सरकारले स्थानीय पाठ्यक्रम प्रारुप तर्जुमा गर्नु र स्थानीय पाठ्यक्रमको निर्माण गर्नु ।
- शिक्षण सिकाइमा रुपान्तरण गर्न, शिक्षक र विद्यार्थीको सहकार्यबाट सिक्न सिकाउन र ज्ञान आर्जन गर्न मार्गनिर्देशित पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास एवम् तिनको समन्वयात्मक रुपमा कार्यान्वयन गर्नु
- पाठ्यक्रम विकास समूहको पेशागत क्षमता निर्माण गर्नु ।

### ४.१.३ रणनीति

- स्थानीय स्तरका आवश्यकतामा आधारित नयाँ पाठ्यक्रमको निर्माण गर्ने, गराउने
- पाठ्यक्रम विकास समूहको पेशागत क्षमता निर्माण गर्ने
- पाठ्यक्रममा समाविष्ट विषयवस्तु  तथा शैक्षणिक कौशलमा पुनर्संरचना गर्ने
- राष्ट्रिय पाठ्यक्रमसँग सम्बन्धित रही स्थानीय आवश्यकता सँग सान्दर्भिक पाठ्यक्रम, सन्दर्भ सामग्री तथा शैक्षणिक सामग्रीहरुको निर्माण गर्ने
- सबलीकृत पाठ्यक्रम व्यवस्थापन, प्रबोधीकरण, अनुगमन तथा मूल्याङ्कन पद्धति मार्फत पाठ्यक्रमको कार्यान्वयन गर्ने
- विज्ञान,प्रविधि, इञ्जिनियरिङ् तथा गणित शिक्षा (स्टेम, क्तभ्ः) लाई समग्र शिक्षा प्रणालीको अभिन्न अंगको रूपमा विकासतथा विस्तार गर्ने ।
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने

### ४.१.४ प्रमुख उपलब्धी तथा नतिजा

**उपलब्धी**

- स्थानीय स्तरका आवश्यकतामा आधारित कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण भएको हुनेछ ।
- राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको कार्यान्वयन सम्बन्धी प्रबोधीकरण भएको हुनेछ ।
- स्थानीय पाठ्यक्रमको सफल कार्यान्वयनको लागि पाठ्यसामग्री विकास भएको हुनेछ ।

**नतिजा**

- आधारभूत तहमा अध्ययनरत सबै विद्यार्थीहरुलाई स्थानीय पाठ्यक्रम सम्बद्ध पाठ्यसामग्री पुगेको हुने ।
- स्थानीय पाठ्यक्रम निर्माण तथा प्रबोधीकरणमा सरोकारवालहरु सबैको सहभागीता भएको हुने ।
- स्थानीयपाठ्यक्रमप्रति विद्यार्थी, शिक्षक, अभिभावक लगायतका सरोकारवालाहरु सबैले अपनत्व ग्रहण गरी सो को सफल कार्यान्वयन भएको हुने

**प्रमुख क्रियाकलापहरु**

**क)मातृभाषा**

हाम्रो गाउपालिका बहुभाषिक समुदायले भरिएको गाउपालिका हो । बालबालिकाहरूलाई तल्लो कक्षाहरूमा उनीहरूको घरपरिवारमा प्रयोगमा आएको मातृभाषाको माध्यमबाट सिकाउँदा भाषिक क्षमता विकास भई सिकाई दिगो हुने भएकोले साथसाथै उपल्ला कक्षाहरूमा सिकाइ सहजीकरणमा लक्ष्य भाषाको प्रयोग गर्दा पनि समस्या हुँदैन । त्यसैले आलिताल गाउपालिकाले मातृभाषाको सम्बन्धमा देहायका कार्यनीतिहरु तय गरेकोछ ।

- प्रारम्भिक बाल विकास शिक्षामा मातृभाषाको मात्र प्रयोग गर्ने र स्थानिय भाषा,कला संस्कृति, रहनसहन सम्बद्ध विषयमा आधारित भएर बालबालिकाहरूको भाषिक क्षमता बिकासमा जोड दिइने ।
- आधारभूत तह (कक्षा १-३) मा मातृभाषाको पाठ्यक्रम तथा पठ्यपुस्तक तयार गरी मातृभाषाको जगेर्ना र भाषिक सिप विकासमा सहयोग पुर्याईने ।

**ख) स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री**

बालबालिकाहरूमा आफ्नो स्थानीय तहमा प्रचलनमा रहेको भाषा, कला, संस्कृति,रीतिरिवाज परम्परा, मूल्यमान्यताहरूको केहिन केहि ज्ञान आफू बसेको समाज र समुदायबाट सिकेका हुन्छन् । आफू आफ्नो कला संस्कृतिको जगेर्ना गर्न नसकेकको खण्डमा क्रमिक रूपमा तिनीहरूको लोप हुने कुरा पनि निश्चित छ । बिदेशी संस्कृतिको हालिमुहालि हुने तथा स्वदेशी र स्थानिय संस्कृतिको लोप हुने क्रम बढेसँगै सम्पूर्ण नेपालीमा अपन्वत्वको भावना विकास गराउन स्थानिय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास हुँदै आएको छ । जो प्राथमिक तहमा अनिवार्य विषयका रूपमा स्थानिय विषय समावेश गरिएको छ ।

पाठ्यक्रम विकास केन्द्रले जारी गरेको विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ अनुसार स्थानिय तहको पाठ्यक्रमको अंश निर्माण गरी कार्यान्वयन गर्नु पर्ने हुन्छ ।स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकासका लागि स्रोत साधन र जनशक्तिको अधिकतम उपयोग गरी यथाशीघ्र विकास गराईने र क्रमशः कक्षा ८ सम्म निर्माण गरी लागु गर्ने रणनिति अख्तियार गरी यस नगरपालिकाको सबै वर्ग, जाति,समुदाय तथा सांस्कृतिक मूल्य मान्यताहरूलाई आत्मासाथ गरी पाठ्यक्रम विकास गराईने छ ।

**ग) अतिरित्त क्रियाकलाप**

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू पुरा गर्न अतिरिक्त क्रियाकलापको महत्वपूर्ण भूमिका रहेको हुन्छ । पाठ्यक्रमले राखेका अपेक्षा एकोहोरो शिक्षण पद्दतिले पुरा गर्न नसक्ने भएकाले रुचिपूर्ण र बिद्यार्थीको सक्रिय सहभागितामा उनीहरूमा ज्ञान,सिप र अभिवृद्धिको विकास गर्न अतिरिक्त क्रियाकलापमा जोड दिनु उपयुक्त हुन्छ । यस गाउपालिकाले अतिरिक्त क्रियाकलापका लागि देहाय बमोजिमका रणनीतिहरू तय गरेको छ:

- प्रत्येक विद्यालयमा हरेक शुक्रबार अतिरिक्त/सहकार्यकलाप अनिवार्यरूपमा बर्ष भरी प्रयोगमा ल्याईने छ ।

- गाउपालिका भित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा अध्ययन गर्ने विद्यार्थीहरुविच पालिकास्तरीय प्रतिस्पर्धात्मकअतिरिक्त क्रियाकलापप्रतियोगिताहरू सञ्चालनमा ल्याईने छ ।
- प्रत्येक विद्यालयमा खेल शिक्षकको ब्यबस्था गराईने छ  र समयसमयमा तालिम प्रशिक्षणको ब्यबस्था गराईने छ ।
- अतिरिक्त क्रियाकलापमा अब्बल विद्यालय र विद्यार्थीका लागि गाउपालिकाले थप प्रगतिको अवसर र प्रोत्साहनको व्यवस्था गराईने छ ।
- प्रत्येक वडाहरूमा खेलमैदानको व्यवस्था गरी प्रयोगमा ल्याईने छ।
- सहक्रियाकलापका लागि शिक्षकहरूलाई क्षमता अभिवृद्धि तालिम प्रदान गराईने छ ।
- गाउपालिकाले सहक्रियाकलाप सम्बन्धमा सिकाइ सामग्री उत्पादन गरी विद्यालयलाई उपलब्ध गराईने छ ।
- स्थानिय कला संस्कृति संरक्षण गराईनेछ ।
- विद्यार्थीको व्यक्तित्व विकासका क्रियाकलापहरु सन्चालन गराईनेछ ।

### ४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
- निरन्तर, आवधिक तथा स्तरीकृत  मूल्याङ्कन पद्धतिको कार्यान्वयनभै विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सँख्या | | | | | | |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सँख्या | | | | | | |
| ३ | स्थानीय भाषामा कक्षा | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सञ्चालन गर्ने विद्यालय | | | | | | |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | | | | | | |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने बिद्यालय सँख्या | | | | | | |

### ४.१.६ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | पाठ्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयनको लागी शिक्षकतालिम सञ्चालन | | ० | १ | १ | १ | १ | ४ | | |
| २ | कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | | ० | ४२ | ४२ | ४२ | ४२ | १६८ | | |
| ३ | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | | ० | १ | ० | ० | ० | १ | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

नेपाल सरकारले सन् २०१५ मे को इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र संघको साधारण सभाबाट पारित दिगो विकास लक्ष्यहरु मध्ये लक्ष्य ४ “सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकेका अवसरहरु प्रोत्साहित गर्ने” पूरा गर्न नेपालले राष्ट्रिय कार्य ढाँचा स्वीकृत गरी कार्यान्वयन्मा

ल्याएको छ । गुणस्तरीय शिक्षा सुनिश्चित गर्न शिक्षक व्यवस्थापन तथा विकास अत्यन्तै आवश्यक छ । शिक्षकको योग्यता, क्षमता, दक्षताको सिकाइमा प्रभाव पर्छ । नेपालमा विभिन्न योजना, परियोजना तथा कार्यक्रमहरुले शिक्षकको पेशागत क्षमता विकासलाई प्राथमिकतामा राखी कार्यक्रम सन्चालन गर्दै आएका हुन् । शिक्षक तयारीका लागि माध्यमिक विद्यालयहरुले प्रविणता प्रमाण पत्र तह, विश्व विद्यालय तहले स्नातक तह र स्नाकोत्तर तह सञ्चालन गर्दै आएका छन् । शिक्षकको पेशागत क्षमताको विकासका लागि दश महिने शिक्षक तालिम, TPD तालिमजस्ता थुप्रै तालिमहरु आम्ने-साम्ने तथा इन्टरनेटबाट सञ्चालन हुँदै आएका छन् । शिक्षक सेवा आयोगले शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा संचालन, रिक्त दरबन्दीमा शिक्षक आपूर्तिका लागि परीक्षा सञ्चालन र स्थायी शिक्षकको बढुवाको लागि कार्य गरीरहेको छ ।

### ४.२.१ वर्तमान अवस्था

शिक्षण पेसालाई रोजेको पेसामा विकास गर्न नेपालको पन्ध्रौं योजना (२०७६/२०७७-२०८०/२०८१) ले यस पेसामा अब्बल प्रतिभाहरुलाई आकर्षित गर्न विश्व विद्यालयमा उत्कृष्ठ सफलता हासिल गरेका व्यक्तिलाई सोझै शिक्षण सेवामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ । शिक्षक सेवा आयोग नियमावली २०५७ ले शिक्षक हुनका लागि शिक्षक अध्यापन अनुमतिपत्र अनिवार्य गरेको छ । स्थायी शिक्षक हुनका लागि शिक्षक सेवा आयोगले लिने छनौट परीक्षामा उत्तीर्ण हुनु पर्ने, स्थायी शिक्षक बढुवा हुनाका लागि निश्चित मापदण्ड पूरा गरेको हुनु पर्ने प्रावधान छ ।

#### ४.२.१.१ शिक्षण पेशामा आकर्षण र नियुक्ति

विद्यमान शिक्षा ऐन तथा नियमावलीहरुले शिक्षकहरुलाई शिक्षण पेशामा आकर्षित गराउन बिभिन्न व्यवस्था गरेको पाईन्छ । शिक्षा नियमावली २०५९ ले पेसागत सुरक्षाका लागि तलब, भत्ता, उपदान, निवृत्तिभरण, औषधोपचार खर्च, संचित बिरामी विदा, कार्यरत शिक्षक मृत्यु भएमा सन्ततिलाई छात्रवृत्ति आदि व्यवस्था गरेको हुनाले युवाहरुको शिक्षण पेसाप्रति आकर्षण बढेको भएपनि शिक्षण पेसामा प्रतिभावान,दक्ष र सक्षम व्यक्तिलाई प्रवेश सहज बनाउन आवश्यक छ । प्रदेश स्तरमा शिक्षा सेवा आयोग स्थापना गर्नुपर्ने, राहत तथा स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नु पर्दा प्रदेश स्तरको शिक्षा सेवा आयोगले छनौट परीक्षा लिने र सफल उमेदवारलाई गरेको सिफारिसको आधारमा नियुक्ति दिने व्यवस्था गर्न आवश्यक छ । हाल स्थानीय स्रोत शिक्षकले पाउने तलब बिद्यालय पिच्छे फरक फरक तथा न्यून देखिन्छ । यसले पेसागत सन्तुष्टिमा प्रभाव पारेको छ । संघीय सरकारबाट दरवन्दीको व्यवस्था भै स्थायी शिक्षक नियुक्ति भै नआउँदा सम्म स्थानीय स्तरमा स्थानीय स्रोत शिक्षकको दरबन्दी कायम गरी प्रदेश तथा संघ स्तरको शिक्षक सेवा आयोगले लिएको छनौट परीक्षाको करार सूचीमा भएका उम्मेदवारलाई नियुक्ति दिने र यस्तो उम्मेदवार उपलब्ध नभएमा प्रदेश स्तरको शिक्षा सेवा आयोगले छनौट परीक्षा संचालन गर्ने व्यवस्था गर्नु पर्छ । सफल हुने शिक्षकलाई नेपाल सरकारले तोकेको तलब भत्ता पाउने गरी नियुक्ति गर्नु आवश्यक छ ।

#### ४.२.१.२ शिक्षण सिकाइ क्रियाकलाप

कक्षा कोठाको शिक्षण सिकाइ क्रियाकलापमा अपेक्षित सुधार भएको देखिन्न । कक्षाकोठामा बाल मनोविज्ञान, सिकाइका सिद्धान्त, शैक्षणिक सामग्री, इन्टरनेटको प्रभावकारी प्रयोग गर्न दक्ष, योग्य, उत्प्रेरित र विषयगत शिक्षकको अभाव छ । विद्यालयहरुलाई आवश्यक पर्ने पूर्वाधारहरु सबै विद्यालयहरुमा पुर्याउन सकिएको छैन ।

### ४.२.१.३ शिक्षक पेसागत सहयोग पद्धति

नेपालमा रा.शि.प.यो. २०२८ ले विद्यालय सुपरिवेक्षणका लागि प्रा.वि.नि. र मा.वि.नि. को व्यवस्था गरेको थियो । ग्रामीण विकासका लागि सेती परियोजना (२०३८-२०४८), प्राथमिक शिक्षा परियोजना (२०४२-२०४७), आधारभूत प्राथमिक शिक्षा परियोजना प्रथम (२०४९-२०५४) र दोस्रो (२०५६-२०६१), बिज्ञान शिक्षा विकास परियोजना (२०४४-२०५१), प्राथमिक शिक्षा विकास परियोजना (१९९२-१९९९), माध्यमिक शिक्षा विकास परियोजना (१९९३-२०००), शिक्षक शिक्षा परियोजना (२००२-२००९), विद्यालय क्षेत्र सुधार कार्यक्रम ( २०६७/०६८- २०७२/०७३) हुँदै हाल विद्यालय क्षेत्र विकास कार्यक्रम (२०७३/०७४-२०७७/०७८) ले शिक्षकको पेसागत विकासलाई महत्व दिई देशभरिका १०५३ स्रोत केन्द्रका स्रोतव्यक्ति मार्फत प्र.अ. लाई व्यवस्थापन सम्बन्धी तालिम, शिक्षकहरुलाई विषयगत र विभिन्न किसिमका तालिम तथा क्षमता विकास कार्यक्रम संचालन भएको देखिन्छ । संघीय सरकारको स्थापना भएपछी यो ब्यबस्था हटेको छ । प्रदेश स्तरमा एउटा मात्र रहेको तालिम केन्द्रले तालिम दिने कार्य र परिमाणात्मक तथा परिणामात्मक रुपमा प्रभावकारी हुन सकेको छैन । स्थानीय स्तरमा शिक्षकलाइ पेसागत सहयोग गर्न तालिम शाखाको स्थापना र आवश्यक पर्ने सबै किसिमका स्रोतको व्यवस्थापन गर्न आवश्यक छ ।

### ४.२.१.४ शिक्षक उत्तरदायित्व

गुणस्तरीय शिक्षा र शिक्षकको उत्तरदायित्व परस्पर सम्बन्धित छन । बालबालिकाको सिकाइ प्रति उत्तरदायित्व लिने शिक्षकले दिने शिक्षा गुणस्तरीय हुन्छ । विद्यार्थीले हासिल गर्ने सिकाइ उपलब्धीका लागि शिक्षक अभिभावक र प्र.अ. प्रति उत्तरदायी हुनु पर्छ । शिक्षक सेवा आयोग नियमावलीले कार्य सम्पादन मुल्यांकन द्वारा स्थायी शिक्षकलाई प्र.अ. प्रति उत्तरदायी बनाउन खोजेको छ तर त्यो अपर्याप्त र प्रभावहीन छ । पन्ध्रौ योजनाले कक्षाकोठाको सिकाइ क्रियाकलापमा शिक्षकले बिताउने समयलाई जोड दिएको छ । विद्यार्थीद्वारा शिक्षकको निगरानी गरेको रुपमा यसलाई हेरि दिनाले यो कार्यक्रम प्रभावहीन भएको छ । शिक्षकको पद कुनै कारणले रिक्त भएमा र पद पूर्ति गर्न ढिलाई हुँदा विद्यार्थीहरुको सिकाइ क्रियाकलाप अवरुद्ध हुन्छ । स्थायी शिक्षक सेवानिवृत्त भै दरबन्दी रिक्त भएको अवस्थामा अर्को स्थायी शिक्षक नआउँदासम्म कक्षाकोठाको सिकाइमा संलग्न भएको सुनिश्चित गरी पारिश्रमिक तोकी शिक्षकलाई निरन्तरता दिने कानुनी व्यवस्था गर्नु पर्छ । अन्य कुनै कारणले शिक्षक पद रिक्त भएमा अर्को व्यवस्था नहुँदासम्म सक्षम सेवानिवृत्त शिक्षकलाइ काममा लगाउने र पारिश्रमिक दिने व्यवस्था गर्नु पर्छ । यसबाट तत्कालै शिक्षकको आपूर्ति हुनाले विद्यार्थीको सिकाइ अवरुद्ध हुने छैन ।

### ४.२.१.५ शिक्षक आपूर्ति र वितरण

शिक्षक नियुक्ति गर्दा विद्यालयको विषयगत आवश्यकताका आधारमा गर्नु पर्दछ । उपर्युक्त अवस्थाहरुको विश्लेषण गर्दा निम्नलिखित चुनौतिहरु पहिचान गरिएका छन ।

- शिक्षण पेसालाई आकर्षक बनाउन ।
- सक्षम शिक्षक आपुर्तिका लागि शिक्षा विषय अध्यापन गर्ने संस्थाहरुमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सुधार गरी व्यवस्थित गराउन ।
- पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धी हासिल गर्न गराउन, शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन तथा शिक्षण क्रियाकलापमा विविधता ल्याउन ।

- विद्यार्थीको सिकाइ उपलब्धीलाई शिक्षकको कार्य सम्पादन मूल्याङ्कन आवद्धगर्ने कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ।
- विषयगत दरबन्दी मिलान गरी आवश्यक दरबन्दीको पूर्ति गर्न ।

४.२.२.**उद्देश्यः**

यस योजनाले शिक्षक व्यवस्थापन र विकास सम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छः

- सबै तहमा शिक्षकहरुको योग्यता पुनरावलोकन गरीविषयवस्तुमा निपुण शिक्षकको सुनिश्चितता गर्नु ।
- शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु ।

४.२.३ **रणनीतिहरुः**

शिक्षक व्यवस्थापन र विकास सम्बन्धी उद्देश्यहरु हासिल गर्न देहाय बमोजिमका रणनीतिहरु अवलम्बन गरिनेछनः

- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान, दरबन्दी पुनर्वितरण गर्ने ।
- प्रारम्भिक बालविकास तथा कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर तह उत्तीर्ण शिक्षक योग्यता सुनिश्चित गर्ने ।
- स्थानीय स्रोतबाट शिक्षक नियुक्ति गर्नु पर्दा शिक्षक सेवा आयोगले प्रकाशन गरेको करारसूचीमा रहेका उम्मेदवारहरुलाई पहिलो प्राथमिकता दिने र सो उपलब्ध हुन नसकेमा स्थानीय स्तरको छनौट समिति द्वारा शिक्षक सेवा आयोगले निर्धारण गरेको मापदण्ड अनुसार छनौट परीक्षा लिई गरेको सिफारिश भएका लाई पहिलो प्राथमिकता दिने ।।
- स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तयार पार्ने ।।
- विषयगत दक्षता भएका र प्रशिक्षण अनुभव भएका शिक्षकबाट विद्यालय सुपरीवेक्षण गर्न लगाई शिक्षकहरुको पेशागत विकासमा सहयोग गर्ने ।।
- शिक्षकको उपस्थिति, नियमितता र कार्य सम्पादनमा सुधार गरी नतिजा प्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको बृति बिकासलाई विद्यार्थीको सिकाइसँग आवद्ध गर्ने ।
- शिक्षक नियुक्ति, सरुवा, तालिमको व्यवस्थापन गर्दा विद्यार्थीको सिकाइमा कुनै पनि अवरोध नहुने पद्धतिको विकास गर्ने ।

४.२.४ **प्रमुख उपलब्धी तथा नतिजा**

**उपलब्धी**

- सक्षमर अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुनेछ ।

**नतिजा**

- विभिन्न तहका शिक्षकमा प्रवेशका लागि हालको न्युनतम शैक्षिक योग्यता पुनरावलोकन तथा सुधार हुने

- शिक्षण पेशा थप प्रतिस्पर्धी र सम्मानित हुने ।
- पेशागत विकासका प्रावधानहरुको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने ।
- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण भएको हुने ।

**नतिजा तथा परिणात्मक लक्ष्य**

| क्र.सं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | | ३३ | | | | |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | | १०० | | | | |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | | १०० | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | सूचना तथा प्रविधि सम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | | ५० | ६० | ८० | ९० | १०० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | | | | | | |

### ४.२.५ प्रमुख क्रियाकलाप र परिणात्मक लक्ष्य

| क्र सं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | शिक्षक नियुक्ति | | ० | १ | ० | ० | ० | १ | | |
| २ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागि गराउन क्षमता अभिवृद्धि | | ० | १ | १ | १ | १ | ४ | | |
| ३ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा विताउने समय वृद्धि | | ० | १ | १ | १ | १ | ४ | | |

### ४.३ शैक्षिक क्षमता/समावेशीका:

#### ४.३.१ परिचय:

सबै बालबालिकाका लागि विभेद रहित वातावरणमा क्षेत्रीय, धार्मिक, भाषिक, जातीय, लैङ्गिक, अपाङ्गता भएका, आर्थिक रुपमा विपन्न लगायतका भिन्नतालाई सम्मान गर्दै आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई समावेशी शिक्षा भनिन्छ । बालबालिकाका सिकाइ आवश्यकता र क्षमता फरक-फरक हुनु प्राकृतिक यथार्थ हो । फरकपनलाई स्वभाविक रुपमा स्वीकार गर्नु सबैका लागि अनुकुल हुने सिकाइ पद्दति विकास गर्नु र सबै बालबालिकालाई सम्मान पूर्वक सिकाइको व्यवस्थापन गर्नु, समावेशी शिक्षाको अनिवार्य आवश्यकता हो । समावेशी शिक्षामा बालबालिकालाई उनीहरुको आवश्यकता र चाहना अनुसारको गुणस्तरीय शिक्षा प्रदान गरी सहजतापूर्वक जीवनयापन गर्ने अवस्थाको सिर्जना गर्ने ध्येय राखिएको हुन्छ । शिक्षाको माध्यमबाट उनीहरुलाई राज्यको मूल प्रवाहमा समाहित गर्ने प्रयत्न गरिन्छ । बालबालिकालाई उनीहरुको क्षमता र चाहना अनुसारको शिक्षा प्रदान गर्ने प्रयास हुन्छ । सिकाइलाई सार्थक बनाउन समय सापेक्ष शिक्षण विधि र शैक्षणिक सामग्री प्रयोग गरिन्छ । उनीहरुलाई आत्मनिर्भर, स्वाबलम्बी, विवेकशील बनाउनु र देश तथा समाजप्रति अपनत्व महसुस गराउनु समावेशी शिक्षाको उद्देश्य हो । यसले सबै बालबालिकाहरु सिक्न सक्छन् भन्ने मान्यतालाई आत्मसाथ गर्दछ ।
नेपाल सामाजिक, सांस्कृतिक रुपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक र सांस्कृतिक तथा जातजातिगत समुदायहरुको बसोबास छ । नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा समस्याका रुपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रुपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र वञ्चितीकरणमा परेका समुदायहरु पनि छन् । उदहारणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपाली बाहेक अन्य मातृभाषी समुदाय, अल्पसंख्यक सांस्कृतिक समुदायहरु ऐतिहासिक रुपमा सामाजिक, आर्थिक तथा शैक्षिक वञ्चितीकरणमा पर्न गई अहिलेसम्म पनि यस्तो बञ्चितीकरणको असर कुनै न कुनै रुपमा देखिने गरेको छ । भौगोलिक क्षेत्रगत आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसै गरी विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरु कठीन परिस्थितिमा रहेका बालबालिकाहरुमा शिक्षाको पहुँच पुर्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ।

#### ४.३.२ वर्तमान अवस्था:

नेपालको शिक्षामा बालिका तथा महिलाहरु र अपाङ्गता भएकाहरुका लागि केही विशेष प्रबन्ध स्वरुप वि.सं. २००४ सालमा छात्राहरुका लागि छुट्टै विद्यालय पद्मकन्या विद्याश्रमको स्थापना र वि.सं. २०२१ मा लेबोरेटरी स्कूलमा दृष्टिविहीन बालबालिकाका लागि एकीकृत विद्यालय शिक्षा प्रारम्भ भई हालसम्म सञ्चालित छ । त्यसैगरी वि.सं. २०२५ सालदेखि खगेन्द्रबहादुर बस्नेतको अगुवाईमा सुरु भएको नेपाल अपाङ्ग अन्धा संघ नवजीवन गृहले २०२६ सालदेखि अपाङ्ग पुरुषहरुको लागि आवसीय व्यवस्था सुरु गरेकोमा २०३१ सालदेखि महिलाहरुकालागि पनि आवसीय प्रवन्धको सुरुवात भएको थियो । अपाङ्गता भएको व्यक्तिको स्याहार तथा शिक्षाको प्रबन्ध सहित यो नेपाल अपाङ्ग अन्धा संघ नवजीवन गृह केही पछि खगेन्द्र नवजीवन केन्द्रको रुपमा स्थापित भई हाल काठमाडौंको जोरपाटीमा सञ्चालन भईरहेको छ । शिक्षा नियमावली २०२८ अनुरुप २०३० सालमा विशेष शिक्षा परिषद गठन भई अपाङ्गता भएकाहरुको शिक्षाको लागि सरकारबाट औपचारिक संस्थागत थालनी भएको पाइन्छ । बालबालिका तथा महिला शिक्षामा वि. सं. २०५० को दशक देखि केही प्रोत्साहन मूलक कार्य प्रारम्भ भए पनि अपाङ्गता लगायत आर्थिक, सामाजिक, भाषिक, लैङ्गिक तथा भौगोलिक कारणले वञ्चितीकरणमा परेका बालबालिकाको शिक्षामा पहुँच तथा सहभागिताको लागि हालको अवस्थामा योजनाबद्ध प्रयास सुरु भएको पाईन्छ ।

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट गरेको छ । संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रुपमा लिदै आधाभूत तहको शिक्षा अनिवार्य र निशुल्क हुने र अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकले कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरु तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रुपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले 'तोकिदिए बमोजिमका शैक्षिक संस्थाद्वारा निशुल्क रुपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यवसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ । विद्यालय शिक्षामा समता र समावेशीकरणका लागि सूचक सहितको एकिकृत समता र नीति २०७१ कार्यान्वयनबाट वञ्चितीकरणमा परेका बालबालिकाहरुलाई थप सहयोग सहितको शैक्षिक अवसरको व्यवस्था गरिएको छ । अपाङ्गता भएका बालबालिका, छात्रा, दलित तथा जनजाति समुदायका बालबालिकाहरुलाई छात्रवृत्ति र प्राविधिक तथा व्यवसायिक शिक्षामा प्राथमिकता एवम् आरक्षण कोटाको व्यवस्थाले यस समूहका बालबालिकामा शिक्षामा पहुँच र सहभागिता बढेको तथ्यांकले देखाएको छ । तापनि पहुँचमा सुधारको लागि सहभागिता र गुणस्तर सुधारमा अझै थुप्रै कार्यहरु गर्नु पर्ने देखिएको छ । यसै सम्बन्धमा दिगो विकासको लक्ष्य ४ ले समावेशीता, समतालाई विशेष जोड दिए अनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरेको छ ।

विद्यालय शिक्षामा सबैको समतामूलक र समावेशी पहुँचका लागि उल्लेखित नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरु पनि सञ्चालित छ । उदाहरणका लागि दिवा खाजा, पाठ्यपुस्तक सहित निःशुल्क शिक्षा, आपाङ्गता भएका बालबालिकाहरु, छात्रा तथा सीमान्तकृत बालबालिकाहरुलाई लक्षित गरी आवसीय तथा गैर आवसीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन् । यसै गरी समता तथा समावेशिताका लागि आधारभूत तहमा मातृभाषा तथा बहुभाषाको प्रयोग गरी सिकाइने नीति, विद्यालय तहमा महिला शिक्षकको नीतिको समावेशी व्यवस्था, विद्यालय नर्सको प्रारम्भ. पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक धार्मिक जातीय संवेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ।

### ४.३.३ अवसर तथा चुनौतीहरुः

१. लक्षित समूह महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, कठीन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रुपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितमा परेका व्यक्तिहरुको शिक्षामा समतामूलक पहुँच पर्याउने ।
२. सबै किसिमका अपाङ्गता भएकाहरुका लागि शिक्षामा पहुँच पुऱ्याउने ।
३. अपाङ्गता भएका, कठीन भौगोलिक अवस्थामा रहेका र सामाजिक रुपले पछि परेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा टिकाई राख्ने।
४. लक्षित समूहको विद्यालयमा सहभागिता तथा उपलब्धि सुनिश्चित गर्ने ।
५. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गर्ने ।
६. विद्यालयमा कुनै पनि प्रकारको विभेद दुर्व्यवहार, हेपाईनहुने सुनिश्चितता सहित बालमैत्री बनाउने ।

### ४.३.४ उद्देश्यहरु:

१. लक्षित वर्गको सबै तहको शिक्षामा हुने पहुँचमा वृद्धि गर्नु ।
२. विद्यालयमा कुनै पनि प्रकारका विभेद, भय, दुर्व्यवहार तथा त्रासमुक्त सिकाइ वातावरणको सुनिश्चतता गर्नु ।
३. विद्यालयका सबै प्रकारका शैक्षणिक तथा शैक्षिक गतिविधिहरुमा समता तथा समावेशिताको कायम गर्नु ।

### ४.३.५ रणनीतिहरु:

१. स्थानीय तहमार्फत् घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने छ ।
२. सबै तह र प्रकारका विद्यालयहरुमा लैङ्गिक तथा अपाङ्गमैत्री अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षा उपलब्ध गराइने छ ।
३. जटील भौगोलिक क्षेत्रमा बसोवास गर्ने लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका, सामाजिक बहिस्कारमा परेका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रम विभिन्न नमुनाहरु समते विकास गरी पहुँच सुनिश्चित गरिने छ ।
४. विद्यालयमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाई तथा स्वच्छता सम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरु लक्षित महिनाबारी स्वच्छता सम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिने छ ।
५. आधारभूत तहमा बहु तथा मातृभाषा सिकाइको अवसर प्रदान गर्नुका साथै पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश गरिने छ त्यसै गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गरिनेछ ।
६. आवश्यकता अनुसार लक्षित वर्गलाई पोशाक, स्टेशनरी तथा सिकाइ समाग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ ।
७. विद्यालयमा अभिभावकको संलग्नता बढाइने छ ।
८. सिकाइ क्रियाकलापलाई सहभागिता मूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम गरिने छ भने विद्यालयमा कुनै पनि प्रकारका विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गरिने छ ।
९.औपचारिक विद्यालय शिक्षाबाट बञ्चितिमा परेका लक्षित समूहका बालबालिकाहरुको शिक्षामा पाउने हक सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैरसरकारी संस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरुलाई सहभागी गराइनेछ ।

### ४.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण**

| क्र. सं | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | शिक्षाको अवसरबाट वञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरु तथा सहायता पद्धति तर्जुमा गरी कार्यन्वयन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखिकरण गरी उपयुक्त शिक्षाको | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ३ | आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाइ अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा | पटक | | | १ | | | १ | |
| ४ | बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थी बीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरुको अवलम्बन | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ५ | बालबालिकाहरुको सिकाइ आवश्यकता अनुरुपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासको कार्यक्रममा समता तथा समावेशीकरणका विषयबस्तुहरुलाई समावेश | पटक | १ | १ | १ | १ | १ | ५ | |
| ६ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यस सम्बन्धि शिक्षा तथा संयन्त्र स्थापना | निरन्तर | | ५ | ५ | ५ | ५ | ५ | |
| ७ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्थाहरु बीच जवाफदेहिता सहितको कार्यगत समन्वय | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |

### ४.१ विद्यालय दिवा खाजा, स्वास्थ्य पोषण तथा सरसफाई कार्यक्रमः

### ४.४.१ परिचय

बालबालिकाको विकास तथा उमेरगत सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइमा सक्रिय सहभागिता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ। बालबालिकाहरूको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू प्राप्ति र यस्ता आधारभूत स्वास्थ्य सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदान गर्दा सेवाप्रवाहलाई तुलनात्मकरूपमा सहज प्रभावकारिता मितव्ययिता बनाउन सहयोग पर्दछ ।

विद्यालय खाजा कार्यक्रम नेपालको संविधानको मुलभूत सिद्धान्तमा खाद्य सम्प्रभूतालाई मौलिक हकको रूपमा स्वीकारेको सन्दर्भमा नेपालको राष्ट्रिय स्वास्थ्य नीति-२०७६ तथा राष्ट्रिय शिक्षा नीति-२०७६ एवम बालबालिका सम्बन्धि अन्य कानूनले बालबालिकाको स्वास्थ्य पोषण तथा खाद्य सम्प्रभूता सम्बन्धि अधिकार स्थापित गरेको छ। स्वास्थ्य पोषण तथा दिवाखाजा सेवा सम्बन्धि केही रणनीति तथा क्रियाकलाप योजना बालविकास तथा शिक्षा, आधाभूत शिक्षा र माध्यमिक शिक्षा खण्डमा पनि समावेश गरिए पनि उल्लेखित उपक्षेत्रसँग अन्तरसम्बन्धित विषयका रूपमा विद्यार्थीको विकास र सिकाइलाई सहयोग पुग्ने विद्यार्थी सहायता प्रणाली मध्ये एक महत्पूर्ण प्रणाली विद्यालयमा आधारित स्वास्थ्य तथा विद्यालय दिवा खाजा सहित पोषण सम्बन्धि योजनाको समग्र विषय यस खण्डमा प्रस्तुत गरिएको छ। यस खण्डमा विद्यालय दिवाखाजाको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएका छन भने चुनौतीहरूको सामना गर्नका लागि आवश्यक रणनीति उदेश्य, नतिजा तथा मुख्य क्रियाकलापहरू समावेश गरिएको छ।

### ४.४.२ वर्तमान अवस्था

नेपालमा विभिन्न समयमा विद्यालय स्वास्थ्य तथा पोषण र खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धि केही कार्यक्रम तथा निर्धारित कक्षा तथा क्षेत्रका विद्यार्थीकालागि दिवा खाजा कार्यक्रमको वर्तमान अवस्थाको विश्लेषण गर्दा सबैका लागि शिक्षाको डकार बैठक सन् २००० ले सिफारिस गरेको ढाँचालाई मुख्यगरी चारवटा अङ्गहरू समाबेश गरेको छ।

- विद्यालय स्वास्थ्य सम्बन्धि नीतिहरू तय गर्नु
- सुरक्षित पानी तथा सरसफाइ सहित सुरक्षित विद्यालय वातावरण सिर्जना गर्नु,
- सिपमा आधारित स्वास्थ्य शिक्षकको प्रबन्ध गर्नु
- विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवा प्रदान गर्नु,

उल्लेखित बुँदाहरूलाई आधार मानी यस स्वामीकार्तिक खापर गाउँपालिकाको वर्तमान अवस्थालाई विश्लेषण गरी दिवाखाजा स्वास्थ्य तथा पोषण सरसफाइ तथा स्वच्छताको अलग अलग समीक्षा गरी तिनीहरूको अन्तरसम्बन्ध उल्लेख गरी योजना तयार गरिएको छ।

### ४.४.३ दिवा खाजा

नेपालमा सन् १९७४ देखि छनोट गरेका जिल्लाहरुका विद्यालयहरूमा विश्व खाद्य कार्यक्रमको अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा विभिन्न चरण र मात्रामा हाल सञ्चालन हुँदै आई सुदूरपश्चिम प्रदेशका ३ जिल्लाहरु बझाङ,बाजुरा र दार्चुला जिल्लामा खाद्यान्न विश्व खाद्य कार्यक्रम द्वारा  दिवा खाजा कार्यक्रम सञ्चालित छन् भने सन् २००८ देखि छानिएका प्राथमिक विद्यालय तथा समुदायमा प्रारम्भ गरिएको सरकारको नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरी आ.व. २०७८/२०७९ मा सामुदायिक पूर्व प्राथमिक देखि आधारभूत तहको कक्षा ६ सम्मका सबै विद्यार्थीहरूलाई र २०८१ बाट कक्षा ५ सम्मका विद्यार्थीहरूलाई समेत दिवाखाजाको व्यवस्था गरिएको छ।

विश्व खाद्य कार्यक्रम द्बारा यस स्वामीकार्तिक खापर गाउँपालिकामा प्रारम्भिक बालविकासदेखि कक्षा ८ सम्मका सार्वजनिक विद्यालयमा अध्ययनरत सबै बालबालिकाका लागि दिवा खाजाको प्रबन्ध गर्नु महत्वपूर्ण उपलब्धि रहेको छ। विद्यालय दिवा खाजाले विद्यार्थीमा नियमितता भई सिकाइ स्तरमा समेत प्रगति हुने अवस्था देखिएको हुनाले

यस कार्यक्रमलाई महत्वका साथ निरन्तरता दिनु आवश्यक देखिएको छ । यस कार्यक्रमलाई विद्यार्थीको समग्र पोषणका अवस्थाको सुदृढीकरण गरी एकीकृत तथा सम्बन्धित गर्नु पर्ने छ ।

### ४.४.४ विद्यालय स्वास्थ्य र पोषणः

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धी, गुणस्तरीय जीवनयापन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले स्वास्थ्य तथा पोषणको महत्वपूर्ण स्थान रहन्छ । नेपाल सरकार जनसंख्या मन्त्रालयले तयार पारेको राष्ट्रिय पोषण रणनीतिमा १३ वटा स्वास्थ्य तथा पोषण सम्बन्धि रणनीतिहरू तय गरेकोमा त्यस मध्ये एउटा रणनीति विद्यालय स्वास्थ्य तथा पोषणसँग सम्बन्धित थियो । यसले विद्यालयका बालबालिकाहरूको कुपोषण घटाउने र विद्यार्थीहरूको विद्यालय भर्ना र दैनिक उपस्थितिमा सुधार गर्ने लक्ष्य थियो ।

दिवाखाजा लगायतका बाल स्वास्थ्य तथा पोषणलाई नेपालका विभिन्न कानून तथा नीतिहरूमा समावेश गरिएको छ । यस क्रममा नेपालको पन्ध्रौं योजनाले एक विद्यालय एक स्वास्थ्य कार्यकर्ताको व्यवस्था गरिने उल्लेख छ भने कतिपय प्रदेशहरूले यो कार्यक्रम स्थानीय कार्यविधि बनाएर क्रमशः लागु गर्न थालिसकेको छ । यस योजनाले बालबालिकाको स्वास्थ्य, पोषण, स्वच्छता तथा खाद्य सम्प्रभुतालाई नीतिगत प्राथमिकता दिए पनि कसरी विद्यालयहरूसँग जोड्ने भन्ने रणनीतिहरूले स्पष्ट पारेको देखिदैन । राष्ट्रिय योजना आयोगको संयोजकत्वमा तयार गरिएको बहुक्षेत्रीय पोषण योजना दोस्रो सन् २०१८ -२०२२ ले विभिन्न क्षेत्रबीचका कार्यक्रम एकीकृत गर्ने, यस सम्बन्धि नीति तथा रणनीति निर्माण र कार्यक्रममा समन्वय संयन्त्र बनाए पनि एकातिर क्षेत्रगत उत्तरदायित्वमा रहने हुनाले समन्वयात्मक कार्य प्रभावकारी हुन सकेको देखिदैन भने विद्यालयसँग यस बहुक्षेत्रीय पोषण योजनाको भरपर्दो सम्बन्ध स्थापित हुनसकेको छैन । यसले पोषणमा बढी महत्व दिने हुँदा बालबालिकाको स्वास्थ्य पोषण, दिवाखाजा र सरसफाइ एवम् स्वच्छतालाई अन्तर सम्बन्धित तथा आवश्यकताका आधारमा एकीकृत गर्न प्रयास हुने देखिदैन । विद्यालय क्षेत्र विकास कार्यक्रमले बालबालिकाको स्वास्थ्य तथा पोषणमा सुधार गरी सिकाइमा सुधार गर्नका लागि जुका नियन्त्रण, सुक्ष्म पोषक तत्व तथा दृष्टि, स्वास्थ्य तथा पोषण शिक्षा प्राप्त गरी विद्यालयका सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गर्ने उद्देश्य राखी विभिन्न रणनीतिहरू प्रस्ताव गरिएका थिए । यी उद्देश्य प्राप्तिका लागि सञ्चालन गरिने हुँदा कार्यक्रमको नतिजामा एक रूपता देखिएको छैन विशेषतः विद्यालय र स्थानीय सरकार एवं स्वस्थ्य संस्थाको सक्रियता स्वेच्छिक सहकार्यमा यी कार्यक्रमको प्रभावकारीता निर्भर भएको देखिन्छ ।

### ४.४.५ सरसफाइ र स्वच्छताः

विद्यालयमा हुने सरसफाइ र स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने स्पष्टदेखिन्छ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नका लागि साथै परिवार तथा समुदायमा सकारात्मक प्रभाव पार्दछ । बालबालिकाको स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच हुनु उनीहरूको संविधान प्रदत्त हक पनि हो भने दिगो विकास लक्ष्य नं. ४ र ६ अन्तरगत सबै विद्यालयहरूमा सुरक्षित तवरले व्यवस्थित खानेपानी, सरसफाइ र स्वच्छताको प्रावधान हुनु पर्ने गरी सूचाङ्कहरू पनि तोकिएका छन । तत्कालीन शिक्षा विभागले २०७४ मा तयार गरी २०७६ मा परिमार्जन गरिएको विद्यालयहरूमा शुद्ध खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धि कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरूमा हुनुपर्ने माथि उल्लेख गरिएका सुविधाहरू साथमा छात्रा छात्रका संख्याको आधारमा अलग अलग

शौचालय, हरियाली स्वच्छता वातावरणका साथमा अपाङ्गता तथा फरक क्षमताका सबै बालबालिकाहरूलाई सहज हुने गरी व्यवस्थापन हुनु पर्ने, विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन शिक्षाको प्रबन्ध पनि अनिवार्य हुनुपर्ने छ । स्वच्छता लगायतका माथि उल्लेखित सुविधाहरूमा गुणस्तरीयता, दिगोपना, विद्यालयहरूमा व्यवस्थापन भएका र भविष्यमा व्यवस्थापन गरिने सबै कार्य विधि २०७४ को पुनरावलोकन गरी तदनुकूलको संस्थागत व्यवस्था आवश्यक देखिन्छ सबै तहका विद्यालयहरूमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण गर्ने कार्य विगत केही वर्ष देखि लागु भएको हो र हाल केही विद्यालयमा यो सुविधा उपलब्ध छ । तर पनि विद्यार्थी संख्याको अनुपातमा धेरै विद्यालयमा केही समस्या देखिएको छ भने अधिकांश विद्यालयमा अझै अपाङ्गमैत्री भएका छैनन् । विद्यालयमा महिनावारीको समयमा सुरक्षित तथा सहज रूपमा स्यानेटरी प्याडको वितरण तथा परिवर्तन गर्ने अलग अलग कोठाहरू छैनन् भने धेरै विद्यालयहरूमा महिनावारी स्वच्छता सम्बन्धी शिक्षा तथा परामर्श दिने गरिएको छैन । सबै विद्यालयहरूमा यस पालिका भित्र वातावरणीय सरसफाइ, हरियाली वातावरण स्वच्छताको सुविधा प्रदान गर्न सकिएको छैन । केही विद्यालयमा खाजाघरको अभाव देखिएको छ । विपद व्यवस्थापन सम्बन्धित केही कार्य गरिए पनि महामारी तथा स्वास्थ्य संकट बारे थप कार्य प्रभावकारी रुपमा गरिनु पर्ने छ ।

### ४.४.६ अवसर तथा चुनौतीहरू:

- दिवाखाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ स्वच्छताका लागि प्रबन्ध सुनिश्चित गर्नु ।
- विद्यालय खाजाका लागि उपयुक्त स्वरूप तथा स्थानीय युक्त खाना सुनिश्चित गर्नु ।
- विद्यालय दिवा खाजालाई स्थानीय कृषि तथा व्यापारसित जोड्नु ।
- कार्यक्रमलाई प्रभावकारी अनुगमन र मूल्याकन पद्धति विकास गर्नु ।
- विद्यालय खाजा कार्यक्रमलाई सबै विद्यार्थीहरूले पाउने गरी कानुन तथा बजेट व्यवस्थापन गर्नु ।
- विद्यालय खाजा, विद्यालय स्वास्थ्य, पोषण तथा सफाइ स्वच्छता सम्बन्धि नीतिगत तथा कार्यक्रमका समन्वयात्मक कार्यलाई व्यवस्थित बनाउनु ।
- विद्यालय खाजा तथा अन्य विषयहरूलाई एकीकृत रुपमा सम्बन्धित गराउनु ।
- विद्यालय स्वास्थ्य तथा वातावरणीय, लैगिक स्वच्छता, अपाङ्गता तथा समय सापेक्षतामा परिवर्तन तथा थप विकास गरी कार्यान्वयन गर्नु ।
- सरसफाइ तथा स्वच्छताका लागि आवश्यक मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्नु ।

### ४.४.७ उद्देश्यहरू:

- विद्यालयका बालबालिकाहरुलाई स्वास्थ्य तथा पोषणयुक्त आहाराको सुनिश्चितता गर्नु,
- विद्यालयमा कार्यान्वयनमा रहेको दिवा खाजा कार्यक्रमको कार्यन्वयनमा सुधार ल्याउनु,
- विद्यालयका बालबालिकाहरूको स्वास्थ्य, पोषण तथा सरसफाइ सम्बन्धी सकारात्मक व्यवहारको विकासमा सुधार ल्याउनु ।

### ४.४.८ रणनीतिहरू:

योजनाका उदेश्यहरू हासिल गर्न निम्न रणनीतिहरू अवलम्वन हुनेछन् ।

१. शिक्षा, स्वास्थ्य, पोषण र स्वच्छता समेत समेट्ने गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनीति २०७६ को पुनरावलोकन तथा वर्तमान अवस्थाको सन्दर्भमा अध्यावधिक गरिँदै केन्द्रिय सरकारको नीति प्रतिकूल नहुने गरी कानूनी मान्यता सहितको नियामक ढाँचा कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार गरिने छ ।

२. बालबालिकाका लागि विद्यालयमै सफा तथा ताजा पोषिलो खाजा तयारीको लागि चाहिने भान्सा, भण्डारण, सफा खानेकोठा र समूहमा हात धुने बानीको विकास लगायतका सुविधा विस्तार गरिने छ ।

३. दिवाखाजा कार्यक्रमलाई क्रमशःअभिभावकको संलग्नतामा माध्यमिक तहसम्म विस्तार गर्दै लगिनेछ ।

४. विद्यार्थीले दिवाखाजा पाउने कुरालाई अधिकारका रुपमा स्थापित गरिनेछ ।

५. दिवाखाजा कार्यक्रमलाई कार्यान्वयन गर्न विद्यालयहरूमा आवश्यक संयन्त्र सहितको क्षमता विकास तथा एक विद्यालय एक स्वास्थ्यकर्मीको अवधारणा कार्यान्वयन गरिनेछ ।

६. विद्यालयमा विद्यार्थी संख्याको आधारमा खाजा कोठा, छात्राका लागि स्यानेटरी प्याड परिवर्तन गर्ने अलग अलग कोठाको व्यवस्था सहितका शौचालय, हात धुने साबुन, पानी, रुमाल आदिको व्यवस्थापन गरी अपाङ्ग मैत्री एवं विद्यालय परिसरको घेरवारको व्यवस्थापन गरिने छ ।

७. विद्यालयहरूमा प्राथमिक उपचार सम्बन्धि बाकस, फोलिक एसिड, आइरन, जुकाको औषधी, स्यानेटरी प्याड जस्ता सामग्री स्थानीय स्वास्थ्य कार्यालयको समन्वयमा नियमित वितरणलाई प्रभावकारी बनाइनेछ ।

८. विद्यालयमा खाद्य सुरक्षा सरसफाइ तथा स्वच्छता किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धि शिक्षा प्रदान गरी स्वास्थ्य तथा कृषि शाखासँगको साझेदारीमा कार्य योजना निर्माण गरि कार्यान्वयन गरिनेछ ।

९. दिवाखाजाको लागि स्थानीय उत्पादनमा आधारित कृषि उत्पादनलाई प्रोत्साहन गर्ने गरी आवश्यक प्रविधिलाई सञ्चालन गर्न स्थानीय क्षमता अभिवृद्धि गरिनेछ ।

१०. दिवा खाजाको लागि खाद्य सामाग्री आपूर्ति गर्न स्थानीय उत्पादनमा आधारित आपूर्ति श्रृङ्खला लागि किसान समूह, कृषि सहकारीहरूसँग सहकार्य गर्ने व्यवस्था मिलाइनेछ ।

११. दिवा खाजा सहितको स्वास्थ्य पोषणका कार्यक्रममा स्थानीय अभिभावकको सहभागिता र सहयोगको साझेदारीमा आवश्यक संयन्त्रको विकास गरिनेछ ।

१२. समस्त कार्यको अनुगमन तथा मूल्याङकनका लागि स्थानीय शिक्षा, कृषि, स्वास्थ्य शाखाहरु र सम्बन्धित जनप्रतिनिधिहरूको प्रत्यक्ष संलग्नतामा सहकार्य गरिने छ ।

१३. दिवाखाजा लगायतका स्वास्थ्य पोषण तथा सरसफाइ र स्वच्छता सम्बन्धि कार्यक्रमको अनुगमन तथा मूल्याङकनका साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइनेछ ।

### ४.४.९ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

सबै विद्यालयमा सबै विद्यार्थीहरूको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा गुणस्तरीय, सुरक्षित तथा अपाङ्गमैत्री एवं मनोरञ्जनात्मक सिकाइ वातावरणमा सर्वसुलभता, पहुँच टिकाउ तथा स्थायित्व सहित समान सहभागिताबाट प्राप्त हुन सक्ने मुख्य नतिजाहरू

१. विद्यालय स्वास्थ्य तथा पोषण रणनीति अध्यावधिक तथा परिमार्जन सहित दिवाखाजा, सरसफाइ र स्वच्छता सम्बन्धि स्पष्ट भूमिका तथा जिम्मेवारी निर्धारण तथा कार्यन्वयन हुने ।

२. विद्यालय दिवा खाजालाई बालबालिकाको अधिकारको रुपमा कानूनी प्रबन्ध हुने ।

३. दिवा खाजाका लागि गुणस्तरीयता कायम गर्न आवश्यक ढाँचाको कार्यविधि हुने छ ।

४. प्रारम्भिक कक्षादेखि आधारभूत तहसम्मका सामुदायिक विद्यालयहरूमा सबै बालबालिकाका लागि स्वस्थकर खाजा स्थानीय रुपमा उत्पादित दिवा खाजा प्राप्त हुने छ ।

५. दिवा खाजा सहितको विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम कार्यन्वयन गर्न व्यवस्थापनका लागि व्यवस्थापन समिति स्थानीय जनप्रतिनिधिहरूर अभिभावकहरूको संयुक्त संस्थागत प्रबन्ध सहित स्वस्थ्यकर्मीको समेत व्यवस्था हुनेछ ।

६. विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा खाजा,कोठा, शौचालय, स्यानेटरी प्याड परिवर्तन गर्ने कोठा, विद्यालय घेरवार, साबुनपानीले हात धुने अवस्थाको प्रर्याप्त सुविधा सहित विद्यालयमा सरसफाइको प्रबन्ध हुने ।

७. प्रत्येक विद्यालयमा प्राथमिक उपचार सम्बन्धि बाकस, स्वास्थ्य जाँचको आवधिकता, उल्लेखित औषधीहरू तथा स्यानेटरी प्याडको समेत समुचित व्यवस्थापन हुने ।

८. विद्यालयहरूमा आधारभूत कुराहरू जस्तै स्वस्थ, खाद्य सुरक्षा र सफाइ स्वच्छता किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धि शिक्षा प्राप्त हुने ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू:**

| क्र. सं. | मुख्य क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | अनुमानित बजेट प्रतिवर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| २ | नेपाल सरकार विश्व खाद्य कार्यक्रम स्थानीय तह र समुदायको साझेदारीमा प्रत्येक विद्यालयमा दिवा खाजा भान्सा घर निर्माण कार्यक्रम संञ्चालन | निरन्तर | २६ | | | | | २६ | | २०००० | |
| ३ | खाजा तथा स्वास्थ्य कार्यक्रम सम्बन्धी अभिमुखीकरण | | १ | १ | १ | १ | १ | ५ | | ५०० | |
| ४ | स्वास्थ्य तथा पोषण सम्बन्धी अभिमुखीकरण | | २४ | २४ | २४ | २४ | २४ | १२० | | ५०० | |
| ५ | एक विद्यालय एक स्वास्थ्य किट व्यवस्थापन | | सबै विद्यालयमा लागु गरिने | | | | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | स्वस्थकर र पौष्टिक तथा स्थानीय उत्पादनमा आधारित दिवा खाजाको प्रवन्ध गर्ने । | | सबै विद्यालयमा लागु गरिने | | |
| ७ | कक्षा ६-१२ सम्मका किशोरीहरुलाई महिनावारी स्वच्छताको लागि स्यानेटरी प्याडको व्यवस्था गर्ने | | सबै विद्यालयमा लागु गरिने | | |
| ८ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटहरु ( भिटामिन ए र आइरन फोलिक एसिड आदि प्रदान गर्ने।) | प्रत्येक वर्ष | नियमित | | |
| ९ | विद्यालयमा स्वास्थ्य,सरसफाइ तथा स्वच्छता पोषण र किशोरीहरुका लागि महिनावारी स्वच्छता सम्बन्धी शिक्षा व्यवस्था गर्ने | | निरन्तर | | |
| १० | विद्यालयहरुमा विद्यालय संख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सरसफाइ सामग्री सहित आवश्यक संख्यामा छात्र र छात्राका लागि अलग शौचालय तथा युरिनल, किशोरीहरुका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन,हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षा कोठा तथा विद्यालय परिषर सरसफाइको प्रबन्ध र घेरवारको व्यवस्था । | | वार्षिक कार्यतालिका अनुसार नियमित रूपमा गर्ने । | | |

### ४.५ आपत्कालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा

#### ४.५.१ परिचय

युद्ध, द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा (Education in Emergency and Crisis Situation) को रूपमा लिने गरिन्छ । यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द्व, तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो । यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने र आपतकाल पश्चात क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिए पछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न स्थानीय सरकारहरु आ-आफ्नो नीति, कानुन तथा योजनाहरूमा आपतकालीन अवस्थामा शिक्षालाई समावेश गर्ने गरेका छन् । स्वामीकार्तिक खापर गाउँपालिकामा पनि प्रकोप व्यवस्थापन तथा संकटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दीर्घकालीन योजना र बजेट तथा कार्यक्रममा समावेश गरिएको छ । विशेषतः द्वन्द्वको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड- १९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा योजनामा कार्यक्रम प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।

शिक्षा योजनाले आपतकालीन तथा संकटपूर्ण अवस्थामा प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापन, महामारी, द्वन्द्व ,विस्थापन तथा वसाईसराई जस्ता पक्षलाई समेट्नु पर्दछ । प्रकोप जोखिम न्यूनीकरण व्यवस्थापन अन्तर्गत भूकम्प, बाढीपहिरो, हावाहुरी, असिना, आगलागी, चट्याङ, अतिवृष्टि, अनावृष्टि, खडेरी, दुर्घटना, अति चिसो वातावरण आदि प्रकोपहरूको बारेमा पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूका बारेमा जानकारी तथा सिप विकास र प्रकोपबाट शिक्षा क्षेत्रलाई बचाउन आवश्यक तयारी गर्नु पर्दछन् । त्यसै गरी महामारी अन्तर्गत झाडापखाला, हैजा, भाइरल ज्वरो, टाइफाइड, बर्डफ्लू, एन्फ्लूएन्जा, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू कोभिड लगायतका सरुवा रोग तथा महामारीहरूबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी र महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी पर्दछन् ।

#### ४.५.२ वर्तमान अवस्था

हाल कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास कार्यक्रमले विपद जोखिम न्यूनीकरण र प्रतिकार्यलाई अन्तरसम्बन्धित विषयको रूपमा विशेष प्राथमिकता दिदै मुख्यतः सुरक्षित पुनर्निर्माण तथा भूकम्प प्रभावित विद्यालयको मर्मत सम्भार, सुरक्षित निर्माण तथा प्रवलीकरणमा केन्द्रित रहने उल्लेख गरेको हुँदा स्वामीकार्तिक खापर गाउँपालिकाको शिक्षा नीतिले सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवम्

कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपद् व्यवस्थापन सम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राख्ने, विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली बेइज्जती, विभेद लागयतका गैरसंरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसा रहित र भय रहित सिकाइ केन्द्रको रूपमा विकास गर्ने कार्य तय गरेको छ ।

कोभड १९ को शिक्षा क्षेत्रमा पारेको नकारात्मक प्रभावलाई सम्बोधन गर्न विभिन्न कार्यहरू विगत वर्ष देखि नै सञ्चालन गरिदै आएका छन् । मानव इतिहासकै ठूलो विश्वव्यापी महामारी कोभिड १९ ले नेपालको पनि सामाजिक एवम् आर्थिक जीवनमा ठूलो नकारात्मक असर पुर्याइरहेको छ । यस महामारीबाट शिक्षा क्षेत्रलाई सुरक्षित राख्न स्वामीकार्तिक खापर गाउँपालिकाले विशेषतः शिक्षण सिकाइमा पारेको असरलाई कम गर्न र बैकल्पिक माध्यमबाट बालबालिकाले सिक्न पाउने अवसरलाई निरन्तरता दिन केही नीतिगत कार्य क्रमिक रुपमा प्रयासहरू गर्दै आएको छ ।

आपतकालीन अवस्थाहरूले आगामी दिनहरूका लागि शिक्षाको संरचना, भौतिक पूर्वाधार, सिकाइ वातावरण, सिकाइका लागि आवश्यक पर्ने स्रोत साधन, आपतकालीन अवस्थामा सिकाइ निरन्तरताका लागि आवश्यक हुने व्यवस्थापकीय तथा पेसागत क्षमता र आपतकालीन अवस्थाको तयारी, प्रतिकार्य र पुनरुत्थानको भरपर्दो प्रणाली विकास गर्नुपर्ने आवश्यकता रहेको देखिन्छ ।

### ४.५.३ अवसर तथा चुनौतिहरू:

- आपतकालीन अवस्थामा शिक्षा अन्तरगत सम्बन्धित विषयको रुपमा वा छुट्टै विधाको रुपमा सम्बन्धित गर्ने ।
- प्राकृतिक प्रकोप र सोको जोखिम, महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने ।
- अकल्पनीय घटनालाई योजनामा समेट्ने तथा स्रोत व्यवस्थापन गर्ने ।
- संकटहरूको वर्गीकरण तथा योजना बनाउने ।
- तत्कालीन तथा दिर्घकालीन योजना बनाउने ।
- संकटकालीन शिक्षा योजना निर्माणमा सहभागी हुने ।

### ४.५.४ उद्देश्य

- विद्यालय शिक्षामा सम्भावित संकटपूर्ण अवस्थाको सामनाको लागि भौतिक,मानवीय र आर्थिक श्रोतको तयारी गर्नु ।
- संकटपूर्ण अवस्थामा पनि शिक्षण सिकाइका उचित वातावरण सिर्जना गर्नु ।

### ४.५.५ रणनीतिहरू:

१. स्थानीय तह तथा विद्यालयहरूबाट संकटको मूल्याङ्कन गरी आफ्नो योजना तयार गरिनेछ ।
२. विपद प्रतिरोधी भौतिक पुर्वाधारको निर्माण तथा पुनर्स्थापना गरिनेछ ।
३. विद्यार्थी, शिक्षक, अभिभावक तथा तीनै तहको सरकार र गैरसरकारी क्षेत्रलाई संकट रोकथाम, प्रतिकार्य र पुनर्स्थापनाका लागि क्षमता विकास गरिनेछ ।

४. संकट व्यवस्थापनमा सरिक केन्द्र देखि वडा तहसम्मका संयन्त्रसँग सटिक र चुस्त सम्बन्ध बनाइनेछ ।
५. प्राकृतिक प्रकोप तथा जोखिम न्यूनीकरणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याइनेछ ।

### ४.५.६ प्रमुख प्राथमिकता क्षेत्र, नतिजा तथा क्रियाकलापः

उपलब्धिआपतकालीन तथा संकटपूर्ण परिस्थतिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित हुने ।

**नतिजा**

१. विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्यका योजना बन्ने ।
२. पुनःउत्थानको योजना तथा क्षमता विकास हुने ।
३. आवश्यक भौतिक मानवीय र आर्थिक स्रोतको व्यवस्थापन हुने ।
४. महामारीको समयमा पनि स्वास्थ्य उपचार सहित सिकाइ निरन्तर हुने ।
५. युद्ध, सामाजिक द्वन्द्व, हिंसा तथा वसाईसराईको अवस्थामा पनि आधारभूत आवश्यकताको पूर्ति सहित सिकाइको निरन्तरता हुने ।

**क्रियाकलाप तथा लक्ष्यः**

| क्र स | मुख्य क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य (५ वर्षे) | अनुमानित बजेट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | सुरक्षित विद्यालय नीति पुनरावलोकन तथा मापदण्ड निर्माण | पटक | | १ | | | | १ | | ५० | |
| २ | विपद प्रतिकार्य क्षमता विकास | पटक | | १ | १ | १ | १ | ४ | | ५५० | |
| ३ | शिक्षक तथा विव्यस तालिम | पटक | १ | १ | १ | १ | १ | ४ | | ६५० | |
| ४ | हरित सफा शान्त र सुरक्षित विद्यालय प्रवर्ध | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | ५५० | |
| ५ | स्थानीय तह र विद्यालयको क्षमता विकास गर्न | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | ६५० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | विपद प्रतिरोधी विद्यालय भवन निर्माण गर्ने | वटा | १ | २ | २ | २ | २ | ९ | | २००० ०० | |
| ७ | उद्दार कार्यका लागि स्वयंसेवक तयारी र तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | | ७५० | |
| ८ | वडा स्तरीय विपद व्यवस्थापन समिति गठन र स्वयंसेवक तालिमको व्यवस्थापन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | ४५० | |
| ९ | विपदमा आवश्यक पर्ने सामग्रि तथा व्यवस्थापकीय योजनाको तयारी गर्न | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | १०५० | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकासः

### ४.६.१ परिचय

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, सफाइ र पिउनका लागि खानेपानी, शौचका लागि शौचालय, बस्नका लागि उपयुक्त फर्निचर जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तह (कक्षा १-५)का प्रारम्भिक कक्षाका लागि प्रतिविद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तह (कक्षा ६-८) तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफल तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवन लगायतका सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति, यस गाउँपालिकाको शिक्षा सम्बन्धि नारा तथा हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजना प्रस्ताव गरिएको छ।

यस खण्डमा स्वामीकार्तिक खापर गाउँपालिका भित्र रहेका विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी पाँच वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजाहरु प्रमुख लक्ष्य उल्लेख गरिएको छ ।

### ४.६.२ वर्तमान अवस्था

स्वामीकार्तिक खापर गाउँपालिकामा कुल २५ वटा सामुदायिक विद्यालयहरु सञ्चालनमा रहेका छन् । सञ्चालित विद्यालयहरुको भौतिक अवस्था तलको तालिकाबाट प्रस्ट पार्न सकिन्छ ।

| क्र. सं | विद्यालयको नाम | भवनसंख्या | पुस्तकालय | नेट | विज्ञानप्रयोगशाला | ई-हाजिरी | कम्प्युटरफोटोकपी संख्या | प्रोजेक्टर | शौचालय | घेराबार | विद्यालयकोआवश्यता |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | राघुमाता मा.वि साणपाटा | ४ | छ | छ | छ | ० | २४ | २ | छ | छैन | भवन आवश्यक शौचालय र घेरवार |
| २ | श्रीगंगादेवी आ.वि छुड्दरी | २ | छैन | छ | छैन | ० | २ | ० | छ | पुरा छ | खेलसामग्री, भवन शौचालय र खेलमैदान |
| ३ | श्री रुपाली आ.वि रुपाना | २ | छैन | छ | छैन | ० | १ | ० | छ | छैन | खेलसामग्री र घेरवार |
| ४ | श्रीकालिका आ.वि डिम्मरपानी | ३ | छैन | छ | छैन | ० | १ | ० | छ | छैन | भवन, खेल मैदान र घेरवार |
| ५ | श्री विन्दासैनी आवि फयालगाँउ | १ | छैन | छ | छैन | ० | ० | ० | छ | छ | भवन, खेल मैदान, सामग्री |
| ६ | श्री पुगेली आवि पुडेनी | १ | छैन | ० | छैन | ० | ० | ० | ० | छैन | भवन, शैक्षिक सामग्री पानी, घेरवार |
| ७ | श्री मण्डाली आवि डुमकोट | २ | छैन | छ | छैन | ० | १ | ० | छ | छ | भवन, पानी शैक्षिक सामग्री |
| ८ | श्री मण्डाली आवि खोलिकोट | ३ | छैन | छ | छैन | ० | १ | ० | छ | छ | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | श्री खापरमष्टेश्वरी आवि | १ | छैन | छ | छैन | ० | १ | ० | | छैन | |
| १० | श्री रुपाली आवि जिजुवा | ३ | छ | छ | छैन | ० | १ | ० | छ | छैन | |
| ११ | श्री भगवती आवि रुडी | १ | छैन | छ | छैन | ० | १ | ० | छ | छैन | |
| १२ | श्री कोटेढुङ्गा आवि बाहुनी | ३ | छैन | छ | छैन | ० | १ | ० | छ | छ | |
| १३ | श्री कुलादेवी मावि वर्कु | ३ | छ | छ | छ | ० | ६ | १ | छ | छ | |
| १४ | श्री सत्यसाई आवि जोरु | १ | छैन | छ | छैन | ० | १ | ० | छ | छैन | |
| १५ | श्री चाखुरेथला आवि जोरु | ३ | छैन | छ | छैन | ० | १ | ० | छ | छ | |
| १६ | श्री मनमोहन आवि जुकोट | १ | छैन | छ | छैन | ० | ० | ० | छ | छैन | |
| १७ | श्री भैरवनाथ आवि ठुलापाटा | २ | छैन | छ | छैन | ० | १ | ० | छ | छ | |
| १८ | श्री शम्भु सुनन्दा मावि जुक | ३ | छ | छ | छ | ० | १० | ३ | छ | छैन | |
| १९ | श्री सूर्योदय आवि जुकोट | ३ | छैन | छ | छैन | ० | १ | ० | छ | छैन | |
| २० | श्री शम्भु सुनन्दा मावि जुकोट | ५ | छ | छ | छ | ० | २० | २ | छ | छ | सभाहल, भान्छा घर, भवन, खेलमैदान , घेरबार, खानेपानी फर्निचरको अभाव |
| २१ | श्री शम्भु सुम्मित बो.स्कुल | १ | छैन | छ | छैन | ० | १ | ० | छ | छ | सौचालय, भवन घेरवार, खानेपानी, खेलमैदान आबस्यक |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | श्री कर्णाली आवि छापु | १ | छैन | छ | छैन | ० | १ | ० | छ | छ | खानेपानी घेरवार, सौचालय आबस्यक |
| | श्री कालिका आवि फैता | २ | छैन | छ | छैन | ० | २ | ० | छ | छैन | भवन घेरवार र फर्निचरको अभाव |
| २४ | श्री स्वामीकार्तिक मावि वाई | ९ | छ | छ | छ | ० | ८ | ३ | छ | छ | भवन, घेरबार, खानेपानी र शौचालय |
| २५ | श्री भैरवनाथ मावि जेरा | ४ | छ | छ | छ | ० | २ | १ | छ | छ | घेराबार, खेलमैदान, खानेपानी, भवन आबस्यक |
| २६ | श्री हिमचुली आवि मिगु | ४ | छैन | छ | छैन | ० | १ | ० | छ | छैन | कम्युटरजन्य सामग्रीको अभाव शौचालय, भवन ,घेरवार |

**अवसर र चुनौतिहरूः**

१. पूर्वाधार विकासलाई गुणस्तरीय बनाउनु ।
२. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरुयोजना विकास तथा कार्यान्वयन गर्नु ।
३. पूर्वाधार विकास स्रोतको पहिचान र व्यवस्थापन गर्नु ।
४. पूर्वाधारहरूलाई बालमैत्री, अपाङ्गता मैत्री र लैङ्गिक मैत्री बनाउनु ।
५. भौतिक पूर्वाधार निर्माणमा जवाफदेहिता र उत्तरदायित्व बोध गर्नु ।
६. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु ।
७. भौगोलिक र प्राविधिक जटिलता ।
८. योजनाबद्ध विकास गर्नु ।

**अवसरहरू**

- स्थानीय तहको अधिकार र स्रोत परिचालन हुने ।
- समुदायको सहभागिता बढ्ने ।
- सहयोगी संस्था (गैर-सरकारी संस्था (NGO), निजी क्षेत्र, र अन्तर्राष्ट्रिय विकास साझेदार) उपस्थिती गराउन सकिने ।
- पारदर्शिता र जवाफदेहिता बढाउन सकिने ।

४.६.३ उद्देश्यः

**१. गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु ।**
सुरक्षित र पहुँच योग्य भौतिक पूर्वाधारको विकास गर्नु ।

**२. दुर्गम भेगका विद्यार्थीलाई शिक्षा प्राप्त गर्न सहज पहुँचको सुनिश्चितता ।**
अपांगता भएका बालबालिका, बालिका, र पिछडिएका वर्गका लागि समावेशी र पहुँचयुक्त भौतिक संरचना निर्माण

**३. छात्र/छात्राको उपस्थितिमा वृद्धि**

-सुविधायुक्त विद्यालय वातावरणले विद्यार्थीलाई विद्यालयतर्फ आकर्षित गर्ने ।
-विद्यालय छोड्ने दर (dropout rate) घटाउन सहयोग पुर्योउने ।

**४. सुरक्षित र दिगो भौतिक संरचना निर्माण**

-भूकम्प प्रतिरोधी, विपद् प्रतिरोधी, र वातावरणमैत्री भवन निर्माण ।
-विद्यालयलाई जोखिममुक्त क्षेत्र बनाउन सहयोग गर्ने ।

**५. स्वास्थ्य र सरसफाइको सुधार**

- पिउने पानी, शौचालय र सरसफाइका लागि आवश्यक भौतिक संरचना उपलब्ध गराई विद्यार्थीको स्वास्थ्य सुधार गर्ने ।
- छात्र र छात्राका लागि अलग-अलग शौचालयको व्यवस्था ।

**६. डिजिटल र आधुनिक शिक्षाको प्रवर्द्धन**

- ICT (सूचना तथा सञ्चार प्रविधि) शिक्षाका लागि कम्प्युटर ल्याब, स्मार्ट कक्षा र इन्टरनेटको व्यवस्था ।
- भविष्य उन्मुख शिक्षाको लागि भौतिक पूर्वाधार तयार गर्ने ।

**७. सामुदायिक अपनत्व र सहभागिता बढाउने**

-समुदायलाई विद्यालयको विकास प्रक्रियामा सहभागी गराई उनीहरूको अपनत्वको भावना बढाउने ।
-सामुदायिक स्रोतसाधनको परिचालन मार्फत विद्यालयको दिगो विकास सुनिश्चित गर्ने ।

**८. सामाजिक समानता र समावेशीता प्रवर्द्धन**

- सबै वर्ग र भेगका विद्यार्थीलाई समान पहुँच दिन आवश्यक संरचना निर्माण ।
- ग्रामीण र शहरी विद्यालयहरूमा भौतिक विकासको असमानता घटाउने ।

**९. स्थानीय आर्थिक विकासमा योगदान**

-विद्यालय निर्माण र व्यवस्थापन कार्यले स्थानीय स्तरमा रोजगारी सिर्जना गर्ने ।

-स्थानीय स्रोतसाधनको प्रयोगले क्षेत्रीय आर्थिक गतिविधिलाई टेवा पुर्यारउने ।

**१०. शिक्षामा दीर्घकालीन लगानीको सुनिश्चितता**

-विद्यालयको मर्मतसम्भार र सञ्चालनका लागि दीर्घकालीन संरचना र योजनाको निर्माण ।
-विद्यार्थीको सिकाइ वातावरणमा दीर्घकालीन रूपमा प्रभावकारी बनाउने योगदान ।

**११. शिक्षाको आकर्षण र प्रतिस्पर्धा वृद्धि**

-सामुदायिक विद्यालयलाई निजी विद्यालयहरूसँग प्रतिस्पर्धी बनाउन सहयोग ।
-भौतिक पूर्वाधारले विद्यालयको साख बढाउन मद्दत गर्ने ।

**१२. सरकारी नीतिहरूको कार्यान्वयन**

-शिक्षा क्षेत्रका राष्ट्रिय तथा क्षेत्रीय नीतिहरूलाई स्थानीय स्तरमा प्रभावकारी कार्यान्वयन गर्न सहयोग ।
-विद्यालय सुधारका लागि सरकारद्वारा प्रदान गरिएका योजनाहरूलाई मूर्त रूप दिन सहयोग ।

**निष्कर्ष:**

स्वामीकार्तिक खापर गाउँपालिकाले यी उद्देश्यहरूलाई ध्यानमा राखेर सामुदायिक विद्यालयहरूको भौतिक विकासका रणनीति तय गर्दा शिक्षाको गुणस्तर, पहुँच, र समावेशीतामा उल्लेखनीय सुधार ल्याउन सकिन्छ। यसले दिगो विकास लक्ष्य (SDGs) अन्तर्गत शिक्षासम्बन्धी लक्ष्यहरू पूरा गर्नेछ ।

**४.६.४ रणनीतिहरू:**

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।
२. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघ संस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिने विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, शुद्ध खानेपानी, शौचालय, भान्सा वा खाजा घर लगायत सबैको योजना समावेश गरी डिजाइन गरिनेछ ।
३. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरुन्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नति गरिनेछ ।
४. पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ ।
५. आंशिक रूपमा क्षति भएका विद्यालयका संरचनाको मर्मत सम्भार गरिनेछ ।
६.अभिभावक र सरोकारवालासंग बिद्यालयका भौतिक सम्पतिहरुको संरक्षण तथा प्रर्बधन सम्बन्धि नियमित अन्तरक्रिया गराइनेछ ।
७. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
८. जीर्ण भौतिक संरचना रहेका बिद्यालयहरुको भूकम्प प्रतिरोधी संरचना निर्माण तथा सवलीकरणमा जोड दिइनेछ ।
९. बिद्यालयको विभिन्न भौतिक संरचनाहरुको नियमित अनुगमन गरिनेछ ।

स्वामीकार्तिक खापर गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकासका लागि तयार गर्नुपर्ने केही रणनीतिहरू निम्न बमोजिम हुनेछन:

**१. आवश्यकता मूल्यांकन** (Needs Assessment):

-विद्यालयहरूको हालको भौतिक अवस्थाको अध्ययन ।
-कक्षा कोठा, शौचालय, पिउने पानी, खेलकुद मैदान, पुस्तकालय जस्ता संरचनाहरूको आवश्यकताबारे तथ्यांक संकलन ।
-भविष्यमा विद्यार्थी संख्या वृद्धि हुने अनुमानको आधारमा योजना निर्माण ।

**२. वार्षिक योजना र बजेट निर्माण:**

-शिक्षा क्षेत्रमा प्राथमिकता दिने गरी स्थानीय तहको वार्षिक योजना निर्माण ।
-भौतिक पूर्वाधार निर्माणका लागि पर्याप्त बजेटको सुनिश्चितता ।
-संघ र प्रदेश सरकारसँगको सहकार्यद्वारा थप स्रोत परिचालन ।

**३. समुदायको सहभागिता:**

-विद्यालय व्यवस्थापन समिति, अभिभावक, र स्थानीय समुदायलाई योजनामा सहभागी गराउने ।
-श्रमदान र स्थानीय स्रोत-साधन परिचालन गर्न प्रोत्साहन गर्ने ।

**४. समावेशी पूर्वाधार निर्माण:**

-बालबालिका, महिला, र अपाङ्गता भएका व्यक्तिका लागि पहुँचयुक्त (Disabled–Friendly) संरचना निर्माण ।
-लैङ्गिक समानतालाई ध्यानमा राख्दै छात्र र छात्राका लागि छुट्टै शौचालयको व्यवस्था ।

**५. गुणस्तरीय निर्माण सामग्रीको प्रयोग:**

-दिगो र वातावरण मैत्री निर्माण सामग्रीको प्रयोग गर्ने ।
-निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न प्राविधिक निरीक्षण गर्ने ।

**६. सुधारका लागि समयमै अनुगमन:**

-पूर्वाधार निर्माण र मर्मत सम्भारमा समय-समयमा अनुगमन गर्ने ।
-विद्यालय र सामुदायिक प्रतिवेदनको आधारमा सुधारका कदम चाल्ने ।

**७. सहकार्य र साझेदारी:**

-गैर-सरकारी संस्था (NGO), निजी क्षेत्र, र अन्तर्राष्ट्रिय संस्थाहरूसँग साझेदारी ।
-विद्यालय शिक्षा सुधार कार्यक्रम (SSRP) वा अन्य सरकारी योजनासँग मिलेर काम गर्ने ।

**८. आधुनिक प्रविधिको प्रयोगः**

-डिजिटल शिक्षा (ICT) को लागि कम्प्युटर ल्याब, स्मार्ट कक्षा, र इन्टरनेट सुविधाको विकास गर्ने ।
-सौर्य ऊर्जा जडान जस्ता हरित प्रविधि अपनाउने ।

**९. जोखिम व्यवस्थापन योजनाः**

-विपद्-प्रवण क्षेत्रका विद्यालयहरूको भौतिक संरचनामा जोखिम न्यूनीकरण उपाय अपनाउने ।
-भूकम्प प्रतिरोधी संरचना निर्माण गर्ने ।

**१०. स्थानीय स्रोतको दीर्घकालीन परिचालनः**

- शिक्षा विकास कोषको स्थापना ।
-सामुदायिक वन, सहकारी, वा अन्य स्थानीय स्रोतबाट आय सृजना गर्दै विद्यालयमा लगानी ।
-यी रणनीतिहरूलाई प्रभावकारी कार्यान्वयन गरेर विद्यालयहरूको भौतिक पूर्वाधारलाई स्तरीय र दीगो बनाउन सकिन्छ ।

**४.६.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण**

**उपलब्धी**

भौतिक पूर्वाधारको विकास गरी सिकाइ वातावरण सिर्जना भएको हुने ।

- गाउँपालिका भरिका सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्था सहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।
- विद्यालयका भौतिक संरचना बाल मैत्री, अपाङ्गता मैत्री र सुरक्षित हुने ।
- सबै विद्यालयहरूमा पर्याप्त भौतिक संरचना निर्माण हुने ।

**नतिजा**

१. स्वामीकार्तिक खापर गाउँपालिका भित्रका विद्यालय शिक्षा अन्तर्गत विकास एवं विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरुप तथा भूमिका परिभाषित हुने ।
२. स्वामीकार्तिक खापर गाउँपालिका अन्तर्गत भौतिक पूर्वाधारको आवश्यकता र मापदण्ड सहितको ५ वर्षे मास्टर प्लान तयार हुने ।
३. गाउँपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने ।
४ एक विद्यालय सम्पूर्ण पूर्वाधारको अवधारणा अनुरुप आगामि ५ वर्षमा सबै विद्यालयमा पूर्वाधार विकासतर्फ अगाडि बढ्ने ।
५. पूर्वाधार विकासका लागि आवश्यक विधि, मापदण्ड तथा स्तरीकरणका सूचक तयार हुने ।
६. सबै विद्यालयको क्षेत्रभित्र घेरबार,प्रवेश गेट निर्माण भएको हुने ।
७. विद्यालयका भौतिक पुर्वाधार बालमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिक मैत्री हुने ।

स्वामीकार्तिक खापर गाउँपालिकाले माथि उल्लिखित रणनीतिहरू अपनाउँदा आफ्नो स्थानीय तह भित्रका सामुदायिक विद्यालयहरूको भौतिक विकासमा निम्न उपलब्धि र नतिजा प्राप्त हुन सक्छन ।

### १. विद्यालयहरूको भौतिक संरचनाको सुधार

-विद्यार्थीको लागि पर्याप्त र सुरक्षित कक्षा कोठा उपलब्ध हुन्छ ।
-कम्प्युटर ल्याब, विज्ञान प्रयोगशाला, पुस्तकालय, र खेल मैदानजस्ता आधारभूत संरचनाहरूको निर्माण ।
-अपांगमैत्री र लैङ्गिक समानतामा आधारित संरचनाहरू तयार हुन्छन् ।

### २. शिक्षाको गुणस्तरमा सुधार

-भौतिक सुविधाले शिक्षण र सिकाइ वातावरणलाई सुधार्छ ।
-डिजिटल शिक्षाको लागि आवश्यक संरचना बनेपछि शिक्षण प्रविधिमा सुधार हुन्छ ।
-सुरक्षित र अनुकूल वातावरणले विद्यार्थीको उपस्थितिमा वृद्धि हुन्छ ।

### ३. विद्यार्थी संख्या वृद्धि

-स्तरीय संरचना र सुविधाहरूले विद्यार्थीलाई आकर्षित गर्छ ।
-विद्यालय छोड्ने दर (Dropout Rate) कम हुन्छ ।
-निजी विद्यालयबाट पनि विद्यार्थी सामुदायिक विद्यालयतर्फ आकर्षित हुने सम्भावना बढ्छ ।

### ४. स्वास्थ्य र सरसफाइमा सुधार

-गुणस्तरीय शौचालय र स्वच्छ पिउने पानीको व्यवस्था भएपछि विद्यार्थीको स्वास्थ्य सुधार हुन्छ ।
-सरसफाइ र स्वच्छता कार्यक्रमलाई प्रभावकारी बनाउन मद्दत पुग्छ ।

### ५. सामुदायिक सहभागिता र उत्तरदायित्वको वृद्धि

-समुदायको श्रमदान र योगदानले विद्यालयमा अपनत्वको भावना जागृत हुन्छ ।
-स्थानीय स्रोत र साधनको सदुपयोगले विद्यालयको दिगो विकास सम्भव हुन्छ ।

### ६. जोखिम प्रतिरोधी संरचनाहरूको विकास

-भूकम्प प्रतिरोधी र अन्य विपद्-प्रवण क्षेत्रका संरचनाहरूले विद्यार्थीको सुरक्षामा सुधार गर्छ ।
-विपद् आए पनि पठनपाठन निरन्तरता दिन सम्भव हुन्छ ।

### ७. दीर्घकालीन शिक्षा सुधारको आधार

-संरचना निर्माणसँगै गुणस्तरीय शिक्षाका लागि आधार तयार हुन्छ ।
-विद्यालय व्यवस्थापन र शिक्षण सिकाइका नयाँ प्रविधिहरूको प्रयोगलाई सहयोग पुग्छ ।

### ८. सामाजिक र आर्थिक लाभ

-विद्यालयमा हुने भौतिक विकासले सम्पूर्ण समुदायको विकासमा टेवा पुऱ्याउँछ ।
-सामुदायिक विद्यालयलाई स्थानीय रोजगार सिर्जना गर्ने माध्यमको रूपमा पनि प्रयोग गर्न सकिन्छ ।

९. सकारात्मक प्रतिस्पर्धा सिर्जना

-सामुदायिक र निजी विद्यालयहरूबीचको भौतिक पूर्वाधारका दृष्टिले प्रतिस्पर्धा बढ्छ ।
-समुदायले विद्यालयलाई अझै स्तरीय बनाउन प्रोत्साहन दिन्छ ।
यी उपलब्धिहरूले विद्यालय शिक्षामा दिगो सुधार ल्याउन मद्दत गर्नेछ, जसले समुदाय र राष्ट्रको समग्र विकासमा योगदान पुऱ्याउँछ ।

### ४.६.५ प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण**

| क्र.सं | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य (५ बर्ष) | | | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | विद्यालय भवन निर्माण | पटक | २ | ३ | ४ | ५ | ६ | २० | |
| २ | विद्यालयहरुको सवलीकरण | संख्या | २ | २ | २ | २ | २ | १० | |
| ३ | विद्यालयहरुमा बनेका संरचनाको संबर्द्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | विद्यालय संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ४ | छात्र र छात्रालाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइ प्रबन्ध | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | संख्या | २ | २ | २ | २ | २ | १० | |
| ६ | अपाङ्गमैत्री संरचना निर्माण | वटा | | | १ | १ | १ | ३ | |

## ४.७ विद्यालयमा सूचना तथा संचार प्रविधिः

### ४.७.१ परिचयः

सूचना तथा सञ्चार प्रविधि समाजका विविध आयामहरुमा अपरिहार्य भए जस्तै शिक्षा क्षेत्रमा समेत अपरिहार्य बनी सकेको छ । शिक्षा क्षेत्रमा सूचना तथा  प्रविधिको प्रयोगलाई नियाल्ने हो भने यसको प्रयोग शिक्षा क्षेत्रको व्यवस्थापकीय पक्षमा र शिक्षण सिकाइको दुवै पक्षमा भइ रहेको छ । शिक्षण सिकाइको पक्षबाट हेर्दा सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न सिकाइलाई सान्दर्भिक बनाउन सिकाइप्रति विद्यार्थीहरुलाई अभिप्रेरित गर्न तथा विद्यार्थीहरुले स्वअध्ययनका लागि प्रयोग भएको पाउन सकिन्छ । व्यवस्थापकीय र प्रशासनिक पक्षबाट हेर्दा तथ्याङ्क व्यवस्थापन गर्न अनुगमन र मूल्याङ्कन गर्न तालिम सेमिनार तथा सम्मेलन आयोजना गर्न तथा शैक्षिक सुशासन कायम गर्नको लागि सूचना तथा सञ्चार प्रविधिलाई प्रयोग गरिएको छ ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकासक्रम हेर्दा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको योजना २०१३-२०१७ ले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको सम्बन्धमा मार्गदर्शक सिद्धान्तहरु विकास गरेको थियो । ती मार्गदर्शक सिद्धान्तहरु आजको सन्दर्भमा समेत उत्तिकै सान्दर्भिक रहेका छन । उक्त गुरु योजनाले निर्धारण गरेका उद्देश्यहरुमा सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिलाई आधारभूत साक्षरताका रुपमा विकास गरी डिजिटल डिभाइस कम गर्ने शिक्षामा समतामुलक पहुँच पुर्याइ गुणस्तर अभिवृद्धि गर्ने र शिक्षाको सेवा प्रवाह तथा प्रणालीमा सुधार गरी सुशासनको प्रत्याभुति गर्नु रहेका छ । यसका लागि उक्त गुरुयोजनाले पहिचान गरेका चारवटा क्षेत्रहरुमा सूचना तथा सञ्चारका लागि संरचना तयार गर्ने, मानवीय स्रोत विकास गर्ने, डिजिटल सामग्री विकास गर्ने, शैक्षिक पद्धति तथा व्यवस्थापनमा सुधार गर्न यस गुरुयोजनाको सन्दर्भ हाल सम्म रहेको पाउन सकिन्छ ।

कोभिड १९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपद र महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा भइरहेका क्षमताको आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि प्रयाप्त सक्षमता र संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन यस्तो अवस्थामा सबैका लागि पहुँच पुग्ने गरी शिक्षामा सूचना र सञ्चार प्रविधिको विकास गर्नु चुनौतिपूर्ण कार्य रहेको छ ।

### ४.७.२ वर्तमान अवस्थाः

राष्ट्रिय रुपमा विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास र वर्तमान अवस्थाको विश्लेषण गर्दा आवश्यक नीति, कानुन तथा रणनीतिहरुको व्यवस्था र तिनको कार्यान्वयन लागि शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना तथा यसको कार्यान्वयन र विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम लक्ष्य र प्रगतिको समीक्षा गर्नुपर्ने हुन्छ । नेपालले ब्रोडब्याण्ड नीति २०७१ ल्याएको छ । जसले विद्यालय लगायतमा कनेक्टिभिटी सुरक्षा लगायतका विषयमा नीतिगत स्पष्टता प्रदान गरेको छ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति २०७२, ले सूचना र सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना कार्यान्वयन गर्ने लगायतका नीतिहरु तय गरेको छ । डिजिटल नेपालको कार्यढाँचा २०७६ ले विद्यालय तथा क्याम्पसमा सूचना र सञ्चार प्रविधि शिक्षा, Geospatial\GIS शिक्षाप्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना र सञ्चार प्रविधि सम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधि सम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ ।

नेपाल सरकारले २०७७ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीति उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय र शिक्षण संस्थामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तय गर्ने कनेक्टिभिटी पुर्याउने तालिम शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरेको छ ।

त्यसै गरी विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलाप समावेश गरिएको छ । विद्यालय क्षेत्र विकास योजनामा समावेश गरेका मुख्य क्रियाकलापहरुमा सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने विज्ञान, गणित र अंग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण

गर्ने पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरुमा सूचना प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकिकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने, र एकिकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली विकास गर्ने भएका थिए । यसका अलवा प्रदेश सरकारबाट समेत शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विशेष जोड दिदै विभिन्न विद्यालयहरुमा सुविधा सम्पन्न कम्प्युटर ल्याव स्थापना गर्ने कार्य अगाडि बढाइएको छ । यसका अलवा शिक्षा तालिम केन्द्रले प्रदान गर्ने शिक्षक तालिम अहिले भर्चुअल माध्यमवाट समेत सञ्चालन गर्ने गरेको छ ।

यस स्वामीकार्तक खापर गाउँपालिकाले पनि विद्यालय शिक्षालाई प्रविधिमय बनाउन आवश्यक पहल विभिन्न समयमा गरेको छ । आधारभूत (कक्षा ६-८) र माध्यमिक विद्यालयहरुमा कम्प्युटर ल्याव स्थापना, एक विद्यालय एक डिजिटल पुस्तकालय/ई-लाइब्रेरी विकास अवधारणा,सबै विद्यालयमा नेट-इन्टरनेटको व्यवस्थापनमा जोड दिएको छ । तथापि भौगोलिक विकटता, विद्युतको असुविधाको कारणले प्रभावकारी रुपमा कार्यान्वयन भने गर्न सकिएको छैन ।

### ४.७.३ चुनौति र अवसरहरुः

- नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीतिहरु उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षण संस्थाहरुमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटि पुर्याउने, तालिम, शिक्षण सिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिका लागि उल्लिखित दस्तावेजहरूले नीतिगत आधार तयार गरेका छन् भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरुयोजना, २०१३-२०१७ ले यससम्बन्धी रणनीति, कार्यक्रम तथा लक्ष्यहरू निर्धारण गरेको थियो ।
- विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलाप समावेश गरिएकोछ । विद्यालय क्षेत्र विकास योजनामा समावेश गरिएका मुख्य क्रियाकलापहरूमा सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित अङ्ग्रेजी विषयमा आधारित विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर कार्यान्वयन गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने रहेका थिए ।
- विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिको संरचना विकासका लागि वार्षिक रूपमा लगानी गरिएको हुँदा धेरैजसो माध्यमिक विद्यालयहरूमा कम्प्युटर लगायतका सामग्री उपलब्ध गराउने र इन्टरनेट कनेक्टिभिटीका केही काम भए पनि यी सुविधाहरू पर्याप्त छैनन् । उपलब्ध भए तापनि शिक्षण सिकाइमा यी स्रोतहरूको प्रयोग गर्ने विद्यालयहरूको संख्या निकै कम छ । कतिपय विद्यालयहरूले विभिन्न व्यक्ति तथा सघं संस्थामार्फत पनि यस्ता सूचना तथा सञ्चार प्रविधि सम्बन्धी सामग्री प्राप्त गर्ने गरेका छन् । यसका लागि साधन तथा संरचना बनाउनुका साथै यसको प्रभावकारी प्रयोगका लागि शिक्षक क्षमता वृद्धि अनिवार्य रूपमा गर्नुपर्ने देखिन्छ ।
- विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत विकास केन्द्रले कक्षा ६, ७ र ८ का लागि गणित, विज्ञान र अङ्ग्रेजी विषयमा केही विद्युतीय सामग्री तयार गरेको छ । त्यसैगरी केही निजी क्षेत्रका संस्थाहरूबाट पनि विभिन्न

विषयमा विद्युतीय सामग्री तयार गर्ने कार्य भइरहेको छ । दृष्टिविहीनका लागि पनि केही पाठ्यपुस्तकहरू डिजिटलाइज गर्ने कार्य भएको छ । कोभिड-१९ को महामारीको समयमा यस्ता विद्युतीय सामग्रीलाई बेग्लै वेबपोर्टल बनाई सबैको पहुँच हुने गरी राखिएको छ। पाठ्यक्रम विकास केन्द्र द्वारा विकास गरिएका सामग्रीका विद्युतीय सामग्री पनि वेबसाइटमा राख्ने गरिएको छ । त्यसैगरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा तयार गरिएका श्रव्य तथा श्रव्य-दृश्य पाठ्यसामग्रीहरू शिक्षा तथा मानवस्रोत विकास केन्द्रको Learning Portal मा राखिएको छ । विद्युतीय सामग्री निर्माण केही मात्रामा भए पनि पर्याप्त मात्रामा सामग्री उपलब्ध नहुनु, भएका सामग्रीहरू पनि अन्तरक्रियात्मक नहुनु र सहज प्राप्त हुन नसक्नु जस्ता समस्याहरू रहेका छन् । त्यसैगरी सबै विद्यालयमा इन्टरनेट कनेक्टिभिटी लगायत सूचना तथा सञ्चार प्रविधिको संरचना पुयाउने, क्षमता विकास गर्न विभिन्न किसिमका अपाङ्गता भएकाहरूका लागि पनि उपयोगी हुने गरी सामग्री विकास गर्ने कार्यमा चुनौतीहरू देखिएका छन् ।

### ४.७.४ उद्देश्यहरु

- सिकाइमा सूचना तथा  सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने,
- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षाको पहुच पुर्याउनु ।

### ४.७.५  रणनितिहरुः

- सबै विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ र सुरक्षित भौतिक र प्राविधिक प्रबन्ध मिलाइनेछ ।
- विद्यालयमा रहेका सबै शिक्षकलाई सूचना तथा सञ्चार प्रविधि सम्वन्धी आधारभूत तालिम प्रदान गरिनेछ । गाउँपालिका तथा विद्यालयबाट छनौट तथा नियुक्त गरिने शिक्षकहरुको लागि आधारभूत सूचना तथा सञ्चार प्रविधि सीप परीक्षण अनिवार्य गरिनेछ, साथै  पाठ्क्रम तथा पाठ्यसामग्रीहरुको डिजिटलप्रति विद्यार्थीहरुलाई सहजै उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।
- स्थानीय स्तरबाट निर्माण तथा विकसित गरिएका सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित शैक्षिक सामग्रीहरु एकीकरण गरी त्यसको सहज पहुँचका लागि ई-पोर्टलको व्यवस्था गरिनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको विकासको लागि नेपाल सरकार र प्रदेश सरकारसँग आवश्यक सहकार्य र समन्य गरिनेछ।
- सबै विद्यालयहरुले IEMIS अन्तर्गतका कार्यहरुलाई समयमा नै सम्पन्न गर्ने गरी क्षमता विकास गरिनेछ ।
- कम्प्युटर प्रयोगशाला रहेका विद्यालयहरुमा ई-पुस्तकालय सञ्चालन गरिनेछ ।

### ४.७.६ उपलब्धि, नतिजा र क्रियाकलाप

**उपलब्धी**

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढंगबाट सिकाइमा सहजीकरण भएको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीहरुको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजा**

- सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधि पूर्वाधार विकास भई सबैको पहुँच स्थापित हुने,
- विभिन्न कक्षा तथा विषयका लागि अन्तर्क्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने ,
- सबै सामुदायिक विद्यालयहरु र विद्यार्थीहरुमा सूचना सञ्चार प्रविधि सम्बन्धी आधारभूत सुविधाको पहुँच पुग्ने,
- सबै माध्यमिक विद्यालयहरुले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने,
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको  विकास तथा सञ्चालन हुने ,
- डिजिटल डिभाइस कम गर्दै जाने र विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरु लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्याउने ,
- शिक्षा सम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी सहज र सस्तो बनाउने ,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामुलक बनाउने,
- सूचना तथा सञ्चार प्रविधिमा आधारित एकिकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली (IEMIS) सम्बन्धी कार्य विद्यालयहरु स्वयमले समयमा नै सम्पन्न गर्ने,
- सुचना प्रविधिको प्रयोगले विद्यालय तथा गाउँपालिकाको व्यवस्थापन र सुशासनमा सुधार आउने ,
- अनुगमन मुल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार भई लागत, जनशक्ति र समयको बचत हुने ,

### ४.७.७ प्रमुख क्रियाकलापहरु र लक्ष्य निर्धारण

**प्रमुख क्रियाकलापहरु तथा लक्ष्य**

| क्र स | मुख्य क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | ( भौतिक लक्ष्य (५ वर्ष) | अनुमानित बजेट(हजार मा) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | कम्प्युटर पहुँच नभएका विद्यालयहरुमा कम्प्युटर पहुँच विस्तार | वटा | १ | ३ | ३ | ३ | ३ | १३ | | २६४० | |
| २ | आधारभूत विद्यालयहरु तथा सबै माध्यमिक विद्यालयहरुमा कम्प्युटर ल्याव स्थापना गर्ने । | वटा | १ | १ | १ | १ | २ | ६ | | ८४५० | |
| ३ | पाठ्यक्रम तथा पाठ्यसामग्रीका डिजिटल प्रति तथा | वटा | १ | १ | १ | १ | १ | ५ | | ४०५० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अन्तरक्रियात्मक डिजिटल सामग्रीहरु सबैलाई सहज रुपमा उपलब्ध गराउने । | | | | | | | | | | |
| ४ | सबै विद्यालयहरुले स्वयं IEMIS सम्बन्धी कार्य गर्न सक्ने गरि आवश्यक तालिम सञ्चालन गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | | १०५० | |
| ५ | गाउँपालिका स्तरमा नमूना ICT ल्यावको स्थापना | वटा | | | | | १ | १ | | २००० | |
| ६ | माध्यमिक तहमा अनलाइन कक्षा सञ्चालनका लागि आवश्यक आधारभूत ICT को व्यवस्थापन गर्ने । | वटा | | १ | १ | २ | २ | ६ | | ३५४० | |

## परिच्छेदः ५
## अन्य उपक्षेत

## परिच्छेद ६:

### सुशासन तथा व्यबस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई सवल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारीबोधवा जवाफदेहीपन, विधिको शासन, समता तथा समाबेशिता र व्यापक सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू जनाउँदछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्नर पारदर्शितातथा विधिको सर्वोच्चता कायमगर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरूव्यवस्थितगरिनु पर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकलरसाझाअधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालयशिक्षाको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारीसहितको व्यबस्थापकीयप्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा सुशासन तथा व्यवस्थापन अन्तर्गत संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजनाको कार्यान्वयनको प्रबन्ध र अनुमगन तथा मूल्याकंन जस्ता क्षेत्रहरु समावेश गरिएको छ ।यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरुलाई पनि अरु परिच्छेदमा जस्तै परिचय, वर्तमान अवस्था, उद्देश्यहरु, रणनीतिहरु, उपलब्धिहरु, नतिजाहरु र मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण गरि ७ वटा उपशिर्षकहरुमा बिभाजन गरि विश्लेषण गरिएको छ ।

### ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

गाउँपालिकाको शैक्षिक सेवा प्रवाहलाई प्रभावकारी र व्यवस्थित रुपमा अगाडि बढाउन दक्ष र सक्षम जनशक्तिका र स्रोत साधनको आवश्यकता पर्दछ । जनशक्तिको उचित व्यवस्थापन र संगठनात्मक सुदृढीकरणले संस्थाको कार्य सम्पादनमा वृद्धि हुने गर्दछ । वर्तमान बदलिँदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय संरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको संङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिर्वतन लगायतका सम्पूर्ण पक्षहरुलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक छ । वर्तमान अवस्थामा स्वामीकार्तिक खापर गाउँपालिका भरिका २६ वटै विद्यालयहरूमा शिक्षा क्षेत्रको व्यवस्थापन गर्नका लागि गाउँकार्यपालिकाको कार्यालयमा शिक्षा, युवा तथा खेलकूद शाखा रहेको छ ।शिक्षा शाखामा शिक्षा प्रशासन शिक्षा अधिकृत १ जना र शिक्षा सेवासहायक स्तर पाँचौ तहको एक जना गरी जम्मा२ जना दरबन्दी रहेको छ र हाल शिक्षा सेवासहायक स्तर पाँचौ तहको एक

जना दरबन्दीमा कार्यरत रहेको पाइन्छ । शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण, पालिकास्तरीय योजनाको विकास, अनुगमन तथा मूल्याङ्कनका लागि विद्यालय, गाउँ शिक्षा समिति र गाउँपालिका बीच समन्वय स्थापित गरी आवश्यक सहजीकरण गर्नु शिक्षा शाखाको प्रमुख दायित्व रहेको छ । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय, प्रादेशिक र स्थानीय तहमा ऐन तथा नियमावलीहरुको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरु विकास हुन बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रुपमा सञ्चालन गर्न नसकेको कुराहरु सत्य सावित भएको छ ।

### ६.१.१ परिचयः

शिक्षा पद्धतिमा निर्णय तथा सो को कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्ध (governance) लाई जनाउँदछ । यसमा संरचना तथा प्रक्रिया दुवै पर्दछन् । विद्यालय क्षेत्रको योजनाका सन्दर्भमा शासकीय प्रबन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुनुपर्दछ । यस्ता संरचना तथा कार्य प्रक्रियाहरुले सहभागिता तथा सहमतिमा निर्णय गर्नु तथा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उदेश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुन, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासन (good governance) को प्रत्याभूति गर्नुपर्दछ । शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारीहरुको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ ।

शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ । सुशासन तथा व्यवस्थापन सम्बन्धी उल्लिखित तीन पक्षहरुको उचित व्यवस्थापनका लागि योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप संवैधानिक प्रावधान अनुसारको संघीय संरचना अनुसार विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्य-मान्यता र दृष्टिकोणमा आएको परिर्वतनलाई विचार गर्नु पर्दछ । नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचि सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ । त्यसैगरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजा प्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरुलाई प्राथमिकता दिनु पर्दछ ।

यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समिक्षा गरिएको छ । वर्तमान अवस्थाको समिक्षाका आधारमा यस योजानाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरुको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणाली स्थापित गर्नु आवश्यक देखिन्छ ।

### ६.१.२ वर्तमान अवस्था

**(स्थानीय तहमा शिक्षाको वर्तमान संस्थागत संरचना ( वडागत विद्यालय विवरण)**

| वडा न. | बालविकास केन्द्र संख्या | आधारभूत विद्यालय १ देखि ३ | आधारभूत विद्यालय १ देखि ५ | आधारभूत विद्यालय ६ देखि ८ | आधारभूत विद्यालय १ देखि ८ | माध्यमिक विद्यालय १ देखि १० | माध्यमिक विद्यालय १ देखि १२ |
|---|---|---|---|---|---|---|---|
| १ | ९ | २ | ३ | छैन | २ | १ | छैन |
| २ | ६ | २ | ३ | छैन | छैन | छैन | १ |
| ३ | ८ | २ | ३ | छैन | छैन | १ | १ |
| ४ | ६ | २ | छैन | १ | छैन | छैन | १ |
| ५ | ४ | छैन | छैन | छैन | १ | १ | |

**जनशक्तिको व्यवस्थापन (वडागत शिक्षक तथा कर्मचारी  विवरण)**

| वडा न. | स्थायी शिक्षक | अस्थायी, करार शिक्षक | राहत शिक्षक | अनुदान मा.प्र. शिक्षक | अनुदान संघिय शिक्षक | विद्यालय कर्मचारी | निजी शिक्षक | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५ | २ | ८ | १६ | ९ | ९ | | |
| २ | ७ | ३ | ८ | १० | १ | ७ | | |
| ३ | २५ | | ३ | ७ | ४ | १० | | |
| ४ | ११ | १ | १ | १ | ४ | ३ | १ | |
| ५ | ८ | १ | १ | ४ | ४ | ४ | छैन | |

### ६.१.३ अवसर तथा चुनौतिहरू:

१. शैक्षिक व्यवस्थापनमा संलग्न जनशक्तिको क्षमता विकास गर्नु,

२. विद्यालयका समग्र गतिविधिहरूलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउनु,

३. शैक्षिक विकासका लागि दिगो स्रोत व्यवस्थापन गर्नु ।

४. विद्यालय शिक्षासँग सम्बन्धित समग्र क्रियाकलापहरुलाई सूचना प्रविधिमैत्री बनाउनु ।

५. शिक्षा क्षेत्रमा कार्यरत सरकारी तथा गैह्रसरकारी निकायहरुसँग समन्वय गरी निरन्तर सहयोग र सम्बन्ध स्थापित गर्नु ।

### ६.१.४ उद्देश्यः

१. आवश्यक जनशक्तिको व्यवस्थापन गर्नु ।
२. जनशक्तिहरुको लागि पेशागत तथा संस्थागत क्षमता अभिवृद्धि गर्नु ।
३. आवश्यक स्रोत साधनको उचित व्यवस्थापन गर्नु ।
४. शिक्षा क्षेत्रको समग्र लगानीलाई परिणाममूखी तथा उपलब्धि मुलक बनाउने ।
५. शैक्षिक तथा प्रशासनिक जवाफदेहिता अभिवृद्धि गरी शैक्षिक शुसासन कायम गर्नु ।

### ६.१.५ रणनीतिहरूः

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने ।
२. संस्थागत संरचना अनुसार जनशक्ति व्यवस्थापन गर्ने ।
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
४. स्थानीय तहमा शिक्षक पेशागत सहयोग प्रणालीको विकास गर्ने।
५. प्रधानाध्यापक विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाइ क्षमता विकास गर्ने ।
६. कार्यक्रमको प्रभावकारी ढंगबाट कार्यान्वयन गर्नका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने ।
७. विद्यालय प्रशासन, शिक्षक, विद्यार्थीर अभिभावकहरु विच निरन्तर समन्वय र सम्बन्ध स्थापित गर्ने ।

### ६.१.६ अपेक्षित उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धीहरुः**

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
२. संस्थागत क्षमता अभिवृद्धी भइ जवाफदेहिता, उत्तरदायित्व र जिम्मेवारीमा वृद्धि भएको हुनेछ ।
२. आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुनेछ ।
३. शिक्षा क्षेत्रका समग्र क्रियाकलापहरु उपलब्धिमूलक भएका हुनेछन् ।

**प्रमुख नतिजाहरूः**

१.शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**प्रमुख क्रियाकलाप र लक्ष्य:**

| क्र.सं. | मुख्य क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्षे) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | अनुमानित बजेट हजारमा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | माध्यमिक विद्यालयहरुमा सूचना अधिकारीको व्यवस्था | जना | | १ | ३ | ५ | ६ | ६ | ६ | ३६०० | |
| २ | सामाजिक परीक्षण | वटा | २६ | २६ | २६ | २६ | २६ | १३० | १३० | २३०० | |
| ३ | वार्षिक सार्वजनिक सुनुवाइ | वटा | २६ | २६ | २६ | २६ | २६ | १३० | १३० | २२०० | |
| ४ | प्रअ तथा शिक्षक कार्यसम्पादन सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | निःशुल्क | |
| ५ | प्रअ तथा विव्यस/शिअसं व्यवस्थापकीय तालिम | जना | २६ | २६ | २६ | २६ | २६ | १३० | १३० | १३०० | |
| ६ | लेखा व्यवस्थापनमा विद्युतीय प्रणालीको विकास | वटा | ० | १ | ३ | ४ | ५ | १८ | १८ | ९० | |
| ७ | विद्यालय पदाधिकारी, शिक्षक विद्यार्थी, आचार संहिता निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | निःशुल्क | |
| ८ | विद्यालय सहयोगका लागि पूर्व विद्यार्थी समाज गठन | वटा | | २ | ४ | २६ | २६ | ५८ | ५८ | निःशुल्क | |
| ९ | वार्षिक विद्यालय कार्यसम्पादन परीक्षण कार्यक्रम | पटक | | | १ | १ | १ | ४ | ५ | ५०० | |
| १० | विद्यालय बुलेटिन प्रकाशन | पटक | | १ | २ | ४ | ५ | १२ | | ३०० | |
| ११ | विद्यालय जग्गा दीगो उपयोग गर्ने कार्यविधि निर्माण | पटक | | | | १ | १ | २ | ५ | निःशुल्क | |
| १२ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्डको विकास | पटक | | | | | १ | १ | २ | २ | |
| १३ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ सम्बन्धी संयन्त्रको विकास | पटक | १ | १ | १ | १ | १ | १ | | ५०० | |
| १४ | विद्यालय स्वास्थ्य तथा पोषण,सरसफाइ तथा | पटक | १ | १ | १ | १ | १ | १ | | ६०० | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्वच्छता विपद तथा महामारी सम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्रको विकास गर्ने । | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति,प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्त्वहरू पर्दछन् । नेपालमा संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई संघीय संरचनाअनुरूप सक्षम बनाउनआवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

### ६.२.१ वर्तमान अवस्था योजना

कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् । नेपालमा सङ्घीय संरचना अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशिल भएको तीन वर्ष कटिसकेको छ भने केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको भएतापनि राज्य प्रणालीलाई संघीय संरचना अनुरूप सक्षम बनाउन आवश्यक कार्यान्वयन प्रबन्ध गर्नुपर्नेछ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपना, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

योजना निर्माण पश्चात कार्यान्वयनमा प्रभावकारीपन नभएमा योजना निर्माणको औचित्य रहँदैन । नेपालमा योजना धेरै बन्छन् तर कार्यान्वयनको अभावमा कागजमा परिणत भएर थन्किएका विगतका अनुभवहरुबाट प्रस्ट हुन्छ । यस सन्दर्भमा संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा गर्ने, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालयहरुसँग समन्वय र सहकार्य गर्दछ । त्यसै गरी विकास साझेदारहरुसँग सहकार्य तथा समन्वय गर्ने र योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने गर्दछ । संघीय संरचना अनुसार कार्य सम्पादन गर्नका लागि परिवर्तन भएको उल्लेखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कायम गरी कुशल व्यवस्थापनको लागि प्रयाप्त देखिदैन । गाउँपालिकामा कर्मचारी अभाव स्पष्ट जिम्मेवारी नहुनु तथा कार्यबोझले कार्यान्वयनमा जटिलता आउने गरेको छ ।
योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रवन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ । हालको संरचनामा देखिएका केहि समस्या तथा चुनौतिहरु निम्नानुसार रहेको पाइन्छ ।

- शिक्षा सम्बन्धि कार्यक्रम कार्यान्वयन गर्ने निकायमा कार्य गर्ने जनशक्ति व्यवस्थापन गर्नु ।

- शिक्षा सम्बन्धि केन्द्रिय निकाय, प्रदेश, स्थानीय तह तथा संघ संस्थाहरुलाई एकद्वार प्रणालीमा ल्याउनु ।
- स्थानीय स्तरबाट शिक्षाका क्रियाकलाप कार्यान्वयन गर्नका लागि स्रोत तथा लगानी व्यवस्थापन गर्नु ।
- शिक्षक अभिभावक संघ र विद्यालय व्यवस्थापन समितिलाई सक्रिय गराउनु ।
- प्रस्तावित विद्यालय धेरै हुनु र विद्यालयमा जनशक्ति उपलब्ध गराउनु ।

### ६.२.२ उदेश्यहरुः

१.शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन गर्नु ।

### ६.२.३ रणनीतिहरुः

१.संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण भई प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत संलग्न गरि वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तय गर्ने ।

२. कार्यक्रम कार्यान्वयनको लागि आवश्यकता अनुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।

३. योजना कार्यान्वयनको लागि शिक्षा युवा तथा खेलकुद शाखाको अतिरिक्त अन्य समिति तथा उपसमिति निर्माण गर्ने ।

४. शिक्षकहरुलाई समय-समयमा योजना तथा शैक्षिक क्रियाकलापका बारेमा अभिमुखीकरण गर्ने ।

५.एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजा बारे समीक्षा गर्ने ।

६. विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।

७. वित्तिय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्य सुनिश्चितताको आवश्यक मापदण्ड तयार गर्ने ।

८. वडा कार्यालय मार्फत अभिभावक तथा सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल गरि शैक्षिक गतिविधिको बारेमा अवगत गरिनेछ ।

९. विद्यालय व्यवस्थापनसँग अन्तरक्रिया गरि निर्धारित कार्यक्रम कार्यान्वयनको लागि प्रधानाध्यापकहरुलाई जिम्मेवार बनाउने ।

### ६.२.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्यः

**उपलब्धिहरुः**

१.शिक्षा योजनको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

**प्रमुख नतिजाः**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भइ बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क्र.स. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा | भौतिक लक्ष्य ५ वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | कानुन,कार्यविधि र निर्देशिका निर्माण | पटक | १ | | | | १ | २ | | आवश्यकता अनुसार |
| ३ | समिति तथा उपसमिति निर्माण | पटक | १ | | | | १ | २ | | |
| ४ | कार्यक्रम कार्यान्वयनको लागि अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ५ | शैक्षिक तथ्याङ्क व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ६ | शिअसं र वि.व्य.सलाई विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक सम्बन्धी अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ७ | सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ८ | खरिद प्रक्रिया कक्षाकोठा सम्म पुर्याउने व्यवस्था | पटक | १ | | | | | | | |

**कार्यक्रम तथा क्रियाकलाप कार्यान्वयनका लागि आवश्यक अनुमानित वजेट तालिकाः**

| क्र सं. | प्रमुख क्रियाकलाप | अनुमानित बजेट रु हजारमा | | | | | | स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल बजेट | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | | १५० | ३० | ३० | ३० | ३० | गाउँपालिका | |
| २ | कानुन,कार्यविधि र निर्देशिका निर्माण | २५० | ५० | ५० | ५० | ५० | ५० | गाउँपालिका | |
| ३ | कार्यक्रम कार्यान्वयनको लागि अभिमुखीकरण | ४०० | ९० | ९० | ९० | ९० | ९० | गाउँपालिका सशर्त तथा संघसंस्था | |
| ४ | शैक्षिक तथ्याङ्क | ५०० | १०० | १०० | १०० | १०० | १०० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | | | | |
| ५ | शिअस र विव्यसलाई विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक सम्बन्धी अभिमुखिकरण | ४०० | ९० | ९० | ९० | ९० | ९० | संघ संस्था तथा पालिका | |
| ६ | सरोकारवालाहरु सँग अन्तर्क्रिया तथा छलफल | | ५०० | १०० | १०० | १०० | १०० | | |

परिच्छेद: ७

## लगानी र स्रोत व्यवस्थापन

### ७.१. परिचयः

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान, समृद्ध राष्ट्र निर्माण तथा र उन्नत समाज विकासका लागि सरकार तथा समुदायले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक हुन्छ । भविष्यका लागि गुणस्तरीय मानव संसाधानको विकास गर्न शिक्षामा लागानी गरिन्छ । त्यसैले बालबालिकाको शिक्षामा गरिने लागानी व्यक्ति, समाज र राज्यको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ ।  राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रुप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लागानी गर्न आवश्यक हुन्छ । शिक्षामा राज्यको लगानीले प्रमुख तीन पक्षलाई ध्यान दिनु पर्दछ ती तीन पक्षहरुमा;पहिलो-राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता, दोस्रो- सहभागी भई सकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिस्चितता र तेस्रो-स्रोतको समतामूलक वितरण र उपयोग रहेका छन् ।

नेपालको संविधानमा वित्तीय व्यवस्थापन सम्वन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था सम्वन्धमा उल्लेख गरेको पाइन्छ । समानीकरण अनुदानको हकमा प्राकृतिक तथा वित्त आयोगको सिफारिसमा संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ । विशेष अनुदान र समपुरक अनुदान राष्ट्रिय योजना आयोगबाट व्यवस्थापन हुदै आएको छ । सशर्त अनुदान सम्बन्धित विषयगत मन्त्रालयबाट आवश्यक प्रकृया पूरा गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । संघीय सरकारवाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदान बाहेक प्रदेश सरकारवाट तथा स्थानीय तहको आफ्नै स्रोतमा आधारित बजेट पनि गाउँपालिकाले शिक्षा क्षेत्रमा विनियोजन गर्न सक्दछ ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हुन् । शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत कहाँवाट जुटाउने, कुन कुन क्षेत्रमा स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रभावकारी कसरी गर्ने ? उपलब्ध स्रोतको उपयोग कुन ढंगबाट गर्ने भन्ने विषयमा जति ध्यान पुग्दछ, शैक्षिक लागनीको पक्ष उत्ति नै सक्षम र व्यवस्थित हुन्छ ।

यस गाउँपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम र बजेटमा शिक्षातर्फ संघीय सरकारको ससर्त अनुदान अन्तर्गत जम्मा रु ११,३४,८८,००० गाउँपालिकाको आन्तरिक स्रोतबाट रु ३,४०,००००० गरी जम्मा रु १४,७४,८८,००० गाउँपालिकाको  कूल बजेटको करीब ३८.२८ प्रतिशत लगानी गरेको छ ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लागानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरिएको छ । पहिचान गरिएका चुनौतीहरुको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरु प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

### ७.२ वर्तमान अवस्थाः

शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रुपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरुमा सहमति देखिन्छ । स्वामीकार्तिक खापर गाउँपालिकाले पनि शिक्षा क्षेत्रमा आफ्नो कुल वजेटको

३८.२८% अंश शिक्षामा लागानी गरेको छ । यसरी सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने महत्वपूर्ण आधार मान्न सकिन्छ ।

स्वामीकार्तिक खापर गाउँपालिकाका सामुदायिक विद्यालयमा भएको लगानी सार्वजनिक लगानी मात्र हो । शिक्षामा घरपरिवारको लगानी पनि उल्लेख्य भएको पाइन्छ । निजी विद्यालयमा शुल्क लगायत सबै खर्च घरपरिवारबाटै हुने गर्दछ भने सामुदायिक विद्यालयहरुमा पनि घरपरिवारको लगानी विद्यार्थीको स्टेसनरी तथा ड्रेस लगायतमा हुने गरेकोले बालवालिकाको शिक्षामा उनीहरुको उल्लेख्य लगानी भइरहेको छ । तर पनि विद्यालय उमेरका सबै बालबालिकाहरुलाई विद्यालयमा ल्याउन र टिकाउन पनि थप लगानी आवश्यक देखिन्छ । त्यसैगरी दलित, महिला, विभिन्न प्रकारका परिस्थितिमा रहेका विपन्न तथा अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षाको पहुँच तथा सहभागिता बढाई समावेशिता प्रवर्धन गर्ने नीतिगत व्यवस्थाको कार्यान्वयनका लागि थप लगानी आवश्यक देखिन्छ ।

फेरि शिक्षा क्षेत्रमा गरिने लगानी सिकाइका लागि हो । त्यसका लागि शिक्षक व्यवस्थापनमा सर्वाधिक लगानी हुने गर्छ । भौतिक पूर्वाधार तथा संरचना, प्रशासनिक खर्च, शैक्षिक सामग्री, छात्रवृत्ति, दिवा खाजा आदि लगानीका प्रमुख विषयक्षेत्र हुन् । उदाहरणका लागि शिक्षा क्षेत्रको कुल खर्चको ८५ प्रतिसत भन्दा बढी हिस्सा शिक्षक तलवमा मात्र भइरहेको छ ।

शिक्षामा गरेको लगानीको वस्तुपरक रुपमा यति लगानी गरेकोले यति उपलब्धि भयो भन्न गाह्रो छ किनकी शिक्षामा गरिएको लगानीको प्रतिफल तत्कालै देखिदैन । फेरि शिक्षामा गरिने लगानीलाई मानवीय सन्तुष्टिसँग जोड्ने पनि गरिन्छ, जुन मापन गर्नसहज पनि छैन । शिक्षामा गरिने लगानी मानव संसाधन विकासका लागि गरिने लगानीका रुपमा लिइने गरेको पाइन्छ । यी दीर्घकालीन प्रभाव पार्ने विषयक्षेत्रका अतिरिक्त वस्तुपरक सूचकका आधारमा पनि शिक्षामा लगानीको उपलब्धि हेर्ने गरिन्छ । साक्षरता दर, विद्यालयमा भर्ना दर, उतीर्ण दर, विद्यार्थी शैक्षिक उपलब्धि जस्ता पक्षमा भएको प्रगतिलाई शिक्षामा गरिएको लगानीको प्रतिफलको रुपमा लिन सकिन्छ । कतिपय विद्यालयहरूले विद्यालयको आर्थिक स्रोतको दिगो व्यवस्थापन गर्नका लागि विभिन्न क्रियाकलापहरू गरेको पाइन्छ । यस्तो कार्यले विद्यालयको शैक्षिक प्रवर्द्धन गर्नका लागि मद्दत पुगेको छ । विद्यालयहरूले दरिलो आर्थिक व्यवस्थापन गर्नका लागि विभिन्न संघसंस्था तथा व्यक्तिहरूबाट दान, चन्दा लगायत अचल सम्पतिहरू ग्रहण गर्ने गरेको पाइन्छ । शैक्षिक तथा भौतिक व्यवस्थापनका लागि समेत लगानी भएको पाइन्छ ।

### ७.३ अवसर तथा चुनौतीहरु

१. संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह बीचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लागानीको लागि जिम्मेवार बनाउने ।
२. प्राविधिक तथा व्यवसायिक शिक्षामा विद्यार्थी अनुपात वढाउन आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चत गर्ने ।
३. शिक्षामा आधुनिक प्रविधि मैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्ने ।
४. विद्यार्थीको सिकाइ र कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थाप नगर्ने ।
५. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रुपले विपन्न, सुविधा विहीन, विभिन्न कठिन परिस्थितिमा रहेका तथा अपाङ्गता भएका बालबालिकाहरुको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने ।

६. गैर सरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्ने ।
७. वित्तीय व्यवस्थापकको कार्यकुशलता वढाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने ।
८. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने ।
९. शिक्षक सहजीकरण तालिमलाई व्यवस्थित गर्न आवश्यक आर्थिक लगानीको प्रबन्ध गर्ने ।
१०.सूचना तथा सन्चार प्रविधिलाई सर्बशुलभ पहुजयोग्य र व्यवस्थित बनाउन आवश्यक व्यवस्था गर्ने ।

### ७.४ उद्देश्य

यस योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्दरेश्यहरु देहाय अनुसार रहेका छन ।
१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
२. विद्यालय शिक्षा सम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।
४. लगानीको उपयोगको अवस्था जानकारी लिने उपयुक्त विधि र प्रक्रिया प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु ।
५. शैक्षिक सस्थालाई व्यवस्थित गरि सुधारउन्मुख गर्दै लैजानु ।
६. सिकाइ सहजीकरणलाई प्रविधिमैत्री वनाउदै जानु ।

### ७.५ रणनीतिहरु

१. मापदण्डका आधारमा खर्च गर्ने र सोको प्रतिवेदन पेस गर्ने पद्धति अवलम्बन गरिनेछ ।
२. विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरुबीचको लागत साझेदारीमा हुनेछ । यसका लागि स्वामीकार्तिक खापर गाउँपालिकाले शिक्षा क्षेत्रमा आफ्नो स्रोतबाट थप लगानी गर्नेछ ।
३. सरकारबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख इकाई विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्न विद्यालयलाई जवाफदेही बनाइनेछ ।
४. शिक्षा क्षेत्रमा हाल भएको लगानीमा वृद्धि गरिनेछ ।
५. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सवल बनाइनेछ ।
६ सुचना तथा सन्चार प्रविधालाई कक्षाकोठा मैत्री बनाउदै लैजाने हुने छ ।
७. बालमैत्री  तथा अपाङ्ग मैत्री सिकाइ अवलम्बन गरि विशेष आवश्यकता भएका बालबालिकाहरुलाई आवश्यक स्रोत साधनको व्यवस्था गरिने छ ।

### ७.६ स्रोतको अनुमान विश्लेषण र प्रस्तावित बजेटः

सामान्यतया स्रोतको अनुमान र विश्लेषण गर्दा दुई मूलभूत प्रक्रिया बीचमा सामन्जस्य गर्ने प्रयास हुन्छ । नागरिकका अपेक्षा, संबैधानिक प्रत्याभूति, शिक्षाका नीति तथा कार्यक्रमलाई उचित रुपमा सम्बोधन गर्न स्रोतको आँकलन गर्नु पर्ने हुन्छ । त्यसरी आँकलन गरिएको स्रोत कति हुन्छ र हामीसँग सामार्थ्य के कति छ ? त्यो पनि

सँगसँगै विश्लेषण गरिन्छ । यस प्रकार आवश्यकता र सामर्थ्य बीचमा सामन्जस्यता कायम गरी योजनाका कार्यक्रमहरु र तिनको प्राथमिकता निर्धारण गरिन्छ । यी दुई पक्षलाई आधार मानी यहाँ अनुमान र विश्लेषण गरिएको छ ।

संवैधानिक प्रावधान अनुसार आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क गर्ने दायित्व राज्यको रहेको छ । प्रत्येक बालबालिकालाई शिक्षाको हक हुने र प्रारम्भिक बालबिकास तथा शिक्षालाई आधारभूत शिक्षा अन्तर्गत नै आवश्यक बजेटको व्यवस्था राज्यले गर्नुपर्ने हुन्छ । त्यस्तै शिक्षामा सबैका पहुँच र सहभागिताको सुनिश्चितताका लागि विशेषगरी आर्थिक रुपले विपन्न, सडक बालबालिका आर्थिक तथा सामाजिक रुपमा पछाडि परिएका बालबालिका र विभिन्न कठीन परिस्थितिमा रहेका तथा अपाङ्गता भएका बालबालिकाहरुलाई थप प्रोत्साहित गर्न आवश्यक छ । अनिवार्य र निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षाका अतिरिक्त अनौपचारिक तथा निरन्तर शिक्षा, विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षक व्यवस्थापन र विकास, सूचना तथा सञ्चार प्रविधि, भौतिक पुर्वाधार, विपद व्यवस्थापन, दिवा खाजा लागायत विद्यालय स्वास्थ्य, पोषण तथा सरसफाइ स्वच्छता लगायतको खर्चका लागि लगानी सुनिश्चित गर्नु आवश्यक छ । साथै योजनाको अनुगमन, मूल्याङ्कन तथा व्यवस्थापकीय कार्यलाई व्यवस्थित गर्न र विभिन्न तहमा क्षमता विकासमा थप लगानी आवश्यक छ । उल्लेखित आवश्यकता समेतका आधारमा शिक्षा क्षेत्रका लागि आगामी ५ वर्षको निम्नानुसारको स्रोतको आंकलन गरिएको छ ।

**प्रमूख क्रियाकलापहरु र लक्ष्य निर्धारण :**

**क) संघीय सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा प्राप्तहुने अनुमानित बजेट**

| क्र.स. | अनुदान प्राप्त क्रियाकलाप | २०८०/०८१ | २०८१/०८२ | २०८२/८३ | २०८३/०८४ | २०८०/०८१ | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | सहयोगीकार्यकर्ता र विद्यालय कर्मचारी पारिश्रमिक | ७५,५१,००० | ७५,७५,००० | ७६,५१,००० | ७६,७५,००० | ७७,५१,००० | ३,८२,०३,००० |
| २ | प्रति विद्यार्थी लागत | ११,३६,००० | ११,५०,००० | ११,७५,००० | ११,९०,००० | १२,२०,००० | ५८,७१,००० |
| आधारभूत तथा माध्यमिक तह | | | | | | | |
| १ | शिक्षक तलब भत्ता | ७,३९,७३,००० | ८,३९,७३,००० | ८,३९,७३,००० | ८,३९,७३,००० | ८,९५,७३,००० | ४१,५४,६५,००० |
| २ | छात्रवृत्ति | १५,३४,००० | १५,५०,००० | १५,७०,००० | १५,९०,००० | १६,००,००० | ७८,४४,००० |
| ३ | विद्यालय संचालन तथा | २०,००,००० | २३,००,००० | २५,००,००० | २७,००,००० | ३०,००,००० | ३०,००,००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | | |
| ४ | स्यानीटेरी प्याड | १३,३१,००० | १३,४१,००० | १३,५१,००० | १३,६१,००० | १३,७१,००० | ६७,१०,००० |
| ५ | कोभीड-१९ बाट पुगेकोक्षति को परिपुरण | ४,००,००० | ५,००,००० | ७,००,००० | ८,००,००० | ९,००,००० | ३५,००,००० |
| ६ | विद्यालयमा शैक्षिक गुणस्तर सुधार कार्य-सम्पादन | ४१,५०,००० | ४२,५३,००० | ४५,५५,००० | ४७,७०,००० | ५५,५२,००० | २,३२,८०,००० |
| ७ | पाठ्य-पुस्तक | २९,९१,००० | २९९१००० | २९९१००० | २९९१००० | २९९१००० | १४९५५००० |
| ८ | संस्थागत क्षमता विकास | ८९७००० | ९९७००० | १०९७००० | १०९७००० | ११९७००० | ५२८५०००० |
| ९ | भवन निर्माण भौतिक निर्माण | १५०००००० | ३००००००० | ६००००००० | ८००००००० | ८००००००० | ८००००००० |
| १० | शैक्षिक पहुँच सुनिश्चित-ता | ११०००० | १२००००० | १५००००० | २०००००० | २०००००० | ७८००००० |

ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा प्राप्तहुने अनुमानित बजेट

| क.स. | अनुदान प्राप्त क्रियाकलाप | २०८०/०८१ | २०८१/०८२ | २०८२/८३ | २०८३/०८४ | २०८४/०८५ | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| बालविकास र शिक्षा | | | | | | | |
| १ | बालविकास केन्द्र व्यवस्थापन र सुधार | ०० | १००००० | १५०००० | २००००० | २००००० | |
| २ | भौतिक निर्माण | १०००००००० | १५०००००० | ३०००००००० | ५०००००००० | ५०००००००० | |
| ३ | घेरवार | ०० | ५०००० | ६०००० | ७०००० | १००००० | |
| ४ | ल्याव व्यवस्थापन | ०० | ४००००० | ६००००० | ७००००० | ८००००० | |
| ५ | SEE परीक्षा केन्द्र व्यवस्थापन | ०० | ०० | ०० | ०० | ०० | |
| ६ | ICT Lab | ०० | ०० | ५००००० | ८००००० | १०००००० | |

ग) स्थानीय सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापहरुमा प्राप्तहुने अनुमानित बजेट

| क्र. स. | अनुदान प्राप्त क्रियाकलाप | २०८०/०८१ | २०८१/०८२ | २०८२/८३ | २०८३/०८४ | २०८४/०८५ | ५ वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| बालविकास र शिक्षा | | | | | | | |
| १ | बालविकास केन्द्र व्यवस्थापन र सुधार | ३०००० | ४०००० | ५०००० | ६०००० | ६०००० | २४०००० |
| २ | बालकक्षा तलब भत्ता | ३०००००० | ३२००००० | ३५००००० | ४०००००० | ४२००००० | १७९००००० |
| ३ | सहजकर्ता तालिम | ०० | ५०००० | ०० | ५६००० | ०० | १०६००० |
| ४ | आधारभूत तह तलब | १९७००००० | २०००००००० | २५०००००० | २७५००००० | ३०००००००० | १२२२००००० |

| आधारभूत र माध्यामिक तह | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | माध्यमिक तह तलब भत्ता | १३००००० | १४०००० | १४०००० | १५००००० | १६०००० | ७२००००० |
| ६ | विद्यालय कर्मचारी तलब | २५४८००० | २५८०००० | २६००००० | २६५०००० | २७००००० | १३०७८००० |
| ७ | स्थानीय पाठ्यक्रम विकास | | ८००००० | ३००००० | ३००००० | ३००००० | १७००००० |
| ८ | सुशासन तथा संस्थागत विकास | २००००० | ३००००० | ४००००० | ५००००० | ५००००० | |
| ९ | अनुगमन | १००००० | १५०००० | २००००० | २००००० | ३००००० | |
| | | | | | | | |

**घ) अन्य संघसंस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.स. | सहयोग अनुदान उपलब्ध गराउने गैससहरु | | | | | ५ वर्षको जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | | |
| १ | CDC Nepal | | ४३१७३१ | ४३१७३१ | ४३१७३१ | ४३१७३१ | | |
| २ | IDS Nepal | ८३८४०२२ | ८३८४०२२ | १५००००० | १५००००० | | | |
| ३ | GIFT Nepal | | | | | | | |

## परिच्छेदः ८

## अनुगमन तथा मूल्याङ्कन

प्रभावकारी रुपमा योजनाको कार्यान्वयन भए नभएको हेर्नको लागि यसको पूर्णरुपमा कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा निर्भर रहन्छ । यस योजनालाई कार्यान्वयन,अनुगमन र मूल्याङ्कन गर्नुको उद्देश्य यस योजनाले राखेका दीर्घकालीन सोच र उद्दश्येहरू पूरा भए वा भएनन् भनी तथ्यमा आधारित निष्कर्ष निकाल्नु हो । गाउँपालिका, गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले यस योजनाको कार्यान्वयन गर्नेछ भने गाउँ स्तरिय शिक्षा समिति लगायतका अन्य सम्बद्ध पक्षहरुले अनुगमन र मूल्याङ्कन निकायले पनि गर्न सक्नेछन ।

### ८.१ परिचय

स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरुमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैनन् भन्ने सुनिश्चितताको लागि एउटा संयन्त्र निर्माण गरी कार्यकम कार्यान्वयनको लक्ष्य तथा प्रगतिका बारेमा समय तालिका अनुसार निरीक्षण, पर्यवेक्षण, निगरानी, पुनः निरीक्षण, रेखदेख, जाँचबुझ भौतिक रुपमा वा अन्य कुनै साधनको प्रयोग गरी गर्ने गराउने काम अनुगमन हो । यसले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाको जानकारी गराउँछ । यसरी नै मूल्यांकनले शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता, उपयुक्तता, सान्दर्भिकताको लेखाजोखा तथा जाँचबुझ गरी उक्त कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त गरिन्छ । अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा गरिन्छ भने मूल्यांकन सम्बन्धी कार्यक्रमहरूको सञ्चालनका चरणहरु साथसाथै कार्य सम्पन्न भएपछि पनि गरिन्छ । स्थानीय स्तरमा संचालन भएको शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायीपूर्ण बनाउनको लागि अनुगमन तथा मूल्यांकन अनिवार्य छ ।

स्वामीकार्तिक खापर गाउँपालिकाको ५ वर्षे शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनुगमन तथा मूल्यांकनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू, उद्देश्य, रणनीति एवं यस शिक्षा क्षेत्रको योजनामा स्थानीय स्तरमा अनुगमन तथा मुल्यांकन प्रणालीको विकासका लागि गाउँपालिका भित्रका सबै वडाहरुमा सञ्चालित सामुदायिक विद्यालय, संस्थागत तथा निजी विद्यालयहरु, बालविकास तथा सिकाई केन्द्रहरुमा संचालित सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन, ढाँचा, साधन, विषय र प्रतिवेदन प्रस्तुत गरिएको छ ।

### ८.२ वर्तमान अवस्थाः

अवलोकन तथा मूल्यांकनलाई योजनाको अभिन्न अंगका रुपमा लिँदै हाल विद्यमान रहेको गाउँ शिक्षा संयन्त्रलाई आवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउदै आवश्यक मानवीय तथा भौतिक व्यवस्थापनमा जोड दिँदै पालिका अध्यक्षको अध्यक्षतामा रहेको गाउँ शिक्षा समितिबाट आवश्यक रूपमा बैठक बसि कार्य प्रगति समीक्षा हुने गर्दछ । त्यसैगरी गाउँपालिकाको शिक्षा शाखाबाट पनि शैक्षिक गतिविधि तथा गाउँपालिका भित्र रहेका विद्यालयहरुको अनुगमन र मूल्यांकन भइरहेको छ । अनुगमन तथा मूल्यांकनका लागि विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति तथा कार्यक्रमलाई आधार लिई सोको विवरण आवश्यकताका आधारमा शिक्षा विकास तथा समन्वय इकाई, सामाजिक विकास मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र तथा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पुर्याकउने प्रबन्धमा गरिएको छ ।

हाल आएर स्रोतकेन्द्र/स्रोत व्यक्ति नभएको र विद्यालय निरीक्षण गर्ने स्पष्ट जिम्मेवारी सहित विद्यालय निरीक्षकको व्यवस्था पनि सामान्य भएको अवस्था छ । गाउँ शिक्षा योजनामा आवश्यक मानवस्रोत व्यवस्थापन हुन नसकेकोले योजनामा अनुगमन तथा मूल्यांकन कार्यमा केही राम्रा अवसरहरूका साथमा तपसिलका चुनौतीहरु रहेका छन् ।

- मापनयोग्य सूचकहरूको निर्धारण, निर्माण तथा सोसँग सम्बन्धित दक्षता र सीप भएका जनशक्ति तयार गर्नु ।
- अनुगमन कार्यलाई नियमित र एकरुपता दिनु तथा पर्याप्त स्रोत साधनको प्रबन्ध गर्नु ।
- अनुगमन तथा मूल्याङ्कनका लागि सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु ।
- अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष, नियमित, भरपर्दो र विश्वशनीय बनाउनु ।
- क्षेत्राधिकार सहितको स्पष्ट अनुगमन संयन्त्र निर्माण गरी कार्यान्वयन गर्नु ।

**अवसरहरू:-**

- पालिकाबाट नजिकको शिक्षा विकास समन्वय एकाइ तथा सामाजिक विकास कार्यालय भएकाले आवश्यकता अनुसारको जनशक्तिलाई अनुरोध गरी अनुगमन तथा मूल्यांकन गर्नु ।
- पालिकाभित्र रहेका विद्यालयबाट योग्य तथा दक्ष शिक्षकहरूको सहयोगमा कार्यक्रम गर्नु ।
- पालिकाबाट वडा स्तरीय कार्यक्रम बनाई सहजै अनुगमन तथा मूल्याङ्कन प्रविधिहरूको विकास हुँदै जानु ।
- शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय तथा वडा स्तरमा उपयोगी हुने मापनयोग्य सूचकहरूको निर्धारण, निर्माण तथा सोसँग सम्बन्धित दक्षता र सीप भएका जनशक्ति तयार गर्नु ।
- अनुगमन कार्यलाई नियमिता र एकरुपता दिनु तथा पर्याप्त स्रोत साधनको प्रबन्ध गर्नु ।
- अनुगमन तथा मूल्याङ्कनका लागि सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु ।
- अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष, नियमित, भरपर्दो र विश्वशनीय बनाउनु ।
- स्थानीय विज्ञ समुह गठन भई उक्त समुह मार्फत विद्यालय अनुगमनको थालनी हुनु ।
- गाउँपालिकामा अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी बनाउनु ।
- योजना तथा कार्यान्वयन कार्यक्रम तय गर्न सिकाइ प्रणाली विकास गर्नु ।
- शिक्षा क्षेत्रमा कार्यरत विकास साँझेदारहरुवाट विद्यालय शिक्षा क्षेत्रमा गरेको लगानी तथा कार्यक्रमहरु एकद्वार प्रणाली वाट कार्यन्वयन गर्नु ।

### ८.३ उद्देश्यहरुः

- स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु ।
- अपेक्षित उपलब्धि हासिल गर्नु ।
- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।

### ८.४ रणनीतिहरु

- संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबीच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागु गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

- गाउँपालिका अध्यक्षको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गरिनेछ ।
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचक सहित कार्यान्वयन गरिनेछ ।
- जननिर्वाचित पदाधिकारीबाट विद्यालयको अनुगमन गरिनेछ भने शिक्षा, युवा तथा खेलकुद शाखाबाट नियमित रुपमा अनुगमन गरिनेछ ।
- विद्यालय तहमा प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गरिनेछ ।
- स्थानीय विज्ञ समूहलाई थप जिम्मेवार बनाई विद्यालयको अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित गरिनेछ ।
- गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा गाउँपालिकाको तर्फबाट नियमित अनुगमन तथा निरीक्षण प्रणाली स्थापना गरिनेछ ।
- विद्यालयको आन्तरिक स्रोत पहिचान र परिचालन, विद्यालयका आवश्यकता र प्राथमिकता निर्धारण, शिक्षकहरुलाई कक्षाकोठामै सहयोग पुर्याउन पद्धतिको विकास गरिनेछ ।
- गाउँ शिक्षा योजनाको कार्यान्वयनका लागि तथा विद्यालयका आवश्यकता र समस्या पहिचान, तिनीहरुको प्राथमिकीकरण, विद्यालयको कार्यसम्पादन अनुगमन तथा मूल्याङ्कन र परीक्षण, विभिन्न वाह्य परीक्षण सञ्चालन, विभिन्न तालिम, कार्यशाला सञ्चालन लगायतका कामका लागि गाउँपालिकाको शिक्षा शाखा, गाउँ शिक्षा समितिका पदाधिकारीहरु जिम्मेवार हुनेछन् ।
- विद्यालयको आन्तरिक स्रोत पहिचान र परिचालन, विद्यालयका आवश्यकता र प्राथमिकता निर्धारण, शिक्षकहरुलाई कक्षाकोठामै सहयोग पुर्याउने पद्धतिको विकास गर्न संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा क्रियाकलाप सञ्चालन गरिनेछ।

### ८.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**(क) उपलब्धि**

- योजना कार्यान्वयनका क्रममा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने ।
- आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।

**(ख) नतिजाहरु**

- सूचकमा आधारित अनुगमन प्रणाली हुने ।
- अनुगमनका आधारमा नतिजा सुधार हुने ।
- अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास हुने ।
- विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित भई त्यसका नतिजाका आधारमा सुधार गर्ने परिपाटी विकास हुने ।

**प्रमुख क्रियाकलाप तथा लक्ष्यः**

| क्र.स | क्रियाकलाप | एकाइ | लक्ष्य | | | | | | बाँकि ५ वर्षको लक्ष्य | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | एकिकृत शैक्षिक अनुगमन तथा मूल्यांकन संयन्त्रको निर्माण | पटक | ४ | ४ | ४ | ५ | ५ | २२ | ३२ | ८००० |
| २ | अनुगमन तथा मूल्याङकन मार्गदर्शनको निर्माण | वटा | | १ | | १ | १ | ३ | ५ | ७५० |
| ३ | वार्षिक तथा चौमासिक समीक्षा प्रर्तिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | ३५० |
| ४ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | ५०० |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | ५०० |
| ६ | विद्यालय समाजिक परीक्षण | १ | १ | १ | १ | १ | ५ | ५ | ५ | ८५०० |
| ७ | विद्यालयहरुको लेखापरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | १२०० |
| ८ | नियमित रुपमा अनुगमन मूल्याङ्कन | निरन्तर | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | ८०० |
| | जम्मा | | | | | | | | | |

**मुख्य उपलब्धि सूचकहरु**

| क्र.सं. | शिक्षा योजनाको प्रारम्भिक बिन्दुमा | राष्ट्रिय | प्रदेश | स्थानीय |
|---|---|---|---|---|
| १ प्रारम्भिक बालविकास र शिक्षा | | | | |
| १.१ | प्रारम्भिक बाल विकास र शिक्षामा कुल भर्ना दर | | | ६५.७ |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना भएका बालवालिका | | | ६५ |
| २. आधारभूत शिक्षा (कक्षा १-८) | | | | |
| २.१ | कक्षा १ मा भर्ना भएका बालवालिकाको खुद भर्ना दर | | | ६९.७ |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालवालिकाको कुल प्रवेश दर | | | १२४.३ |
| २.३ | आधारभूत तह प्राथमिक कक्षा १–५ मा खुद भर्ना दर | | | ९५ |
| २.४ | आधारभूत तह प्राथमिक कक्षा १–५ मा कुल भर्ना दर | | | ११४.४० |

| | | | | |
|---|---|---|---|---|
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर | | | ८७ |
| २.६ | आधारभूत तहको कक्षा ५ को कुल प्रवेश दर | | | १११ |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर | | | ९४ |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर | | | ७५ |
| २.९ | आधारभूत तह ( प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ बर्ष उमेरभन्दा माथिका बालबालिका | | | ३१ |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५ कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | | | १.०७ |
| २.११ | आधारभूत तह ( कक्षा १-८) मा खुद भर्ना दर | | | ९०.५ |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर | | | ११६ |
| २.१३ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर | | | ९० |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर | | | ७८ |
| २.१५ | आधारभूत तह (कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक | | | १.०७ |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका बालबालिकको संख्या ) | नेपाली | | ५७.० |
| | | गणित | | ५०.० |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका बालबालिकको संख्या | नेपाली | | ५४.० |
| | | गणित | | ४२.० |
| | | अंग्रेजी | | ४८.० |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका ( कक्षा ८ को आधारभूत वा तह ३ हासिल भएका बालबालिकको संख्या | नेपाली | | ६२.० |
| | | गणित | | ५५.० |
| | | अंग्रेजी | | ५५.० |
| २.१९ | विद्यालय बाहिर रहेका बालबालिका | आधारभूत १-५ | | १.० |
| | | आधारभूत १-८ | | २.० |
| २.२० | आधारभूत तह(कक्षा १-८) अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको संख्या | | | ३६.० |
| ३. माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर | | | ५४.० |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर | | | ६७.० |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैंगिक समता सूचक (कक्षा ९-१२) | | | १.० |
| ३.४ | आधारभूत तह बाट माध्यमिक तहमा ट्रान्जिसन दर | | | ८०.० |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर | | | ६५.० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर | | | | २६.० |
| ३.७ | माध्यमिक तह कक्षा ९-१२ मा कार्यरत महिला शिक्षक संख्या | | | | ०.२ |
| ३.८ | माध्यमिक तह कक्षा ९-१२ मा अध्ययनरत विद्यार्थीहरुमध्ये<br>विज्ञान र प्राविधिक व्यावसायिक शिक्षा विषयमा भर्ना<br>भएका विद्यार्थी संख्या | विज्ञान | | | ० |
| | | प्राविधिक/ व्यावसायिक | | | ० |
| ३.९ | कक्षा १० का सिकाइ उपलब्धि अङ्कमा | नेपाली | | | ५५.० |
| | | गणित | | | ४५.० |
| | | विज्ञान | | | ५०.० |
| | | अंग्रेजी | | | ४८.० |
| ४. जीवन पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | |
| ४.१ | साक्षरता दर (१५ बर्ष भन्दा माथि | | | | ६६.० |
| ४.२ | साक्षरता दर (६ बर्ष भन्दा माथि) %) | | | | ७१.० |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह)(%) | | | | ७५.० |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ बर्ष भन्दा माथि) | | | | ०.५४ |
| ५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिक रुपले सक्रिय जनशक्ति | | | | २१.० |
| ५.२ | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति (बार्षिक संख्या) | छात्र | | | ४७ |
| | | छात्रा | | | ४१ |
| ६. सुशासन तथा व्यवस्थापन | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी- शिक्षक अनुपात ( सामुदायिक विद्यालय) | | | | २०.० |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी- शिक्षक अनुपात ( सामुदायिक विद्यालय) | | | | २४.० |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी - शिक्षक अनुपात ( सामुदायिक विद्यालय) | | | | २१.० |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी - शिक्षक अनुपात ( सामुदायिक विद्यालय) | | | | २५.० |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी - शिक्षक अनुपात | | | | ३८.० |
| ७. उच्च शिक्षा | | | | | |

| | | | | |
|---|---|---|---|---|
| ७.१ | उच्च शिक्षामा कुल भर्ना दर % | | | |
| ७.२ | उच्च शिक्षामा महिला सहभागिता अनुपात | | | |
| ७.३ | प्राविधिक उच्च शिक्षामा विद्यार्थी भर्ना दर % | | | |
| ८. शिक्षामा लगानी | | | | |
| ८.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट % | | | ३८.२८ |
| ८.२ | आधारभूत तह कक्षा (१-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रु. हजारमा) | | | |
| ८.३ | माध्यमिक तह कक्षा (९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रु. हजारमा) | | | |

धन्यवाद Û